# थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह

चौथो सत्रको नेपाली ४८३ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

# शोधपत्र


**शोधार्थी**

देवमाया लिम्बू

क्रमाङ्कः १०

र.नं. ६–१–२०३–४८–२०००

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं


२०७७

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह चौथो सत्रका छात्रा देवमाया लिम्बूले **थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो। अत्यन्तै परिश्रमपूर्वक गरिएको यस शोधपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु।

मिति : २०७७/१२/२२

........................................

(प्रा.डा. ताराकान्त पाण्डेय)

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको शैक्षिक सत्र २०७०/७१ का छात्रा देवमाया लिम्बूले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको चौथो सत्रको तेस्रो पत्रको आवश्यकता परिपूर्तिको लागि तयार पार्नु भएको **थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मूल्याङ्कन समितिद्वारा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. कृष्णप्रसाद घिमिरे (विभागीय प्रमुख) | ......................... |
| २. प्रा.डा. ताराकान्त पाण्डेय (शोधनिर्देशक) | .......................... |
| ३. प्रा.डा. महादेव अवस्थी (बाह्य परीक्षक) | ......................... |

मिति : २०७७/१२/२६

# कृतज्ञताज्ञापन

प्रस्तुत **थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिता** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु प्रा.डा. ताराकान्त पाण्डेयज्यूको निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव एवम् प्रेरणा प्रदान गर्नुहुने गुरुज्यूप्रति म हार्दिक कृतज्ञता एवम् धन्यवादज्ञापन गर्दछु।

शोधपत्रलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र तयार गर्ने अवसर प्रदान गर्नुहुने आदरणीय गुरु विभागीय प्रमुख प्रा.डा.कृष्णप्रसाद घिमिरेज्यूप्रति पनि म अत्यन्त कृतज्ञ छु। त्यस्तै शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह, सुझाव दिई मलाई उत्प्रेरित गर्नुहुने आदरणीय सम्पूर्ण गुरुज्यूहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा यस विषयसँग सम्बन्धित महत्त्वपूर्ण सामग्रीहरू, तथ्यहरू, आवश्यक सल्लाह–सुझाव एवम् प्रेरणा प्रदान गर्नुहुने आदरणीय साहित्यकार दाइ भवानी तावाज्यूप्रति विशेष धन्यवाद एवम् हार्दिक कृतज्ञताज्ञापन गर्दछु। त्यस्तै आवश्यक सल्लाह–सुझाव प्रदान गर्नुहुने दाइहरू विवश हेल्लोक र ढकबहादुर बस्नेत, साथी गोविन्द दुलाल, बहिनीहरू दिला राई र नवीना थाम्सुहाङ, भाइ डिगध्वज लावतीका साथै प्रत्यक्ष–अप्रत्यक्ष सहयोग गर्नुहुने सबैमा म आभार व्यक्त गर्दछु । यसैगरी परिवारका सम्पूर्ण सदस्यहरूलाई धन्यवाद एवम् कृतज्ञताज्ञापन गर्दछु।

अन्त्यमा, नेपाली केन्द्रीय विभागको एम.ए. चौथो सत्रको तेस्रो पत्रको प्रयोजनका लागि प्रस्तुत **थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिता** शीर्षकको यस शोधपत्र आवश्यक मूल्याङ्कनका निमित्त त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु।

........................

देवमाया लिम्बू
क्रमाङ्कः १०
स्नातकोत्तर तह चौथो सत्र
शैक्षिक सत्रः २०७०/२०७१
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौं

मितिः २०७६/१२/२२

# विषय सूची


| | | |
|---|---|---|
| शोधनिर्देशकको सिफारिस | | क |
| स्वीकृतिपत्र | | ख |
| कृतज्ञताज्ञापन | | ग |
| विषयसूची | | घ |
| सङ्क्षेपीकरण | | ज |
| **पहिलो परिच्छेद : शोध परिचय** | | **१–७** |
| १.१ | विषय परिचय | १ |
| १.२ | शोधको समस्या | २ |
| १.३ | शोधको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको औचित्य र महत्त्व | ६ |
| १.६ | अध्ययनको सीमाङ्कन | ६ |
| १.७ | शोधविधि | ६ |
| | १.७.१ सामग्री सङ्कलन विधि | ६ |
| | १.७.२ विश्लेषण सैद्धान्तिक ढाँचा र विधि | ७ |
| १.८ | शोध कार्यको रुपरेखा | ७ |
| **दोस्रो परिच्छेद : थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा, जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध** | | **८–३३** |
| २.१ | विषय प्रवेश | ८ |
| २.२ | थाम्सुहाङ पुष्प सुब्बाको जन्म सन्दर्भ | ८ |
| २.३ | बाल्यकाल | ९ |
| २.४ | शिक्षादिक्षा | ९ |
| २.५ | पारिवारिक स्थिति तथा वैवाहिक जीवन | १० |
| २.६ | आर्थिक अवस्था | ११ |

२.६.१ पेसा, व्यवसाय ११
२.७ साहित्य लेखन, प्रेरणा र प्रभाव १२
२.७.१ साहित्य सिर्जनाका गतिविधि १३
२.८ प्रकाशित पुस्तकाकार कृति १४
२.९ उत्तरवर्ती सोचका अगुवा १५
२.१० थाम्सुहाङ पुष्प सुब्बाका व्यक्तित्वका विविध पक्षहरू २१
२.१०.१ शारीरिक व्यक्तित्व २२
२.१०.२ स्वभाव/ रुचि २२
२.१०.३ साहित्यिक व्यक्तित्व २३
२.१०.४ उपन्यासकार व्यक्तित्व २३
२.१०.५ कवि व्यक्तित्व २४
२.१०.६ कथाकार व्यक्तित्व २४
२.१०.७ समालोचक व्यक्तित्व २५
२.१०.८ साहित्येत्तर व्यक्तित्व २६
२.१०.९ राजनैतिक व्यक्तित्व २६
२.१०.१० शैक्षिक सेवा तथा शिक्षक व्यक्तित्व २७
२.११ सम्मान तथा पुरस्कार २८
२.१२ थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा,जीवनी र उपन्यास लेखनका बिच अन्तः सम्बन्ध २८
२.१३ निष्कर्ष ३२

**तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक परिचय ३४–४६**

३.१ विषय प्रवेश ३४
३.२ उपन्यासको परिचय र परिभाषा ३४
३.३ उपन्यासका तत्त्वहरू ३६
३.३.१ कथानक ३७
३.३.२ पात्र वा चरित्र ३८
३.३.३ परिवेश ४०

३.३.४ उद्देश्य ४१

३.३.५ दृष्टिविन्दु ४२

३.३.६ भाषाशैली ४३

३.४ निष्कर्ष ४५

**चौथो परिच्छेद : थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासको विश्लेषण ४७–८२**

४.१ विषय प्रवेश ४७

४.२ अदृश्य व्यथा उपन्यासको विश्लेषण ४७

४.२.१ पृष्ठभूमि ४७

४.२.२ औपन्यासिक तत्त्वका आधारमा अदृश्य व्यथा उपन्यासको विश्लेषण ४८

४.२.२.१ कथानक ४८

४.२.२.२ पात्र वा चरित्र ५२

४.२.२.३ परिवेश ५८

४.२.२.४ उद्देश्य ५९

४.२.२.५ दृष्टिविन्दु ६०

४.२.२.६ भाषाशैली ६०

४.२.३ निष्कर्ष ६१

४.३ कुल्चिएको अस्तित्व उपन्यासको विश्लेषण ६२

४.३.१ पृष्ठभूमि ६२

४.३.२ औपन्यासिक तत्त्वका आधारमा कुल्चिएको अस्तित्व उपन्यासको विश्लेषण ६२

४.३.२.१ कथानक ६२

४.३.२.२ पात्र वा चरित्र ७१

४.३.२.३ परिवेश ७६

४.३.२.४ उद्देश्य ७७

४.३.२.५ दृष्टिविन्दु ७९

४.३.२.६ भाषाशैली ७९

४.३.३ निष्कर्ष ८१

**पाचौँ परिच्छेद : उपन्यासकार थाम्सुहाङ पुष्प सुब्बाका औपन्यासिक प्रवृत्तिहरू  ८३–९४**

५.१ विषय परिचय ८३

५.१.१ सामाजिक यथार्थवादी प्रवृत्ति ८४

५.१.२ विसङ्गतिवादी प्रवृत्ति ८५

५.१.३ अस्तित्ववादी प्रवृत्ति ८६

५.१.४ नारीवादी प्रवृत्ति ८८

५.१.५ मानवतावादी प्रवृत्ति ९०

५.१.६ व्यङ्ग्यात्मक शैलीको प्रयोग ९१

५.१.७ यौन विकृतिको चित्रण ९१

५.१.८ प्रगतिवादी प्रवृत्ति ९२

५.१.९ जटिल र गुम्फित भाषाशैलीको प्रयोग ९३

५.२ निष्कर्ष ९४

**छैटौँ परिच्छेद : सारांश र निष्कर्ष ९५–१००**

६.१ सारांश ९५

६.२ निष्कर्ष ९८

**सन्दर्भ सामग्री सूची १०१–१०२**

# सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| जि.क.स. | – | जिल्ला कमिटी सदस्य |
| पृ. | – | पृष्ठ |
| वि.सं. | – | विक्रम सम्वत् |
| सम्पा. | – | सम्पादक |
| नं. | – | नम्बर |
| प्र.स. | – | प्रथम संस्करण |
| दो.स. | – | दोस्रो संस्करण |
| ते.स. | – | तेस्रो संस्करण |
| चौ.स. | – | चौथो संस्करण |
| पाँ.स. | – | पाँचौ संस्करण |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| त्रि.वि. | – | त्रिभुवन विश्वविद्यालय |
| प्रा.लि. | – | प्राइवेट लिमिटेड |
| प्रा.वि. | – | प्राथमिक विद्यालय |
| यू.के. | – | यूनाइटेड किङडम |
| गा.वि.स. | – | गाउँ विकास समिति |

# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधको शोध्य विषय *थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिता* रहेको छ । यस शोध कार्यमा थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिताको परिचय दिन आवश्यक रहेको छ । थाम्सुहाङ पुष्प सुब्बा (२००५–२०७२) नेपाली साहित्यका विविध विधामा कलम चलाउन सफल साहित्यकार हुन् । सुब्बाले नेपाली साहित्यका विविध विधाहरूमध्ये कविता, कथा, उपन्यास, नियात्रा, जीवनी, समालोचना साथै लिम्बू भाषामा खण्डकाव्य र महाकाव्य जस्ता विधाहरूमा आफ्नो सिर्जनशील क्षमता देखाइसकेका छन् ।

सर्वप्रथम वि.सं. २०१९ मा 'नेपाल स्वतन्त्र राज्य' शीर्षकको कविताबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । उनले नेपली भाषा र लिम्बू भाषामा साहित्य सिर्जना गरेका छन् । उनका कृतिहरूमा लिम्बू मुन्धुमहरू र तेस्रो आयामको प्रभाव देखिन्छ । सुब्बाले नेपाली भाषामा साहित्यिक तथा साहित्येत्तर विधाका साथै लिम्बू साहित्यका नियमहरूदेखि लिएर महाकाव्यसम्म रचना गरेका छन् । उनका *इन्द्रकीलको एक तारा* (जीवनी–२०२९), *अदृश्य व्यथा* (उपन्यास–२०३०), *कुल्चिएको अस्तित्व* (उपन्यास–सन् २००५), इतनिम्हा *सम्झनाहरू* (खण्डकाव्य–२०६०), *लिम्बू भाषा–साहित्यिक स्रष्टा र दृष्टिकोण* (समालोचना–२०६१), *बिरासतको कायाकल्प* (कविता सङ्ग्रह–२०६६), *कथान्तर* (कथा सङ्ग्रह–२०६७), *मुक्खिबा फुङ* (महाकाव्य–२०६७), *सपनाको फूल* (कविता सङ्ग्रह–२०६९) प्रकाशित पुस्तककार कृतिहरू हुन् भने *चौंरी, भेडा र ठुटो रुखहरू* (नियात्रा) र *घाम नलागेको बस्ती* (कविता सङ्ग्रह) अप्रकाशित रहेको छ । विभिन्न पत्रपत्रिकामा पनि सुब्बाका फुटकर लेख रचनाहरू प्रकाशित देखिन्छन् । त्यसैगरी साहित्यिक आन्दोलनमा उत्तरवर्ती सोचको अगुवाइ गरेका सुब्बाले आफ्नो लेखनमा स्थानीय रङ्ग र विश्वको परिवेश समेतलाई उत्तरआधुनिक दृष्टिकोणबाट प्रस्तुत गरेको पाइन्छ ।

आफ्ना उपन्यासका माध्यमबाट सुब्बाले नेपाली समाजमा देखापरेका विसङ्गत परिवेशलाई चित्रात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् । विशेष गरेर यिनका उपन्यासमा विसङ्गतिवादी चिन्तनका साथै नारी अस्तित्व रक्षाका लागि गरेको सङ्घर्ष नै कथानकका रूपमा आएको पाइन्छ। थाम्सुहाङ पुष्प सुब्बाका दुई उपन्यासहरूको कृतिगत अध्ययन र चर्चा भए पनि समग्र उपन्यासकारिताको अध्ययन हुन बाँकी भएकाले यस शोध कार्यमा उनको समग्र उपन्यासकारिताको अध्ययन गरिएको छ।

## १.२ शोधको समस्या

थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख समस्या हो। यस मुख्य जिज्ञासासँग सम्बद्ध शोधप्रश्नहरू यस प्रकार छन् :

क) थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा, जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध के–कस्तो छ ?

ख) विधातात्त्विक आधारमा सुब्बाका उपन्यासहरू के–कस्ता छन् ?

ग) प्रवृत्तिगत आधारमा सुब्बाको उपन्यासकारिता के–कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

शोध समस्यामा गरिएका समस्याहरूको प्राज्ञिक समाधान गर्नु नै यस शोध कार्यको मूल उद्देश्य रहेको छ। बुँदागत रूपमा ती यसप्रकार रहेका छन् :

क) थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा, जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्धको विश्लेषण गर्नु,

ख) विधातात्त्विक आधारमा सुब्बाका उपन्यासहरूको विवेचना गर्नु र

ग) सुब्बाका औपन्यासिक प्रवृत्तिको विश्लेषण गर्नु।

## १.४ पूर्वकार्यको समीक्षा

थाम्सुहाङ पुष्प सुब्बाका साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण विभिन्न समालोचक, लेखक र पत्रकारहरूले गरेका छन् । सुब्बाले नेपाली साहित्यभन्दा लिम्बू भाषासँग सम्बन्धित साहित्य तथा साहित्येतर विधामा धेरै सिर्जना गरेको पाइन्छ । उनले लिम्बू भाषामा

कवितादेखि महाकाव्यसम्मका कृतिहरू प्रकाशित गरी आफ्नो सिर्जनशील क्षमता देखाएका छन् । डिगध्वज लावतीले २०६८ सालमा 'थाम्सुहाङको इतनिम्हामा असफल सम्बन्धका कारणहरू : एक अभिव्यक्तिवादी अध्ययन' (Case of the failure of relationship in thamsuhang's Itnimha) शीर्षकमा प्रस्तुत गरेको शोध्यपत्रमा सुब्बाद्वारा लिखित *इतनिम्हा* ( सम्झनाहरू,२०६०) खण्डकाव्यको मूल्याङ्कन गरिएको छ । उक्त शोधपत्रमा लिम्बू भाषा साहित्य र खण्डकाव्यका समस्यालाई मात्र चर्चा गरिएको छ । ती शोध्यपत्र डिगध्वज लावतीले महेन्द्ररत्न बहुमुखी क्याम्पस धरानमा प्रस्तुत गरेका हुन् । त्यसैगरी २०७१ सालमा पदमबहादुर लिम्बूले महेन्द्ररत्न बहुमुखी क्याम्पसबाट 'थाम्सुहाङ पुष्प सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण' शीर्षक राखी आफ्नो शोधकार्य सम्पन्न गरेको देखिन्छ । पदमबहादुर लिम्बूले सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वमाथि अध्ययन गरे पनि समग्र कृतिहरूको विस्तृत अध्ययन गरेको देखिँदैन ।

थाम्सुहाङ पुष्प सुब्बाका बारेमा विभिन्न लेखक तथा समालोचकहरूले विभिन्न पक्षबाट समीक्षा गरेको पाइन्छ । सुब्बाको उपन्यासकारिता सम्बन्धी शोध कार्य नभएको भएपनि उनको दुई उपन्यासमध्ये पहिलो उपन्यास *अदृश्य व्यथा* (२०३०) मा मात्र विभिन्न साहित्यकार र समालोचकले चर्चा परिचर्चा गरेका छन् । उनको दोस्रो *कुल्चिएको अस्तित्व* (सन् २००५), उपन्यासमाथि भने कुनै पनि अध्ययन र समीक्षात्मक टिप्पणी भएको देखिँदैन ।

यस शोधपत्रको तयारीका ऋममा सुब्बाका कृतित्वबारे हालसम्म जेजस्ता पूर्व अध्ययनहरू उपलब्ध छन्, तिनको यहाँ कालऋमिक रूपमा सङ्क्षेपमा समीक्षा तल प्रस्तुत गरिएको छ :

बैरागी काइँला (२०३०) ले *अदृश्य व्यथा* उपन्यासको भूमिकामा 'नेपाली साहित्यको द्यौरालीमा श्री पुष्प सुब्बा 'असीत' को यो लघु उपन्यास यौटा नवयुवक रचनाहरूको पाती हो' भनी टिप्पणी गरेका छन् ।

बैरागी काइँला (२०६०) ले *तान्छोपा पत्रिकामा* प्रकाशित 'श्री थाम्सुहाङ पुष्प सुब्बाज्यूले उठाएको भाषासम्बन्धी सैद्धान्तिक सबै कुरामा म जान्नँ । उहाँको भाषासम्बन्धी सैद्धान्तिक विवेचनामा मजस्तो कनीकुथी कविता लेख्ने साहित्यकारको पहुँच पुग्दैन' भनी टिप्पणी गरेका छन् ।

अमर तुम्याङ् र भैरव आङ्ला (२०६०) ले *जनमत पत्रिकामा* प्रकाशित 'बहुआयामिक व्यक्तित्व पुष्प' शीर्षकमा 'दार्जिलिङदेखि नयाँसडकका गल्लीहरूमा हरिभक्त कटुवालसँग ठर्राको स्वादमा बेकाइदासँग बिगारेको कुरुप अनुहार अनि झुमेर हिँडेको लुकामारी याद सँगालेर अग्लो जीउ, अग्लो जीउमाथि घीउ रङ्गको दौरासुरुवाल, त्यसमाथि कालो कोट, सधैं बलेको अनुहार, कविताले मातेका आँखा, अनि शिरमाथि भादगाउँले टोपी लाएर कहिले याङदाङ बुन्दै त कहिले फाटेको याद तुन्दै भात–तिहुन बिर्सेर कहिले कविता, कहिले कथामा, कहिले खण्डकाव्यमा, कहिले समीक्षामा त कहिले महाकाव्यको सर्गमा घोत्लिरहने पुष्प खै कस्तो पुष्प?' भनी उनको व्यक्तित्व माथि चर्चा गरेका छन्।

ईश्वर वल्लभ (2007) ले *Literature viswa parikarma January* पत्रिकामा प्रकाशित 'किनारा लाउनु साहसी काम होइन' शीर्षकको लेखमा थाम्सुहाङ पुष्प सुब्बाले योगीवादभन्दा अझै तीव्रतर रूपमा काठमाडौंको मोफसलभन्दा टाढा सुदूरपूर्वमा एउटा विचार हुर्कायो प्रकारान्तरले भनी टिप्पणी गरेका छन्।

सन्जीव उप्रेती (२०६६) ले *सुम्हा?लुङ* पत्रिकामा प्रकाशित 'उत्तरवर्ती सोच र भिन्नताको कुरा' शीर्षकमा 'उत्तर'ले नेपालका पूर्वी पहाडमा रहेकाहरूको भाषा, संस्कृति र स्वतन्त्र राजनीतिक अस्तित्वको पक्षमा साहित्य सिर्जना गर्छ। 'उत्तर' को यो दोस्रो अर्थको तहमा आइपुग्दा उत्तरवर्ती सोंच स्वायत्त जातीय प्रदेशको राजनीतिक मागसँग जोडिन पुगेको छ' भनी थाम्सुहाङ पुष्प सुब्बाले अगुवाइ गरेको साहित्यिक आन्दोलन उत्तरवर्ती सोचको बारेमा टिप्पणी गरेका छन्।

हाङयुङ अज्ञात (२०६६) ले *सुम्हा?लुङ* पत्रिकामा प्रकाशित 'उत्तरवर्ती सोच : केही सन्दर्भ केही अनुभूति' शीर्षकमा वि.सं.२०६० कार्तिकमा पान्थरको राँके भञ्ज्याङमा अग्रज कवि थाम्सुहाङ पुष्प सुब्बाको नेतृत्वमा अहिलेका यी उत्तरवर्ती साहित्यकारहरूको आह्वानमा सृजनशील साहित्यकारहरूको नादङ सम्पन्न भएको थियो भनी टिप्पणी गरेका छन्।

विजय सापकोटा (२०६७) ले *जनमत* साहित्यिक पत्रिकामा प्रकाशित 'अदृश्य व्यथा : एक परिचयात्मक टिप्पणी' नामक लेखमा युवा जीवनमा विभिन्न पक्षलाई समेटेर लेखिएको यो उपन्यासले तत्कालीन नेपाली समाजका युवाहरूका विसङ्गत अवस्थालाई प्रस्तुत गरेको छ भने नेपाली उपन्यास लेखनको तत्कालीन एक प्रवृत्तिलाई पनि प्रतिनिधित्व गर्न उपन्यास सफल देखिएको छ भनी टिप्पणी गरेका छन्।

बसन्त बस्नेत (२०७२,मसिंर १९) ले *कान्तिपुर दैनिक पत्रिकाको कोसेलीमा* प्रकाशित 'ती एक कार्बनकपी' शीर्षकमा 'चक्रव्यूह' नामक साहित्यिक मुखपत्रमा थाम्सुहाङले 'कार्वनकपीको विचार' स्तम्भलाई निरन्तरता दिएका थिए। त्यसमा सुब्बाले बैरागी काइँला, ईश्वर वल्लभ र इन्द्रबहादुर राईमाथि पालैपालो तेस्रो आयाममा रहेको अपूर्णतालाई समालोचना गरेर आफ्नो धारणा प्रस्तुत गरेका थिए । जसअर्न्तगत वल्लभले कान्तिपुर दैनिकको आफ्नो स्तम्भ 'सीमान्तवर्ती' मार्फत जवाफसमेत दिएका थिए भनी चर्चा गरेका छन्।

गिरिराज बाँस्कोटा (२०७२, कार्तिक २१) ले *नागरिक दैनिक पत्रिकामा* प्रकाशित 'उत्तरवर्ती सोचका साधक' शीर्षकको लेखमा साहित्यमा उत्तरआधुनिकताबारेको बहससँगै उत्तरवर्ती सोचको विकास भएको पाइन्छ। पुराना मान्यता र नवीन चिन्तनको संयोजित रुपबाटै यो सोचको निर्माण गरिएको पाइन्छ । यो सोच 'देशमा एकल भाषा, संस्कृतिको नाममा एकल वैश्विकरणको शुलभता लाद्दै असत्य र पहिचानरहित दिम्भ्रमित यथार्थमा अन्योलताको पिङ खेलाइराख्न चाहने उत्पीडकहरूको दिवास्वप्नबाट मुक्ति पाउन यसलाई आन्दोलनकै रूपमा आरम्भ गरेको' भनी चर्चा गरेका छन्।

सुकुम शर्मा (२०७६) ले *नेपाली भाषा–साहित्यमा आन्दोलन* नामक कृतिमा 'उत्तरवर्ती सोचका लागि साहित्यिक चक्रव्यूह परिवार गठन गरी चक्रव्यूह साहित्यिक पत्रिकाका माध्यमबाट आफ्ना विचार प्रकाशन गर्ने यो समूह पनि कविताकै केन्द्रमा क्रियाशील देखिन्छ। यस सोचका विकासमा शीर्षस्थविन्दुमा भवानी तावा, केन्द्रविन्दुमा सगुन सुसारा, मध्यविन्दुमा राज माङलाक र थाम्सुहाङ यलम्बर, कलाविन्दु समीर र मार्गविन्दुमा चाहिँ चन्द्रकला तावा (लाओती) रहेको भनी टिप्पणी गरेका छन्।

उपयुर्क्त पूर्वकार्यको समीक्षाबाट थाम्सुहाङ पुष्प सुब्बाको लेखन र उनले अगुवाइ गरेको उत्तरवर्ती सोचको बारेमा चर्चा परिचर्चा भएको देखिन्छ। सुब्बाको दुई उपन्यासमध्ये पहिलो उपन्यासको मात्र छिटफुट रूपमा चर्चा भएको देखिए तापनि हालसम्म उनको समग्र उपन्यासकारिताको अध्ययन हुन सकेको छैन। त्यसैले यस शोधपत्रमा सुब्बाका प्रकाशित दुईवटा उपन्यासहरूको विश्लेषण गरी उनको उपन्यासकारिता पहिल्याउने प्रयास गरिएको छ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

प्रस्तुत शोधकार्यमा थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारितामाथि गहन अध्ययन गरिएको छ। उनका दुई उपन्यासहरू *अदृश्य व्यथा* (२०३०) र *कुल्चिएको अस्तित्व* (सन् २००५) मध्ये पहिलो उपन्यास *अदृश्य व्यथा* मा मात्र केही अध्ययन र विश्लेषण भएको छ । दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* मा भने कुनै पनि अध्ययन र विश्लेषण भएको छैन। उनको समग्र उपन्यासकारिताको बारेमा शोधकार्य नगरिएकाले यस अध्ययनबाट शोधार्थी, उनको बारेमा जानकारी लिन चाहने, समालोचक, अनुसन्धानकर्ता र शिक्षण संस्थालाई समेत लाभ पुग्ने भएकाले यो अध्ययन महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको छ।

## १.६ अध्ययनको सीमाङ्कन

थाम्सुहाङ पुष्प सुब्बाले साहित्यका विविध विधामा आफ्नो सिर्जनशील क्षमता देखाई कृतिहरू प्रकाशित गरे तापनि प्रस्तुत शोधकार्यमा समग्र रूपमा उनको लेखनको अध्ययन नगरी हालसम्म प्रकाशित उनका दुई उपन्यासहरूलाई आधार बनाएर उनको उपन्यासकारिताको मात्र अध्ययन गरिएको छ। यो शोधकार्यमा सुब्बाको उपन्यासयात्रा, जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध, विधातात्त्विक आधारमा सुब्बाको उपन्यासकारिताको अध्ययन र प्रवृत्तिगत अध्ययनमा सीमित छ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा प्रयोग गरिने सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक ढाँचा निम्नानुसार गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थित, प्रामाणिक र विश्वसनीय बनाउन प्राथमिक स्रोतका रूपमा सुब्बाका दुई उपन्यास *अदृश्य व्यथा* (२०३०), र *कुल्चिएको अस्तित्व* (सन् २००५) लाई लिएको छ । यस शोधकार्यमा द्वितीयक सामग्रीका रूपमा पूर्वअध्ययनको कार्य, पुस्तक, लेख, समालोचना, टिप्पणी, अन्तर्वार्ता, पत्रपत्रिकाका साथै विभिन्न सान्दर्भिक सामग्रीको प्रयोग गरिएको छ। यसमा विशेषतः पुस्तकालय विधिको प्रयोग गरिएको छ। त्यसैगरी विभिन्न विषयविज्ञसँगको

छलफल र त्यसबाट प्राप्त मौखिक जानकारीलाई पनि सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक ढाँचा र विधि

प्रस्तुत शोधसमस्याको प्राज्ञिक समाधानका लागि सङ्कलित सामग्रीको अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक विधिबाट गरिएको छ भने उपन्यास विश्लेषणका लागि उपन्यासका विधागततत्त्वलाई आधार बनाइएको छ। यसअन्तर्गत : (क) कथानक (ख) पात्र वा चरित्र  (ग) परिवेश (घ) उद्देश्य (ङ) दृष्टिबिन्दु (च) भाषाशैलीलाई आधार मानिएको छ। प्रवृत्तिगत निरुपणका लागि उपन्यासमा प्रस्तुत विषयवस्तु तथा विचार पक्षलाई मुख्य आधार बनाइएको छ। यसैगरी उपन्यास लेखनमा शोधनायकका जीवनीको अन्तःसम्बन्धको विश्लेषण गर्दा जीवनीपरक समालोचनाको उपयोग गरिएको छ भने उपन्यासको विश्लेषण मुख्यतः पाठ विश्लेषण पद्धतिका आधारमा गरिएको छ।

## १.८ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ। उक्त परिच्छेदहरूलाई पनि आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ। प्रस्तुत शोधकार्यको रुपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा, जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध

तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक परिचय

चौथो परिच्छेद : थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासको विश्लेषण

पाँचौ परिच्छेद : उपन्यासकार थाम्सुहाङ पुष्प सुब्बाका औपन्यासिक प्रवृत्तिहरू

छैटौँ परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भ सामग्री सूची

# दोस्रो परिच्छेद

# थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा, जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध

## २.१ विषय प्रवेश

नेपालको पूर्वीपहाडी भेगमा अवस्थित मेची अञ्चल पाँचथर जिल्लाको उत्तरी क्षेत्रमा पर्ने कछाड क्षेत्रमा रहेको फिदिम नगरपालिका याङ्नाममा जन्मेका थाम्सुहाङ पुष्प सुब्बाले साहित्यका विभिन्न विधामा आफ्नो सिर्जनशील क्षमता देखाएका छन् । पूर्वीय र खासगरी लिम्बू सांस्कृतिक मिथक र बिम्बहरूलाई प्रयोग गर्ने सुब्बाको लेखनशैली जटिल हुने गर्दछ । उनका समकालीनहरूले सहर रोजे, सुविधा रोजे र कतिपय अवस्थामा अवसरवादी भएर सुब्बाभन्दा धेरै अघि बढे तर सुब्बाले भने आफ्नो जीवन रहुन्जेल गाउँ नै रोज्न पुगे । उनले जीवनमा घटेका घटनाहरूकै पृष्ठभूमि र प्रभावमा सिर्जना गरेको देखिन्छ । उनको उपन्यासकारिताको अध्ययन गर्ने सन्दर्भमा उनको जीवनी र साहित्यिक यात्राको अध्ययन पनि सान्दर्भिक देखिन्छ । यसबाट उनको औपन्यासिक रचनाधर्मिताको विकासक्रम बुझ्न सजिलो पर्दछ । त्यसैले यस परिच्छेदमा थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा, जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्धको विश्लेषण गरिएको छ ।

## २.२ थाम्सुहाङ पुष्प सुब्बाको जन्म सन्दर्भ

थाम्सुहाङ पुष्प सुब्बाको जन्म पिता श्री भक्तशेर थाम्सुहाङ र माता पम्फावती जवेगुका साहिँला पुत्रका रूपमा वि.सं.२००५, माघ ७ गते पाँचथर जिल्लाको याङ्नाममा भएको हो । उनी मध्यम वर्गीय लिम्बू परिवारमा जन्मेका हुन् । सुब्बाले बाल्यकालमा कुनै पनि आर्थिक सङ्कट र बाधा व्यवधान झेल्नु परेन । उनको बाल्यकाल, किशोरवस्था तथा बाँचुन्जेलसम्म पाँचथरको याङ्नाममा पर्ने लुङचोथवा गाउँमा नै बितेको थियो । यस क्षेत्रमा विशेषगरी लिम्बू जातिको बसोबास रहेको छ । 'उनी आफ्नो नाम अनुरुप नै नेपाली भाषासाहित्य र लिम्बूसाहित्यमा फुलिरहेका थिए । जीवनमा आइपरेका अप्ठ्याराहरूलाई तोड्दै उनले साहित्य सिर्जनालाई अझ तिर्खादै लगे र एक उत्कृष्ट प्रतिभाशाली स्रष्टा बन्न सफल भए' (सुदामा, २०६७, पृ.२८) । थाम्सुहाङ पुष्प सुब्बा बहुआयामिक व्यक्तित्वका साथै साहित्यिक क्षेत्रमा बहुमुखी प्रतिभाको

रूपमा देखा परे । आज उनी यस संसारमा नरहे तापनि उनका कृतिहरूले उनलाई जीवन्त बनाइरहेका छन् । उनी ६७ वर्ष पुग्दा याङनाम, पाँचथरमा आफ्नी धर्मपत्नी कुमारीका साथमा जीवन गुजारा गरिरहेको समयमा उच्च रक्तचाप, पक्षघात र नसा सम्बन्धी रोगबाट पीडित भई उपचार गर्ने क्रममा २०७२ साल मङ्सिर १५ गते मंगलबारका दिन उनको निधन भयो (भवानी तावाबाट प्राप्त जानकारी, २०७६) ।

## २.३ बाल्यकाल

पाँचथर जिल्लाको फिदिम नगरपालिका वडा नं.१ याङ्नाममा जन्मेका थाम्सुहाङ पुष्प सुब्बाको बाल्यकाल, किशोरावस्था र बाँचुन्जेलसम्म यही बितेको पाइन्छ । प्रत्येक व्यक्तिको बाल्यकाल भनेको जीवनको प्रारम्भिक अवस्था हो । जीवनका अवधिभरमा व्यक्ति कुन स्तरको बन्ने हो भन्ने कुरा बाल्यकालबाटै निर्धारण हुन्छ । 'हुने बिरुवाको चिल्लो पात' भनेझै उनी सानैबाट जिज्ञासु, परिश्रमी र लगनशील थिए । उनको बाल्यकाल सुखमै बितेको देखिन्छ । उनको पितालाई विद्या सम्बन्धी सचेतताका कारण उनी लगायत दाजु भाइहरूको शिक्षा घरबाट नै आरम्भ भएको थियो। त्यसो र उनको बाल्यकालमै शिक्षारम्भ भएको थियो' (लिम्बू, २०७१, पृ.७)। पाँच वर्षको उमेरदेखि नै उनको शिक्षा प्रारम्भ भएको हो । आफ्नो बाल्यकाल घाँस, दाउरा, गोठालो गर्दा–गर्दै बिताएका थिए । बाल्यकालमै उनी रोगी थिए । उनी सोझो स्वभावका थिए । उनी प्रतिभाशाली बालकका रूपमा रहेको कुरा उनको समकालीन मित्र राजेन्द्र जवेगु (२०७६) बताउँछन् ।

## २.४ शिक्षादीक्षा

थाम्सुहाङ पुष्प सुब्बाले शिक्षा आरम्भ गर्ने समयमा देशमा राजनैतिक सङ्क्रमणको समय थियो । 'प्रजातन्त्रको स्थापना भर्खर भएको यस समयमा प्रायः सबैजसो कुराहरू नयाँ थिए । राणाहरूको जगजगी सकिएको थिएन । विद्यालयहरू व्यवस्थित रूपमा खुलिसकेका थिएनन् । पहाडी दुर्गम गाउँमा शिक्षाको पहुँच पुगेको थिएन । प्रजातन्त्र स्थापना भएको समयमा नेपाल भरीमा ३ सय २१ प्रा.वि., ११ वटा मा.वि. र १ वटा महाविद्यालय स्थापना भएको थियो' (लिम्बू, २०७१, पृ.८) । यस्तो समयमा पाँचथरका कुना–कुन्दारामा शिक्षाको ज्योति फैलिनको लागि सम्भावना कम थियो तैपनि शिक्षाप्रतिको सचेतताका कारण पिता भक्तशेरले दार्जिलिङबाट

आइतसिंह तामाङ नाम गरेका शिक्षक झिकाई गाउँका केटाकेटीहरूलाई अनौपचारिक रूपमा शिक्षा प्रदान गर्नको निम्ति भूमिका खेले, दार्जिलिङका शिक्षकले थाम्सुहाङ पुष्प सुब्बा लगायतका गाउँको बाल–बच्चालाई शिक्षा प्रदान गर्ने काम गरे। विशेषगरी उनलाई ५ वर्षको उमेरमा आइतसिंह तामाङ र आफ्नै पिता भक्तशेर थाम्सुहाङबाट शिक्षा प्रदान भएको हो ( भवानी तावाबाट प्राप्त जानकारी, २०७५) । गाउँमा शिक्षाको ज्योति विस्तारै–विस्तारै फैलिन थाल्यो । यसै क्रममा याङनामको विभिन्न ४ स्थानमा औपचारिक विद्यालय सुरु भयो । उनले वि.सं.२०१० बाट औपचारिक शिक्षाको थालनी यही याङनामको श्री सिद्धिकाली मिडिल स्कुलबाट सुरु गरेका हुन् । वि.सं.२०२५ मा उनले फिदिमबाट द्वितीय श्रेणीमा मेट्रिक पास गरे। त्यस समयमा उच्च शिक्षा हासिल गर्नको निम्ति पाँचथरमा सुविधा थिएन । त्यसकारण उच्च शिक्षा हासिल गर्न उनी धनकुटा बहुमुखी क्याम्पस गएर प्रविणता प्रमाण–पत्र उर्तीण गरे (बि.बि.मुरिङ्लाबाट प्राप्त जानकारी, २०७५)। उनको आइ.ए.पछिको शिक्षा अनौपचारिक रूपमा अघि बढेको पाइन्छ । उनको औपचारिक शिक्षा भने प्रमाण–पत्र तहसम्म मात्रै सीमित भएको देखिन्छ।

## २.५ पारिवारिक स्थिति तथा वैवाहिक जीवन

व्यक्तिको जीवनमा परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय सम्बन्ध गाँसिएको हुन्छ। व्यक्ति परिवारविना रहन र बाँच्न सक्दैन, एउटा व्यक्तिको उन्नति र प्रगतिका लागि उसको परिवारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । संसारमा ठुला–ठुला व्यक्तिहरूको प्रगतिको सुरुवात पनि परिवारबाटै हुने गर्छ। उनको प्रगतिमा पनि उनको परिवारको ठुलो योगदान देखिन्छ।

थाम्सुहाङ पुष्प सुब्बाले तीनवटा विवाह गरेको देखिन्छ। बाल–विवाहको प्रचलन भएको समयमा उनको पनि बाल–विवाह भएको थियो। उनको पहिलो विवाह २०१८ सालमा १३ वर्षको उमेरमा कविहाङ्मा इङनामसँग भएको थियो। अपरिपक्व उमेर भएकै कारण वैवाहिक जीवन सफल हुन सकेन। आइ.ए.पढ्दै गर्दा उनले दोस्रो विवाह गरे। यो प्रेम विवाह थियो। विद्यार्थी जीवनकालमै पञ्चायत विरोधी चेतना भएका उनले निर्वासित जीवन बिताउनु पऱ्यो। उनको यही समयमा दोस्री श्रीमतीले अर्कोसँग विवाह गरिन्। त्यस समयमा सुब्बाले भने नेपालको निरङ्कुश राजनीतिका कारण भागेर भारतको सिक्किमतिरै जीवन बिताइरहेका थिए । सिक्किममा निर्वासनमा रहेकै बेला उनले तेस्रो विवाह गरे। तेस्रो विवाह गरेपछि मात्रै उनको वैवाहिक जीवन

पूर्ण भयो (भवानी तावाबाट प्राप्त जानकारी, २०७६) । उनीहरूबाट दुई छोरी र पाँच छोराहरू जन्मिए। छोरीहरू फुङवा, तियाहा र छोराहरू कुसुम, वारङ, यलम्बर, सिकुम्म र मिक्की रहेका छन्। उनले आफ्ना सन्तानहरूको नाम लिम्बू भाषामै राखेका छन्। उनको सिक्किमसम्म पहुँच रहेकाले छोराहरूलाई उतैतिर पढाएको देखिन्छ।

## २.६ आर्थिक अवस्था

थाम्सुहाङ पुष्प सुब्बाको आर्थिक अवस्था मध्यम वर्गीय रहेको देखिन्छ। पुरानै समयमा शिक्षा क्षेत्रमा अगुवा बनेका उनलाई पेसाको खासै समस्या थिएन। याङ्नाम गा.वि.स.कै पहिलो एस.एल.सी (एसईई) पास गर्ने व्यक्ति हुन्। त्यसैले उनलाई पेसाको बारेमा कुनै समस्या भएन। उनको पैतृक सम्पत्ति पनि राम्रै भएकोले आर्थिक अवस्था राम्रो थियो। सामान्य खान लगाउन दुःख थिएन। पैतृक सम्पत्तिको राम्रै जोहो थियो (भवानी तावाबाट प्राप्त जानकारी, २०७६)। त्यसकारण उनको सुरुको आर्थिक अवस्था राम्रो देखिन्छ।

वि.सं.२०२७ बाट नै उनी जागिरतिर लागे। उनले जागीर गर्ने क्रममा साझा केन्द्रका प्रशासकीय अधिकृत, मा.वि.का शिक्षक जस्ता पदमा रही सेवा गरेको पाइन्छ। सेवा निवृत्त भएका दिनहरूमा पनि उनी लेखन कार्यमा व्यस्त देखिन्थे। विशेषगरी उनको आर्थिक स्रोत भनेको खेतीपाति, लेखकस्व र पुरस्कार आदि थियो।

### २.६.१ पेसा, व्यवसाय

थाम्सुहाङ पुष्प सुब्बा विशेषगरी लेखक हुन् तैपनि जीवनका पूर्वार्द्धमा उनले विभिन्न क्षेत्रमा जागीर गरेका थिए। उनले २०२७ सालमा याङ्नामको निम्न माध्यमिक निम्न माध्यमिक विद्यालयका संस्थापक प्रधानाध्यापक बनेर काम गरेका थिए। त्यसपछि उनले साझा केन्द्र पाँचथरका प्रशासकीय अधिकृत बनेर वि.सं.२०४१ सम्म कार्य गरे। वि.सं.२०४२ देखि फेरि शिक्षण पेसामा आवद्ध भए। उनले माध्यमिक शिक्षकका रूपमा वि.सं.२०४२ देखि २०५० सम्म याङनाम मा.वि.मा मात्र काम गरेका थिए। जागीर छाडेपछि भने उनी निरन्तर साहित्य सिर्जनामा लागि परेको देखिन्छ। उनको अर्को मुख्य पेसा कृषि रहेको पाइन्छ। खेतीपाती तथा पशुपालन उनका आर्थिक उपार्जनका स्रोत हुन्। उनी विभिन्न समयमा पत्र–पत्रिकाको सम्पादन गर्ने, भाषाको

सेवा गर्ने जस्ता साहित्यिक कामदेखि लिएर प्रजातन्त्रका लागि सङ्घर्ष गरेका उनको अर्को पेसा राजनीति पनि थियो (भवानी तावाबाट प्राप्त जानकारी, २०७५)।

## २.७ साहित्य लेखन, प्रेरणा र प्रभाव

थाम्सुहाङ पुष्प सुब्बा पुस्तकहरू किनेर अध्ययन गर्दथे । उनी राणाशासन कालमा जन्मिएका हुन् । उनले अध्ययन गर्ने समयमा पञ्चायती निरङ्कुश शासन व्यवस्था चलिरहेको थियो । उनी पनि तत्कालीन व्यवस्थाको विरोधमा लागेका थिए । उनले अध्ययन गर्दा भारतको दार्जिलिङमा आयामेली आन्दोलन चल्दै थियो । यता नेपालमा भने मोहन कोइराला थालनी भएको थियो । त्यसै समयको जल्दो–बल्दो उमेर भएकाले उनमा पनि प्रयोगवादी साहित्य सिर्जनाको प्रभाव पर्न गयो । उनी आफू लिम्बू भएको र यसै समुदायमा हुर्केकोले उनमा स्वभाषाका मुन्धुमहरू सुन्ने मौका मिल्यो, जसले गर्दा पछि गएर उनको साहित्य सिर्जनामा तेस्रो आयाम र मुन्धुमहरूको प्रभाव रहेको कुरालाई स्वीकार गरेको पाइन्छ । उनमा तेस्रो आयामको प्रभाव रहेको पाइन्छ। नेपाली साहित्यकार बैरागी काइँला र विदेशी साहित्यकारमा खलिल जिब्रान उनका मन पर्ने साहित्यकारहरू हुन् । उनले बिम्बात्मक सम्प्रेषणका हकमा खलिल जिब्रानलाई अनुशरण गरेका छन् । दर्शनमा भौतिक जगत्का व्याख्याता सावा येहाङलाई रुचिका व्यक्तित्व मानेको देखिन्छ (भवानी तावाबाट प्राप्त जानकारी, २०७५)।

थाम्सुहाङ पुष्प सुब्बाले सानै उमेरदेखि आफ्नो भाषा संस्कृतिप्रति सचेत बन्दै आफ्नो जातिका संस्कारहरूमा भएका विभिन्न विशिष्टताहरूलाई गहिरो गरी अध्ययन गरेका थिए। त्यसै समयमा आयामेली साहित्यिक आन्दोलनले मिथकीय प्रयोगलाई महत्त्व दियो । साहित्यमा छुट्टै दृष्टिकोणको स्थापना गऱ्यो । त्यसकै सहज प्रभाव साहित्यकार सुब्बामा पनि पऱ्यो । उनले बिम्बात्मक सम्प्रेषणयुक्त साहित्यिक रचनाहरूलाई गहिरिएर अध्ययन गरी सोही अनुरुप अन्र्तपाठकीय दृष्टिकोण प्रस्तुत गर्दै साहित्य सिर्जना गर्न थाले।

सुब्बामा प्रजातान्त्रिक चेतना प्रवल रूपमा रहेको थियो। उनका रचनाहरूमा राजनीतिको अप्रत्यक्ष प्रभाव देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाको जस्तै राजनीतिभन्दा छुट्टै लेखन नभई उनका रचनाहरूमा राष्ट्रिय तथा सामाजिक विकृति, विसङ्गति आदिका अनेक पक्षहरूलाई

उजागर गर्दै सुधारात्मक सन्देशहरू रहेको पाइन्छ। यस्ता विचारहरूमा राजनीतिले प्रत्यक्ष प्रभाव पार्ने गर्दछ।

सुब्बाका नेपाली भाषाका सबैजसो रचनाहरूमा तेस्रो आयामको प्रभाव रहेपनि *इन्द्रकीलको एक तारा* जीवनीमा भने स्वजातीय प्रभाव स्पष्ट रहेको छ । उनका लिम्बू भाषी रचनाहरूमा आफ्नो जीवनमा भोग्नु परेका कतिपय तिता-मिठा अनुभव, अप्ठ्यारा र विसङ्गतिपूर्ण भोगाइहरूलाई नै समेट्ने कोशिस गरेको देखिन्छ । त्यसैगरी नेपाली भाषी रचनाहरूमा पनि धेरै जसो विसङ्गतपूर्ण भोगाइलाई नै चित्रण गरेको देखिन्छ । 'काव्यहरूमा बिम्बात्मक र मिथकीय प्रयोगले उनका रचनाहरूमा गम्भीरता अनि क्लिष्टता रहेको देखिन्छ । यस कोणबाट हेर्दा साहित्य सिर्जनाका क्षेत्रमा घनत्ववादी चिन्तन र विनिर्माणवादी सोच नै साहित्य सिर्जनाको प्रेरणा बनेको स्पष्ट हुन्छ' (तिम्सिना, २०७१,पृ.१२) । यसरी उनको साहित्य सिर्जनाको प्रेरणा उत्तरवर्ती सोच र स्वजातीय पुर्नजागरणको चिन्तन रहेको देखिन्छ।

## २.७.१ साहित्य सिर्जनाका गतिविधि

थाम्सुहाङ पुष्प सुब्बा राणा शासनकालमा जन्मिएर निरङ्कुश पञ्चायती कालमा हुर्किएका र त्यस व्यवस्थाका अप्ठ्याराहरूमा उनले भोगेका यथार्थ जीवनलाई आफ्नो सिर्जनाको स्रोत बनाएका छन् । उनले १४ वर्षको सानै उमेरमै पहिलो कविता लेखे । प्रचलित मुन्धुमहरू र तेस्रो आयामको प्रभावबाट उनको साहित्य सिर्जना प्रारम्भ भएको हो । उनी साहित्य सिर्जनाका साथै मातृभाषाको सेवा गर्न भनेपछि हुरुक्क हुन्थे (भवानी तावाबाट प्राप्त जानकारी, २०७६) ।

वि.सं.२०१९ मा *मेची* पत्रिकामा 'नेपाल स्वतन्त्र राज्य' शीर्षकको कविता प्रकाशित गराएर सुब्बा साहित्य क्षेत्रमा अघि बढेका हुन् । 'उनका लागि साहित्य जीवनका मुख्य पाटा रहेकाले उनी बाँचुन्जेल यसमै सक्रिय भएर अघि बढि रहे । उनको जीवन विसङ्गतपूर्ण थियो । यसै भोगाइलाई साहित्यमा उतार्दा उनी वैचारिक अवस्थालाई पनि ध्यान दिने गर्थे । गाउँमा बसी देश देशान्तरको तस्बिर साहित्यमा खिच्ने, विचार दिने र सार्वजनिक बहसमा रुचाउने थाम्सुहाङले आफ्नो लेखनलाई दोहोऱ्याएर पढ्न बाध्य तुल्याउँछन्' (बाँस्कोटा, २०७२,पृ.८) ।

'तेस्रो आयामको 'वस्तुता' देखि 'सम्पूर्णता' जस्ता विचारप्रति प्रतिवाद गर्दै उनले कविता र समालोचना लेखे । ऐनमौकामा 'असित' उपनाम राखेर उनले कविता विधामा कलम चलाउने

प्रयास गरे तर पछिल्लो कालमा उनको नाम 'थाम्सुहाङ पुष्प सुब्बा' प्रचलनमा रहन गयो । साहित्यमा 'स्व–पहिचान' को उनको आग्रह नामबाटै झल्किन्थ्यो । किरात याक्थुङ चुम्लुङले उनलाई 'लिम्बू वाङ्मयका महाकवि' का रूपमा अभिनन्दन गऱ्यो' (बस्नेत, २०७२,पृ.ङ) ।

उनले १४ वर्षको उमेरमा साहित्य सिर्जना गर्न थाल्दा लेखक साथी कोही पनि थिएनन् । उनी ६७ वर्ष बाँचुन्जेल आफ्नै धुनमा साहित्य सिर्जना गरिरहे । पछिल्लो समयमा उनी साहित्यिक सिर्जनाभन्दा पनि अनुवाद गर्ने कार्यमा व्यस्त थिए । यस विषयमा उनी भन्थे, 'अब त मातृभाषा नै खस्कँदो अवस्थामा भएकाले साहित्य रचना गर्नुभन्दा लेखिएका पुस्तकलाई नेपालीमा अनुवाद गर्नुपर्ने अनुभूत भएको छ (भवानी तावाबाट प्राप्त जानकारी, २०७५) । तसर्थ उनमा आफ्नो मातृभाषाप्रति धेरै नै लगाव रहेको बुझ्न सकिन्छ किनभने उनले आफ्नो जीवनको उत्तार्ध अवस्थामा नेपाली भाषाका साहित्य सिर्जनाभन्दा पनि लिम्बू भाषाका साहित्य सिर्जनामा अघि बढेको देखिन्छ ।

यस प्रकार उनी आफू बाँचुन्जेल नेपाली साहित्य र लिम्बू भाषाका साहित्यमा सक्रियताका साथ अघि बढिरहेका थिए । उनी अझ केही साहित्यिक सिर्जना गरेर नेपाली साहित्य र लिम्बू भाषा साहित्यमा योगदान गर्न चाहन्थे तर असामयिक दैहिक अवसानले गर्दा उनको सपना अधुरो रहन गयो ।

## २.८ प्रकाशित पुस्तकाकार कृति

थाम्सुहाङ पुष्प सुब्बाको नेपाली र लिम्बू भाषामा गरी डेढ दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् । ११ वटा कृतिहरू भने लिम्बू भाषासँग सम्बन्धित छन् । उनले २०२९ सालमा पहिलो कृतिका रूपमा 'इन्द्रकीलको एक तारा' नामक जीवनी प्रकाशित गरे । साहित्यको विभिन्न विधाहरूमध्ये उनले खासगरी कविता र समालोचनामार्फत आफ्नो रचनाकौशल प्रस्तुत गरेका छन् । सामाजिक परिवर्तन, नवीन सोच, जीवनदृष्टि उनका लेखनका विशेषता हुन् । त्यस्तै विभिन्न पत्र–पत्रिकामा आफ्ना लेख रचना प्रकाशित गरेको पाइन्छ । उनले नेपाली भाषा र लिम्बू भाषामा थुप्रै साहित्यिक कृतिहरू प्रकाशित गरिसकेका छन् । यहाँ भने उनका नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरूको मात्र विवरण प्रस्तुत गरिएको छ, जुन यस प्रकार रहेको छ :

**क) उनका प्रकाशित कृतिहरू**

| क्र.सं. | कृतिहरू | विधा | प्रकाशन मिति | प्रकाशन संस्था/व्यक्ति र स्थान |
|---|---|---|---|---|
| १. | *इन्द्रकीलको एक तारा* | जीवनी | वि.सं.२०२९ | श्री जसहाङ मादेन, दार्जिलिङ |
| २. | *अदृश्य व्यथा* | उपन्यास | वि.सं.२०३० | श्री राज प्रकाशन, दार्जिलिङ |
| ३. | *कुल्चिएकोअस्तित्व* | उपन्यास | सन् २००५ | निर्माण प्रकाशन, सिक्किम |
| ४. | *बिरासतको कायाकल्प* | कविता सङ्ग्रह | वि.सं.२०६६ | नौलो साहित्यिक विहान प्रतिष्ठान, पाँचथर |
| ५. | *कथान्तर* | कथा सङ्ग्रह | वि.सं.२०६७ | रुपनारायण जवेगू, पाँचथर |

**ख) उनका अप्रकाशित कृतिहरू यसप्रकार छन् :**

(क) 'घाम नलागेको बस्ती' (कविता सङ्ग्रह)

(ख) 'चौंरी, भेडा र ठुटो रुखहरू' (नियात्रा)

## २.९ उत्तरवर्ती सोचका अगुवा

थाम्सुहाङ पुष्प सुब्बाले नेपाली साहित्यमा आमूल परिवर्तनका निम्ति उत्तरवर्ती सोचको अगुवाइका साथ पाइला चालेका थिए । 'सुब्बाकै नेतृत्वमा सृजनशील साहित्यकार र उत्तरवर्ती सोचका समर्थक कविहरूको भेला भएको थियो । उक्त भेलाले उत्तरवर्ती सोच अभियानको घोषणा गरेको थियो । परम्परागत मूल्यमान्यता र आधुनिकताको संयोजनबाटै उत्तर–आधुनिक सोचको निर्माण गर्नु उत्तरवर्ती सोचको ध्येय हो । उनी आफ्नो सिर्जनामा स्थानीय रङ र विश्व परिवेश समेतलाई उत्तरआधुनिक दृष्टिकोणबाट प्रस्तुत गर्न खप्पिस थिए । वि.सं.२०६० कार्तिक २१ गते पाँचथरको राँके भञ्ज्याङमा सृजनशील साहित्यकारहरूको भेलाले उत्तरवर्ती सोच अभियानको घोषणा गऱ्यो । यसका व्याख्याता, विश्लेषणकर्ता र समालोचक उनै हुन्' (बाँस्कोटा, २०७२ पृ.८) ।

त्यसैगरी ‘राजधानीले मोफसलको जीवन लेख्न नसक्ने जिकिर गर्दै पान्थरबाट पनि ‘उत्तरवर्ती सोच’ का नाममा आन्दोलन गर्न र आन्दोलनको मुखपत्र ‘साहित्यिक चक्रव्यूह’ प्रकाशन गर्न निर्णय गर्‍यो । थाम्सुहाङ पुष्प सुब्बा र भवानी तावाका कविताकृतिहरू पनि प्रकाशन गर्न मिलेमतो भयो’(अज्ञात, २०६६, पृ. ४३) । यही सोचलाई समर्थन गर्दै भवानी तावा, राज माङलाक, श्रीजंग राई, थाम्सुहाङ यलम्बर, प्रकाश थाम्सुहाङ, चन्द्र योङ्या, समीर, इन्दु फोम्बो, बसन्तकुमार बस्नेत, पृथराज थेगिम, सगुन सुसारा, एल.वी. ‘अगेन’ नेम्बाङ, विनोद कुगेनाम्बा, मेदिनी ‘पायअस’ लिम्बू, चन्द्रवीर तुम्बापो, नवीन नोयेन, दिपेन्द्र खालिङ, समीप साम्पाङ जस्ता युवाहरू आफ्नो सिर्जनामार्फत अघि बढिरहेका छन् (भवानी तावाबाट प्राप्त जानकारी, २०७६) ।

यो आन्दोलनमा लाग्नेले किराती भाषा, कथा र मिथकलाई नवीन रूपमा साहित्यमा उतारेका छन् । ‘उत्तरवर्ती सोचले सातवटा बुँदालाई आफ्नो प्रमुख आधार बनाएको छ, ती हुन् : तथाकथित भूमण्डलीकरणको अस्विकार, समग्रतावादी सार्वभौमिक सत्यको अस्विकार, स्व–स्वायत्तता र आत्मनिर्णयको अधिकारको दावी, बहुलवादी नेपाली साहित्यमा नयाँ अस्तित्वको दावी, नेपाली साहित्यमा समग्र राष्ट्रिय साहित्यको समान मान्यताको दावी अनि उत्तरआधुनिक साहित्य निर्माणमा पूर्वीय चिन्तनको सैद्धान्तिक खोज’ भनेका छन् (बाँस्कोटा, २०७२, पृ. ८) । उत्तरवर्ती सोचका कविहरूले यही सिद्धान्तमा केन्द्रित रहेर आफ्ना सिर्जनामार्फत भाव प्रकट गरेका छन् । ती कविताहरू यस प्रकार रहेको छ :

**भवानी तावा**

तिमी
मदेखि प्रकाशवर्ष टाढा भैसक्यौ
के थाहा ?
एकल प्रेमको परिणाम
जुरेली चराको चिर्वीर
निर्मोही मयालु त हाँस्दै होली
तर म कसैको खसम भए पो
मेरो मृत्यु सार्थक हुन्थ्यो ।

**राज माङलाक**

स्काइब्रिजमा चढेर भोलिको बिहान तन्काउँदैछु
टेलिग्राम छेउमा सलाम टाँगिएको जिन्दगीबाट।

**थाम्सुहाङ यलम्बर**

यात्रामा छु
तिमीहरूको झैं मौन यात्राले
मेरो इतिहास हराएको छु
चाहार्छु / खोज्छु / कराउँछु / विज्ञापन गर्छु
इतिहास कुन कुनामा मरिमरि
खित्का छोडीरहेछ !

**समीर**

मेरो अट्टहासले हाँस्छ ... केवल
मेरो खोकिलाको लुसिफर ...
जिउँदिनूमा..., जुडासको सिक्का चपाउदै।
मलाई नाऊ पनि चाहिन्न
किनकी मैले नशा लिइन।
नशाले मलाई लिएन।

**बसन्तकुमार बस्नेत**

झुक्याएर मलाई
र म जस्ता थुप्रै...लाई
पट्टि बाँधेर आँखामा
गराएछौ सहीछाप
तिम्रो प्रस्ताव
र तिम्रै मात्र निर्णयमा
अचेतन भएको बेला
अन्धो भएको बेला
ल्याप्चे लगाएछौ बुढीऔँला
कालो तिम्रो रजिस्टरमा।

**सगुन सुसारा**

चेतनाको नियतिबाट ब्यूझँदा
सनाखत कालो छ
यही एउटा कालो प्रश्न बन्छ
खै स्वतन्त्र बाटाहरू ?

**विनोद कुगेनाम्बा**

मेरो पुराना कथाहरू
म बिर्सदैं छु
छोरा नमान्न सक्छ
मभन्दा बूढो हुन सक्छ,
त्यसबेला–लौरा र अनौहरू समाउनु छाडेर
डोको र ढाकर पनि फालेर
म मरि–मरि हाँस्छु।

**प्रकाश थाम्सुहाङ**

यौटा समय
निथ्रुक्क भिजेको मुसाझैं
सारा अवयव शिथिल भएर मुर्झाएका मान्छेहरू,
इतिहासको कुनै पात्र
आफ्नो सीमाबाट बाहिर फुत्त निस्केर
एकाएक राजनीतिमा उदाएको परिदृश्य–मा
बिस्मीत म !
धरहरा नजिक उभिए रमिता हेर्दै थिएँ,

**मेदिनी 'पायअस' लिम्बू**

पूर्खा सुधो भएकै कारण
युगीन दासताको थोरै रौनक

वर्तमानमा पनि 'म' माथि
प्याकप्याक्ती धावा बोल्दैछु
मैले त्यसको विरुद्ध एम्बुस थाप्ने
ल्याकत जम्मा गर्नै पर्ने भयो।

**इन्दु फोम्बो**

कथा भन्नु पनि जिन्दगीको समानान्तर रेखा हो
रेखा भन्नु पनि जिन्दगीको समानन्तरता हो
तैपनि यहाँ कथापात्रहरू खोज्दा–खोज्दै
कहिलेकहिँ समयसँगै जिन्दगी लाप्पा पर्न तयार हुन्छ।

**पृथराज थेगिम**

चित्कार गुञ्जिरहेकाछन्
ती चुरेसृंखलाहरू रोइरहेकाछन्
ती हिमालयका हिमसृखंलाहरू
टोलाइरहेकाछन्।
ती उपत्यका फाँटहरू, पहाडी पर्वतहरू
सबका सब चिच्याइरहेकाछन्।

**एल.वी. 'अगेन' नेम्बाङ्**

परापूर्व कालदेखि
पूर्खादेखि अंगाल्दै आएको
एक पुस्ता
अर्को पुस्ता
पुस्ता पुस्ता
हुँदै आजतक
सम्म आएको छ।

**चन्द्रवीर तुम्बापो**

के त्यो परदेशले कालो रातको बर्को फालेर
पहेलो दिनको दोसल्ला नओड्ने ?
बन्द भएको समयको चाबी नघुमाउने ?
कि त्यही बलिको बोको मात्र बनेर
मीठो र स्वादिष्ट भोजन बनिरहने....?

**श्रीजङ राई**

अलिकति सभ्यताको खोल ओढ्दा
सम्झें प्रतिनिधि र निशानाबाज
पारुहाङ्गको छायाँमा
धनु लिएर
ताँदो चढाउन लागेको थियो
तर,
सभ्यताको खोलभित्रबाट
हुमाङ्ग उडाइएछ।

**चन्द्र योङ्या**

धार्नीको रेजाहरू
बिसौलीको रेजाहरू
आठबलको रेजाहरू
समातिन्छन् / समातियो
गुलाव फूल किन्न
दूबो फूल साट्न
किरिङ मिरिङ मोतीहरू झै अत्तालिएर

(*साहित्यिक चक्रव्यूह,* वर्ष १-४, अङ्क १-३, २०६०, ६३) लगायतका कविताहरू प्रस्तुत गरेर वर्तमान अवस्थासम्म सक्रिय रूपमा अघि बढेको देखिन्छ।

सुब्बाका अनुसार सत्ता, शक्तिद्वारा दमित, आफ्नै ऐतिहासिक प्रस्तावनाबाट लखेटिएका, भाषिक र सांस्कृतिक सम्पदाबाट विस्थापित, शोषण, दमन र निरीहताले कुण्ठित आदिवासी, जनजाति र सीमान्तकृत जनजातिहरूको अस्तित्वबोधको आन्दोलन एवम् अधिकार प्राप्तिको मार्ग हो, उत्तरवर्ती सोच' (बाँस्कोटा, २०७२, पृ.८)। सुब्बाले यहि मागलाई सफल बनाउनको लागि यो आन्दोलनको अगुवाइ गरेको देखिन्छ।

यसरी सुब्बाले नेपाली साहित्यमा हावी हुँदै आएको एकल सोच र चिन्तनलाई चिरफार गर्दै पिछडिएका वर्गहरूको पनि पहुँच हुनुपर्छ भन्ने आफ्नो आन्दोलनमार्फत अघि बढेको देखिन्छ। सुब्बा बाँचुन्जेल आफ्नो लेख-रचनामार्फत साहित्यमा उत्तरवर्ती सोचको अगुवा बनेर अघि बढेको पाइन्छ। आजसम्म यस विचारलाई अनुशरण गरेर थुप्रै युवा कविहरूले आफ्ना सिर्जनामार्फत यस अभियानलाई अघि बढाइरहेको पाइन्छ (भवानी तावाबाट प्राप्त जानकारी, २०७६)।

## २.१० थाम्सुहाङ पुष्प सुब्बाको व्यक्तित्वका विविध पक्षहरू

प्रत्येक व्यक्तिको आ-आफ्नो व्यक्तित्व हुन्छ। मानिसको सामाजिक चिनारीको मुख्य पक्ष नै उसको व्यक्तित्व हो । मानिसको बाहिरी रूपाकृति, मानसिक चिन्तन र ज्ञानका विविध रूपहरूको समष्टि नै त्यसको व्यक्तित्व हो । त्यसको निर्माणमा वंश परम्परा सामाजिक वातावरणको महत्त्वपूर्ण भूमिका हुन्छ। यसकै प्रभावमा उसको व्यक्तित्वले निश्चित रूप धारण गर्दछ । साहित्यकार सुब्बा बहुमुखी प्रतिभाशाली व्यक्ति हुन् । सुब्बालाई साहित्यकारका साथै साहित्येत्तर व्यक्तित्वका रूपमा मूल्याङ्कन गर्न सकिन्छ। त्यस्तै गरेर उनको राजनैतिक व्यक्तित्व, भाषासेवी व्यक्तित्व जस्ता विषयहरूको चर्चा गर्न सकिन्छ । व्यक्ति भित्रका अर्न्तनिहित गुण क्षमता योग्यताले आन्तरिक व्यक्तित्वको प्रस्फुटन गराउँदछ भने शारीरिक बनावट व्यवहारिक चालचलन, रुचि, निजी क्षमता, स्वभाव तथा व्यक्तिले समाजका लागि गरेका योगदानहरूबाट बाह्य व्यक्तित्व झल्किन्छ। व्यक्तिको समग्र जानकारी प्राप्त गर्नका लागि मानवीय व्यक्तित्वको सर्वाङ्गीण अध्ययन हुनु अपरिहार्य हुन्छ । यहाँ उनको व्यक्तित्वको चर्चा गर्नको निम्ति केही प्रमुख पक्षहरूलाई प्रस्तुत गरिएको छ।

### २.१०.१ शारीरिक व्यक्तित्व

उनको शारीरिक बनावट खुब आकर्षक थियो । उनी औसत नेपालीहरूको उचाइभन्दा अग्ला थिए । 'उनको उचाइ ५ फिट ७ इन्च र ५९/६० किलोग्राम तौल रहेका थिए । वर्ण गहुँगोरो लामो नाक, ठूला आँखा र दाह्री नपालेको हुनाले सधैं युवा जस्तो देखिन्थ्यो । राता आँखा र हँसिलो मुहार भएका उनी शालीन व्यक्तित्व थिए । कुर्ता सुरुवाल, जरीकोट, ढाका टोपी काँधमा एउटा झोला लिएर हिँड्ने उनको विशेष रुचि रहेको देखिन्छ' (लिम्बू, २०७१, पृ. १५) ।

### २.१०.२ स्वभाव/ रुचि

थाम्सुहाङ पुष्प सुब्बा मिजासिलो असल अनि सरल स्वभावका मेधावी व्यक्तिका रूपमा चिनिन्थे । उनी असत्य र छलकपट मन पराउँदैन थिए । साथीभाइसँग मृदुभाषी तथा स्पष्ट वक्ताका रूपमा उनलाई लिने गरिन्थ्यो । असहाय र दीनदुःखीप्रति सेवाभाव भएका चिनजानका साथीहरूसँग निकै हाँसिमजाक गर्ने प्रवृत्ति रहेको थियो, तर साहित्य सिर्जनाका समयमा भने उनी निकै गम्भीर प्रकृतिका रूपमा देखिन्थे । उनी ठुलाबडालाई हजुरी नगर्ने र चाकरी–चाप्लुसीप्रति भण्डाफोर गर्ने व्यक्ति थिए । उनी सधैं सामाजिक सेवाप्रति समर्पित हुने गर्थे । सबैलाई परेका बेला सहयोग गर्ने स्वभावका व्यक्ति थिए (भवानी तावाबाट प्राप्त जानकारी, २०७५) ।

सुब्बा आफ्नो सहज अनुसारको रहनसहनमा रुमालिने गर्दथे । सबैसँग घुलमिल गर्ने, गाउने, धान नाच्ने र नाच्नका लागि सबैलाई प्रोत्साहन गर्ने उनको बानी थियो । समाजमा भएको विकृति–विसङ्गतिलाई हटाएर समाज सुधार गर्ने उनको अधिक रूचि देखिन्थ्यो । जो उनको साहित्यिक सिर्जनामा पनि यस्तो झलक पाइन्छ । उनको सबैभन्दा बढि रुचि साहित्य सिर्जनामा रहेको देखिन्छ । यिनी नेपाली र लिम्बू भाषाका साहित्यकार हुन् । यी दुई भाषामध्ये पछिल्ला समयमा चाहिँ यिनले लिम्बू भाषा साहित्यलाई बढी महत्त्व दिएर साहित्य सिर्जना गरेको पाइन्छ । आ–आफ्नो क्षमता अवस्था हेरी मौसमअनुसार चल्नु पर्ने उनको मान्यता रहेको थियो । उनी मानवतावादी थिए । समाजमा सबैसँग समान व्यवहार गर्नुपर्छ भन्ने भावना राख्दथे । उनी स्पष्ट वक्ता भएकाले कतिपयले उनलाई घमण्डी पनि भन्थे (भवानी तावाबाट प्राप्त जानकारी, २०७५) ।

## २.१०.३ साहित्यिक व्यक्तित्व

थाम्सुहाङ पुष्प सुब्बाले नेपाली साहित्यका कविता, कथा, उपन्यास, समालोचना, जीवनी आदि विधामा सक्रियतापूर्वक आफ्नो सिर्जनाकौशलको क्षमता देखाएका छन् । विभिन्न पत्रपत्रिकामा सुब्बाका फुटकर लेख रचनाहरू प्रकाशित भएका छन् । साहित्यिक व्यक्तित्वका रूपमा चिनाउनको निम्ति उनको विविध पाटाहरूलाई यहाँ छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ।

## २.१०.४ उपन्यासकार व्यक्तित्व

थाम्सुहाङ पुष्प सुब्बाको साहित्यिक व्यक्तित्वका विविध पाटाहरू मध्ये उपन्यासकार व्यक्तित्व पनि देखिन्छ । सुब्बाले २०३० सालमा *अदृश्य व्यथा* नामक उपन्यास दार्जिलिङबाट प्रकाशित गरे र दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* (सन् २००५) मा सिक्किमबाट प्रकाशित भएको देखिन्छ। 'सुब्बाको पहिलो उपन्यास *अदृश्य व्यथा* उनको पहिलो रचनात्मक तथा मौलिक कृति हो । संरचनागत रूपमा प्रस्तुत उपन्यास छोटो छरितो कृतिको रूपमा रहेको छ । प्रस्तुत उपन्यासमा सुब्बाले आफू युवा अवस्थामा भोगेको विसङ्गत परिस्थितिलाई कलात्मक ढङ्गले उतारेका छन् । *अदृश्य व्यथा* आधुनिकता र पुरातनको संक्रमणकालीन अवस्था बेहोरिरहेका शिक्षित युवाहरूको मानसिक अन्तर्द्वन्द्वको अवस्थालाई चिरफार गरिएको उपन्यास हो' (सापकोटा, २०६७, पृ.२६)।

सुब्बाको दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* (सन् २००५) हो । उनले यस उपन्यासमार्फत शिक्षित नारी पनि यस पितृसत्तात्मक समाजमा एक शोषित भएर जिउँनु पर्ने बाध्यात्मक परिस्थितिलाई देखाएका छन् । नारीहरूले आफू शिक्षित र आर्थिक सम्पन्नता भए पनि नारीप्रति गरिने व्यवहार अनि गिद्धे नजर परिवर्तन नहुँदा नारीहरू जहिले शोषित, पीडित, दमित र अस्तित्वविहीन भएर बाँच्नु पर्ने अवस्थाालई चित्रण गरिएको छ।

सुब्बाको उपन्यास विशेष गरेर गुम्फित भाषाशैलीको रूपमा रहेको पाइन्छ । पहिलो उपन्यासमा सरल भाषामा भन्न सकिने कुरालाई घुमाएर भन्ने शैली व्याप्त रहेकोले दुर्बोध्यता बढी रहेको छ । बौद्धिक हस्तक्षेप भने उनको दोस्रो उपन्याससम्म नै कायम देखिन्छ । उनको उपन्यासको भाषा काव्यिक देखिन्छ। उनी लघु उपन्यासकारका रूपमा आएको कुरा स्पष्ट हुन आउँछ।

सुब्बा सुरुमा विसङ्गतिवादी उपन्यासकार भएर देखा परेका छन् । उनको पहिलो उपन्यास *अदृश्य व्यथा* मा एक युवाले भोग्नु परेको विसङ्गत परिस्थितिको चित्रण गरिएको छ। प्रस्तुत उपान्यासले नेपाली उपन्यास लेखन परम्पराको तत्कालीन आयामेली तथा अस्तित्ववादी प्रवृत्तिलाई पनि प्रतिनिधि गर्ने कोशिस गरेको पाइन्छ। उनले दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* मार्फत नारीले भोग्नु परेको सामाजिक र युगीन यथार्थलाई चित्रण गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा शिक्षित, आर्थिक सम्पन्न र विवेकी नारी हुँदा–हुँदै पनि पुरुषवादी सोचले गर्दा भोग्नु परेको पीडालाई यथार्थ रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा नेपाली नारीका पीडा, लैङ्गिक असमानता, पुरुषको स्वेच्छाचारी एवम् व्यभिचारी प्रवृत्तिका कारण नारीले सहनु परेको मारलाई देखाइएको छ । यसरी हेर्दा सुब्बा विसङ्गतिवादी, सामाजिक यथार्थवादी, नारीवादी, अस्तित्ववादी र मानवतावादी प्रवृत्तिलाई आत्मासात् गरी लेख्ने उपन्यासकार हुन्।

## २.१०.५ कवि व्यक्तित्व

'थाम्सुहाङ पुष्प सुब्बाले १४ वर्षको उमेरमै पहिलोपटक कविता लेखेका थिए। त्यसपछि 'नेपाल स्वतन्त्र राज्य' भन्ने शीर्षकको कविता २०१९ सालमा *मेची* पत्रिकामा प्रकाशित गराए । त्यसपछि उनको साहित्यिक यात्रामा कविता विधाको लेखन सुरु भएको हो' (लिम्बू, २०७१, पृ. १५)। त्यसपछि विभिन्न समयमा लेखेका कविताहरूलाई सङ्ग्रहित गरेर *विरासतको कायाकल्प* नामक कविता सङ्ग्रहमा समेटेर वि.सं.२०६६ मा प्रकाशित गरेका छन्। उनले नेपाली भाषाभन्दा बढी लिम्बू भाषामा कविता रचना गरेको पाइन्छ। उनको पहिलो कविता 'घाम नलागेको बस्ती' सङ्ग्रहमा सङ्ग्रहित छ, तर यो सङ्ग्रह प्रकाशित भएको छैन। उनले लिम्बू भाषाका कविताहरू नेपाली भाषामा अनुवाद गरी *सपनाको फूल* नामक सङ्ग्रहका रूपमा वि.सं.२०६९ मा प्रकाशित गराएका छन्।

## २.१०.६ कथाकार व्यक्तित्व

नेपाली साहित्यको गद्य–पद्य दुवैमा आफ्नो सिर्जना लेख्न सक्ने सुब्बा कथाकारका रूपमा पनि परिचित छन्। उनको पहिलो प्रकाशित कथा 'विखण्डित कोण' शीर्षकको कथा *समकालीन साहित्य* भन्ने पत्रिकामा प्रकाशित भएको थियो। यस कथाको प्रकाशनपछि उनले कथा विधामा आफ्नो लेखनी तिखार्दै लगेको पाइन्छ । उनले विभिन्न समयमा सिर्जना गरेका कथाहरूलाई

*कथान्तर* नाम दिएर २०६७ सालमा प्रकाशित गराएका छन् । 'संग्रहमा समेटिएका सबै कथा कथा साहित्यको मूल्यमान्यता र सिद्धान्तका दृष्टिले उत्कृष्ट एवम् मानवीय सम्वेदनायुक्त छन्, पठनीय छन्, जीवन जगतलाई हेर्ने दार्शनिक दृष्टिकोण कथाका पात्रहरूमार्फत कथाकारले प्रस्तुत गरेका छन्' (दुलाल, २०६८, पृ.१८ ) । यस कथा सङ्ग्रहभित्र १५ वटा कथाहरू छन् । जसअन्तर्गत खण्ड (क) मा आठवटा नेपाली भाषामा लेखिएका र खण्ड (ख)मा लिम्बू भाषाबाट अनूदित सातवटा कथाहरू रहेका छन् । कथाहरू मझौला आकारका छन् । उनका कथाहरूमा युवाहरूको आन्तरिक समस्या, महिलामा भएको कमीकमजोरी, सांस्कृतिक परिस्थिति, पारिवारिक स्थिति, मनोविज्ञान, बालविवाह, पुरुष प्रवृत्ति, सामाजिक यथार्थ आदि पक्षहरूको चित्रण गरिएको छ । उनका कथाहरूले स्थानीय र ग्रामीण परिवेशलाई समेटेर निम्न वर्गको भोगाइ तथा माया, प्रेम, सद्भाव साथै सामाजिक समस्याहरूलाई समेत उजागर गरेको देखिन्छ ।

## २.१०.७ समालोचक व्यक्तित्व

सुब्बा समालोचक व्यक्तित्व पनि हुन् । उनी साहित्य सिर्जना, साहित्य समालोचना तथा साहित्य इतिहासका क्षेत्रमा पनि क्रियाशील देखिन्छन् । 'सन् १९९२ मा 'विसङ्गतिवाद भित्र चोसाप्लुङमा' शीर्षकको समालोचनात्मक रचनाबाट उनी समालोचना विधामा प्रवेश गरेका हुन्' (लिम्बू, २०७१, पृ.१६) । फुटकर रचनाहरूमा 'अक्षांशको न्वारन कहिले हुन्छ ?' जस्ता रचना पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनले विशेषगरी लिम्बू भाषाका रचनाहरूको प्रशस्तै समालोचना गरेका छन् ।

'वि.सं.२०६० कार्तिक २१ गते पाँचथरको राँके भञ्ज्याङमा सृजनशील साहित्यकारहरूको भेलाले उत्तरवर्ती सोच अभियानको धोषणा गऱ्यो । यसका व्याख्याता, विश्लेषणकर्ता र समालोचक उनै हुन्' (बाँस्कोटा, २०७२, पृ. ८) । बस्नेतले कान्तिपुर कोसेलीमा प्रकाशित लेखमा यसको चर्चा गर्दै उत्तरवर्तीहरूले निकाल्ने 'चक्रव्यूह' नामक साहित्यिक मुखपत्रमा सुब्बाले 'कार्बनकपीको विचार' स्तम्भलाई निरन्तरता दिए । त्यसमा उनले काइँला, वल्लभ र राईमाथि पालैपालो समालोचना लेख्दै तेस्रो आयामको अपूर्णता उप्काए । त्यसमध्ये वल्लभले कान्तिपुर दैनिकको आफ्नो स्तम्भ 'सीमान्तवर्ती' मार्फत जवाफसमेत दिएका थिए' (२०७२, मसिंर) भनेका छन् ।

सुब्बाको पुस्तककार कृतिका रूपमा *लिम्बू भाषा : साहित्यिक स्रष्टा र दृष्टिकोण* नामक समालोचनात्मक कृति २०६१ सालमा प्रकाशित भएको छ। यस कृतिमा लिम्बू भाषासाहित्यका साथै साहित्यकारका बारेमा मात्रै चर्चा गरिएको छ। उनको फुटकर रचनाहरू चाहिँ विभिन्न पत्र–पत्रिकामा प्रकाशित भएका छन्। यसरी सुब्बा बाँचुन्जेल समालोचना विधामा सक्रिय रूपमा रहेर अघि बढिरहेको देखिन्छ ।

## २.१०.८ साहित्येतर व्यक्तित्व

थाम्सुहाङ पुष्प सुब्बा सम्पादक पनि हुन् । विभिन्न साहित्यिक पत्र–पत्रिकाको सम्पादन गर्दै आएका थिए। वि.सं.२०२९ मा उनले लिम्बू भाषा साहित्यको योगदानको निम्ति हस्तलिखित पत्रिका *सिरिजङ्गा* को सम्पादन तथा प्रकाशन गरी 'किराती संवत्' को प्रचलनलाई समेत व्यापकता दिए । उनले नेपाली भाषाको पत्रिका *निलिमा* (२०५०), *नागवेली* (२०५१) र लिम्बू भाषाको पत्रिका *थाङसाङ* (२०५९) पत्रिका र *थाम्सुहाङको वंशावली* (२०६८) समेत सम्पादन गरेर आफू सम्पादकीय व्यक्तित्व बन्न सफल भएका थिए। सुब्बाको साहित्येतर व्यक्तित्व अन्तर्गत शिक्षक तथा शैक्षिक सेवा र राजनैतिक क्षेत्रमा पनि अगाडि बढेको पाइन्छ।

## २.१०.९ राजनैतिक व्यक्तित्व

थाम्सुहाङ पुष्प सुब्बा समानताको हक चाहने व्यक्ति थिए । उनले विद्यार्थी जीवनमा नै पञ्चायत विरोधी गतिविधिसँग परिचित हुने मौका पाएका थिए । कलेज जीवनमा राजनीतिक गतिविधिमा संलग्न हुने क्रममा उनी तरुण दल पाँचथरको जिल्ला सदस्यमा चुनिए । पञ्चायती व्यवस्थाले जन–अनुत्तरदायी काम गरी रहेकाले उनमा व्यवस्थाको विरोधतर्फ तानिन बल पुग्यो र र उनी नेपाली कांग्रेसको सक्रिय कार्यकर्ता बने। वि.सं.२०२६ मा तरुणदलको जि.क.स.भएपछि उनी सिक्किमतर्फ निर्वासित भए। दलगत स्वतन्त्रता पञ्चायती व्यवस्थामा थिएन। त्यस समयमा पार्टीको कार्यकर्ता बन्न अवैध थियो, र जसलाई राष्ट्रविरोधी काम गरेको ठानिन्थ्यो, उनी बाध्यतावश भारततिर वि.सं.२०२८ देखि २०३१ सालसम्म निर्वासनमा रहे । वि.सं.२०३३ देखि २०४२ सालसम्म साझा केन्द्रीय कार्यालय पुलचोक ललितपुरमा जागीर खाएका थिए । २०४३ सालदेखि २०५० सालसम्म खलाङ्गा मा.वि.मा शिक्षकको जागीर गरे। त्यसपछि २०५१ सालदेखि २०५७ सालसम्म नेपालमा आएको प्रजातन्त्रको लहरले उसलाई पनि छोएकोले अप्रत्यक्ष रूपमा

भएपनि राजनैतिक गतिविधिमा सक्रिय भएको देखिन्छ । उनी फेरि २०५८ सालमा जिल्ला प्रतिनिधि बने ।

यसरी ८ वर्षजति शिक्षण सेवा गरेका उनी पञ्चायतविरुद्ध प्रजातन्त्रका लागि राजनीतिक मैदानमा उत्रिए । उनी पछि भूमिगत भए । उनी भन्थे, 'त्यही पार्टीलाई अझै समर्थन गर्छु तर साहित्यमा राजनीति देखिनुहुन्न' स्वतन्त्र हुनुपर्छ साहित्यमा राजनीति होइन सामाजिक रङ देखिनुपर्छ भन्ने गर्थे (भवानी तावाबाट प्राप्त जानकारी, २०७५) । विभिन्न राजनीतिक उतारचढावका कारण नेपाली कांग्रेसले जातीय मुक्ति र राजनीतिक स्थायीत्व दिन नसक्ने ठह-याएर उनी पछिल्ला दिनहरूमा जातीय पार्टीतिर आकर्षण भएर त्यहीतर्फ ढल्किएका थिए । 'उनी जातीय उन्मुक्ति भएपछि मात्र राष्ट्रको विकास हुन्छ भन्ने धारणा राख्थे । पछिल्लो समयमा उनी सिर्जनाभन्दा पनि अनुवादमा व्यस्त थिए । लिम्बू साहित्यमा धेरै विधाका पुस्तक लेखे । उनी भन्थे, 'अब त मातृभाषा नै खस्कँदो अवस्थामा भएकाले साहित्य रचना गर्नुभन्दा लेखिएका पुस्तकलाई नेपालीमा अनुवाद गर्नुपर्ने अनुभूत भएको छ' (लिम्बू, २०७१, पृ.१७) । उनी आफ्नो भाषा, लिपि नहराओस् भन्ने उद्देश्यले लिम्बू भाषालाई समय दिएको बताउँथे ।

## २.१०.१० शैक्षिक सेवा तथा शिक्षक व्यक्तित्व

थाम्सुहाङ पुष्प सुब्बा फिदिम नगरपालिका याङनामबाट वि.सं.२०२५ को एस.एल.सी. (एसईई) पास गर्ने पहिलो व्यक्तिका रूपमा चिनिएका हुन्, त्यसपछि उनले शिक्षण पेसामा संलग्न भएर शैक्षिक सेवा गरे । उनको शिक्षणमा निवृतिभरण भएन किनभने पेसामा निरन्तरता दिन सकेनन् । उनले लगभग ८ वर्ष मात्र शिक्षण सेवा गरेको देखिन्छ । त्यसपछि उनी विभिन्न संघ–संस्थामा संलग्न भएर काम गरेको देखिन्छ, जसअन्तर्गत किरात याक्थुङ चुम्लुङको सदस्य (२०५५), शिक्षक वि.सं.२०४२ देखि २०५० सालसम्म, वि.सं.२०४८ देखि २०५० सालसम्म शिक्षक संघ पाँचथरको उपाध्यक्ष, जिल्ला सहकारी संघ पाँचथरको संस्थापक अध्यक्ष, लिम्बू भाषा साहित्य प्रतिष्ठानको अध्यक्ष, वि.सं. २०६८ मा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभाको सदस्य समेत भए (भवानी तावाबाट प्राप्त जानकारी, २०७६) । सुब्बाले (२०७२) बाँचुन्जेल आफ्नो जिम्मेवार कर्तव्यलाई पूरा गरि रहे । यसरी थाम्सुहाङ पुष्प सुब्बा नेपाली साहित्यिक क्षेत्रमा मात्र सीमित नरही साहित्येतर क्षेत्रमा पनि सक्रिय रहेको देखिन्छ ।

## २.११ सम्मान तथा पुरस्कार

थाम्सुहाङ पुष्प सुब्बाले नेपाली साहित्य र लिम्बू साहित्यमा आफ्नो सिर्जनशील क्षमता देखाएका छन् । उनले साहित्यका विविध विधामा सिर्जना गरेर डेढ दर्जनभन्दा बढी कृतिहरू प्रकाशन गरेका छन्। उनको साहित्य सिर्जना र लिम्बू भाषासाहित्यको योगदान गरेवापत भारत र नेपालका विभिन्न संघ–संस्थाहरूबाट सम्मानका साथ अभिनन्दित भएका थिए, जुन यस प्रकार छन् :

१) सन् १९९१ मा सिक्किम साहित्य समितिले 'स्रष्टा साहित्य पुरस्कार' प्रदान गऱ्यो । उनलाई 'रेखाले छेकेका मान्छेहरू' शीर्षकको कवितावापत सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो।

२) 'नौलो साहित्यिक विहान' पाँचथरद्वारा वि.सं.२०४९ मा अभिनन्दन गरेको थियो।

३) वि.सं.२०६६ मा गद्य साहित्य सिर्जनावापत महानन्द पुरस्कार संस्थाले पुरस्कृत गरेको थियो।

४) लिम्बू भाषा साहित्यको योगदान गरेवापत नेपाल सरकार शिक्षा तथा सांस्कृतिक मन्त्रालयले पूर्वाञ्चल क्षेत्रिय प्रतिभा पुरस्कार (२०६६) द्वारा पुरस्कृत गरेको थियो।

५) किरात याक्थुङ चुम्लुङले उनलाई 'लिम्बू वाङ्मयको महाकवि' का रूपमा अभिनन्दन गऱ्यो।

## २.१२ थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासयात्रा

सुदुर पूर्व पाँचथरमा मध्यम वर्गीय परिवारमा जन्मी हुर्की, बढेका थाम्सुहाङ पुष्प सुब्बा नेपाली साहित्यका क्षेत्रमा बहुमुखी प्रतिभाका रूपमा परिचित छन् । यिनको बहुमुखी प्रतिभा साहित्यका थुप्रै विधामा प्रस्फुटित छन् । उनले नेपाली साहित्यका कविता, कथा, उपन्यास, समालोचना, जीवनी, नियात्रा जस्ता विधामा सक्रियतापूर्वक आफ्नो सिर्जनाकौशलको क्षमता देखाएका छन् । उनले साहित्यका क्षेत्रमा 'नेपाल स्वतन्त्र राज्य' भन्ने शीर्षकको कविता २०१९ सालमा *मेची* पत्रिकामा प्रकाशित गराएपछि थालनी भएको हो । विभिन्न पत्र–पत्रिकामा पनि सुब्बाका फुटकर लेख रचनाहरू प्रकाशित भएका छन्। सुब्बाको समग्र साहित्यिक यात्रालाई तिन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। पहिलो चरण २०१९ सालदेखि २०२९ सालसम्म, दोस्रो चरण २०३० सालदेखि २०३९ सालसम्म र तेस्रो चरण २०४० देखि २०७२ सालसम्म देखिन्छ।

सुब्बाले कविता विधाबाट आफ्नो साहित्यिक यात्रा थालनी गरे तापनि उनको साहित्यिक व्यक्तित्वका विविध पाटाहरू छन्, जसमध्ये उपन्यासकारका रूपमा परिचित छन् । उनको साहित्यिक यात्रालाई मूल्याङ्कन गर्दा उपन्यास लेखनमा दोस्रो चरणदेखि थालनी गरेको देखिन्छ । उनको साहित्यिक यात्रा हेर्दा उनले कविता, जीवनी विधामा आफ्नो सिर्जना गरेपछि उपन्यास विधामा सक्रिय भएको देखिन्छ। उनी उपन्यास लेखनमा २०३० सालदेखि देखा परेका हुन्। उनको प्रथम प्रकाशित उपन्यास *अदृश्य व्यथा* (२०३०) हो। यो उनको पहिलो रचनात्मक तथा मौलिक कृति हो। संरचनागत रूपमा प्रस्तुत उपन्यास छोटो छरितो कृतिको रूपमा रहेको छ। वि.सं. २०३० देखि उपन्यास यात्रामा देखिएका सुब्बाका हालसम्म *अदृश्य व्यथा* (२०३०) र *कुल्चिएको अस्तित्व* (सन् २००५) गरी जम्मा दुईवटा उपन्यासहरू प्रकाशित भएका छन्। उनको उपन्यास यात्रालाई मूल्याङ्कन गर्दा त्यति लामो समय भएको देखिँदैन।

सुब्बाको पहिलो उपन्यास *अदृश्य व्यथा* आफू युवा अवस्थामा भोगेका तीता–मीठा क्षणहरूलाई मुख्य विषयवस्तु बनाई लेखिएको उपन्यास हो । प्रस्तुत उपन्यासमा आधुनिकता र पुरातनको संक्रमणकालीन अवस्था बेहोरिरहेका शिक्षित युवाहरूको मानसिक अन्तर्द्वन्द्व अवस्थालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। सापकोटाले जनमत पत्रिकामा प्रकाशित लेखमा यसको चर्चा गर्दै 'लघु आकारको चेतन प्रवाहात्मक शैलीको आभाष हुने यो उपन्यास विसङ्गतिवादी–अस्तित्ववादी औपन्यासिक प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने किसिमको उपन्यास हो' (२०६७, साउन) भनेका छन्। यस उपन्यासमा एक युवाले भोग्नु परेको विसङ्गत परिस्थितिलाई चित्रण गरेका छन्। नेपाली उपन्यास लेखन परम्पराको तत्कालीन आयामेली तथा अस्तित्ववादी प्रवृत्तिलाई पनि यस उपन्यासले प्रतिनिधि गर्ने कोशिस गरेको पाइन्छ। पहिलो उपन्यासमा सरल भाषामा भन्न सकिने कुरालाई घुमाएर भन्ने शैली व्याप्त रहेकाले दुर्बोध्यता बढी रहेको छ।

उनको दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* भने नारीवादी केन्द्रित उपन्यास हो । तत्कालीन समयमा आर्थिक सम्पन्न र शिक्षित नारीले समाजमा केही परिवर्तन गर्न खोज्दा उल्टै विभिन्न आरोप लगाइएको र पुरुषको स्वेच्छाचारीको कारण निर्दोष नारीले व्यर्थैको आरोप र लाञ्छना भोग्नु परेको स्थितिलाई चित्रण गर्न खोजिएको छ। प्रस्तुत उपन्यास शिक्षित, आर्थिक सम्पन्न र विवेकी नारी हुँदा–हुँदै पनि पुरुषवादी सोचले गर्दा विभिन्न पीडा भोग्नु परेको स्थितिलाई उपन्यासको मूल विषयवस्तु बनाइएको छ। सुब्बाले दोस्रो उपन्यासमार्फत नेपाली नारीका पीडा, लैङ्गिक असमानता, पुरुषको स्वेच्छाचारी र व्यभिचारी प्रवृत्तिका कारण नारीले भोग्नु परेको

पीडाको कारण एक अस्तित्वविहिन भएर जिउँदो लाश सरह बाँच्नु पर्ने बाध्यात्मक अवस्थालाई देखाइएको छ।

सुब्बा सुरुमा विसङ्गतिवादी उपन्यासकारका रूपमा देखा परेका छन् । उनले पहिलो उपन्यासमार्फत तत्कालीन आयामेली तथा अस्तित्ववादी प्रवृत्तिलाई प्रतिनिधि गर्ने कोशिस गरेका छन् । दोस्रो उपन्यास लेखनमा भने उनी नारीवादी, अस्तित्ववादी र मानवतावादी प्रवृत्तिलाई अंगालेर अघि बढेको देखिन्छ, तसर्थ उनी विसङ्गतिवादी, नारीवादी, अस्तित्ववादी र मानवतावादी प्रवृत्तिलाई आत्मासाथ गरेर लेख्ने उपन्यासकार हुन् । उनको उपन्यास विशेष गरेर गुम्फित भाषाशैलीको रूपमा रहेको पाइन्छ। बौद्धिक हस्तक्षेप भने उनको दोस्रो उपन्याससम्म नै कायम देखिन्छ। उनको उपन्यासको भाषा काव्यिक देखिन्छ। उनी लघु उपन्यासकारका रूपमा आएको पाइन्छ । सुब्बाले उपन्यासका माध्यमबाट नेपाली समाजमा देखा परेका विसङ्गत परिवेशलाई चित्रात्मक रूपमा प्रस्तुत गरेका छन्। दोस्रो उपन्यासमा नारी अस्तित्व रक्षाका लागि आफ्नो धारणा प्रस्तुत गरेको पाइन्छ।

## २.१२.१ थाम्सुहाङ पुष्प सुब्बाको जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध

स्रष्टाले प्रत्येक लेख रचनाहरूमा आफूले भोगेका अनुभूतिलाई नै कलात्मक ढङ्गले प्रस्तुत गरेको हुन्छ। थाम्सुहाङ पुष्प सुब्बाले पनि जीवन भोगाइका क्रममा आफूले अनुभव गरेका तीता–मीठा क्षणहरूलाई सिर्जनात्मक रूपमा प्रस्तुत गरेका छन्। जीवन व्यतितका क्रममा भोगेका आँसु–हाँसो, सुख–दुःख, पीडा, आसा–निरासा, सङ्घर्ष, देशभक्ति आदि जस्ता सम्पूर्ण कुराहरू यिनका कृतिहरूमा भेटिन्छन्। उपन्यासको प्राण भनेको यथार्थ भोगाइ नै हो। आफूले देखेकोभन्दा पनि भोगेको यथार्थलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको सिर्जना पक्कै पनि जीवन्त बन्न सक्छ । सुब्बाले पनि आफ्नो भोगाइलाई यथार्थ रूपमा आफ्नो उपन्यास कृतिमा विषयवस्तु बनाइ लेखेको हुनाले उनको जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध रहेको स्पष्ट रूपमा देख्न र अनुभव गर्न सकिन्छ।

सुब्बाले आफ्नो दुई उपन्यासमार्फत आफ्ना भोगाइहरूलाई कलात्मक शैलीमा प्रस्तुत गरेका छन् । उनका दुई उपन्यासमध्ये पहिलो *अदृश्य व्यथा* उपन्यास आफ्नो कलेज जीवनका समयमा लेखेका हुन् । *अदृश्य व्यथा* उपन्यासमा आफ्ना 'केही कुरा' राख्ने क्रममा बैरागी

काइँलाले उपन्यासका बारेमा आफ्नो धारणा राख्ने क्रममा, 'नेपाली साहित्यको द्यौरालीमा श्री पुष्प सुब्बा 'असीत' को यो लघु उपन्यास यौटा नवयुवक रचनाकारको पाती हो' भनेका छन् (सुब्बा, २०३०, पृ.७) । यस उपन्यासमार्फत सुब्बाले पुरातन पद्धतिलाई अस्वीकर गरे पनि विद्रोह गर्न नसक्ने एक कुण्ठित भई पिल्सिने युवकको अन्र्तद्वन्द्वात्मक अवस्थालाई चित्रण गरिएको छ । परम्परागत संस्कार अनुसार आफूले भोगेको बालविवाहदेखि युवा अवस्थामा लाएको प्रेम विवाहमा परिणत भएपनि सफल हुन नसकेपछि फेरि अर्को विवाह गर्नु परेको यथार्थ भोगाइलाई चित्रण गरिएको  पाइन्छ तर सुब्बाको यथार्थ जीवनीलाई अध्ययन गर्दा यही उपन्यासमा भएको विषयवस्तुसँग शतप्रतिशत मिल्दो–जुल्दो भएको कारण सुब्बाका जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध रहेको देखिन्छ।

*अदृश्य व्यथा* उपन्यासमा परम्परागत आफ्नो विवाहबाट असन्तुष्ट, युवावस्थाको प्रेम पनि असफल भएको र फेरि विवाह गरेको कारण भित्र–भित्रै मानसिक तनावग्रस्त जीवन बिताउँनु परेको यथार्थ भोगाइलाई साङ्केतिक रूपमा प्रस्तुत गरिएको छ । सुब्बाले *अदृश्य व्यथा* उपन्यासमा चित्रित एक युवाले भोग्नु परेको परिस्थितिलाई आफ्नै जीवनसँग जोडेर लेखेका छन् । बाल–विवाह आफू जवानी हुँदा गरेको प्रेम र पछि फेरि अर्को विवाह गर्न पुगेको परिस्थितिलाई उनले उपन्यासमा उतारेको देखिन्छ। सुब्बाले आफ्नो जीवनमा विवाहले निम्त्याएको घटनाहरूलाई नै उपन्यासमा लेखेको हुनाले उनको जीवनी र उपन्यास लेखनका बिच अन्तःसम्बन्ध रहेको पाइन्छ।

थाम्सुहाङ पुष्प सुब्बाको दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* नारीवादी प्रवृत्ति भएको उपन्यास हो । उनी समानताको हक चाहने व्यक्ति भएकाले उनका रचनाहरूमा यसको प्रभाव देख्न सकिन्छ । उनी कलेज जीवनदेखि नै राजनीतिक गतिविधिमा पनि संलग्न थिए । यही राजनीतिक चेतना र समाजमा देखिएको असमान व्यवहारप्रति सचेत रहेकाले उनले आफ्नो कृतिहरूमा जीवनसँग जोडेर लेखेको देखिन्छ। नेपाली समाजमा निम्नवर्ग र अशिक्षित महिलाले मात्र मानसिक पीडा सहेर शोषित हुनुपर्छ भन्ने मान्यतालाई तोड्दै उनले शिक्षित, आर्थिकमा सम्पन्न भएको नारीले पनि पितृसत्तात्मक सोचका कारण विभिन्न पीडामा बाँच्नु पर्छ भन्ने यथार्थतालाई प्रस्तुत गरेका छन् । उनको दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व*मा पितृसत्तात्मक सोचका कारण आर्थिकमा सम्पन्न र शिक्षित नारीले पनि स्वतन्त्र रूपमा बाच्न नपाउने कुरालाई यहाँ सशक्त ढङ्गले प्रस्तुत गरिएको छ । आफू धरानमा हुँदा एक्लो जीवन बिताइरहेकी एकजना अधबैँसे

महिलालाई उसको जीवनको रहस्य बताउन आग्रह गर्दा खेरी भनेको कथालाई नै यस उपन्यासको मुख्य विषयवस्तु बनाइएको छ । यस उपन्यासमा लेखकले भोगेको जीवनसँग प्रत्यक्ष अन्तःसम्बन्ध नभएता पनि आफैले प्रत्यक्ष भेटेको ती महिलाले बाध्यतावश भोग्नु परेको यथार्थ भोगाइलाई आफैले भोगेको जस्तो गरी सुब्बाले आफ्नो कृतिमा प्रस्तुत गरेका छन् ।

हाम्रोजस्तो समाजमा स्वतन्त्रता र अस्तित्वलाई सुरक्षित राख्न चाहने नारीले कस्तो-कस्तो अप्ठ्यारा परिस्थितिहरू भोगेर बाँच्नु पर्छ भन्ने यथार्थ कुरालाई प्रस्तुत गरेका छन् । यस उपन्यासमा नेपाली समाजमा शिक्षित र सम्पन्न नारीले सकारात्मक परिवर्तन गर्न खोज्दा आफ्नो अस्तित्व नै धरापमा परेको यथार्थलाई चित्रण गरिएको छ । तसर्थ यो नारीवादी उपन्यास हो ।

सुब्बाको साहित्यिक यात्रामा उनको जीवनमा घटित घटनाहरू, पारिवारिक र सामाजिक परिवेश, वर्गीय चेतना, जागिर खाँदा पाएको अनुभूति, राजनैतिक चेतना, जातीय भेदभाव आदिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । सुब्बा बाल्यकालदेखि नै इमान्दार, आफूलाई लागेको कुरा स्पष्ट तरिकाले बोल्ने हुनाले कतिपयले उनलाई घमण्डी पनि भन्थे । सुब्बाले आफ्नो जीवन भोगाइको क्रममा अनुभव गरेको, भोगेको, देखेको कुराहरू नै उनका रचनाका विषयवस्तुको रूपमा प्रस्तुत भएको पाइन्छ । उनका औपन्यासिक कृतिहरूमा उनले भोगेका र देखेसुनेका घटनाहरू नै प्रत्यक्ष रूपमा अङ्कित भएका छन् । यसरी आफूले भोगेको जीवन, प्राप्त अनुभव र देखेसुनेका घटना एवम् अनुभूत तथ्यहरू आदिको प्रत्यक्ष-परोक्ष उल्लेख उनका औपन्यासिक कृतिहरूमा पाइने हुँदा सुब्बाको जीवनी र उपन्यास लेखनका बिच अन्योन्याश्रित सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

## २.१३ निष्कर्ष

सुब्बाको उपन्यास यात्रा २०३० सालदेखि २०६१ सालसम्म सीमित रहेको देखिन्छ । उनको उपन्यास यात्रामा केवल दुई उपन्यासहरू *अदृश्य व्यथा* र *कुल्चिएको अस्तित्व* देखिन्छ । दुवै उपन्यासमा नेपाली समाज र परिवेशलाई लिएर लेखिएका छन् । उपन्यासमा तत्कालीन समाजमा भएको संस्कार अनुसार भोग्नु परेको बाल-विवाहदेखि देशको परिस्थितिको कारण एक युवामा आएको जिम्मेवारी र कर्तव्य पालन गर्दा आफ्नो वैवाहिक जीवनमा आँच आएको कुरा र समाजमा भएको असमानताप्रति व्यङ्ग्य गरिएको छ । त्यसैगरी दोस्रो उपन्यासमा पितृसत्तात्मक

सोचका कारण आर्थिक सम्पन्न र शिक्षित हुदा हुँदै पनि नारीले भोग्नु परेको पीडालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । उनको उपन्यास यात्रा छोटो भए पनि उनले विभिन्न प्रवृत्तिहरू र समाजमा भएको यथार्थ पक्षलाई समेटेर उजागर गरेको हुनाले उनको उपन्यास लेखनयात्रा प्रभावपूर्ण रहेको देखिन्छ।

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय

## ३.१ विषय प्रवेश

आजको विश्व साहित्यमा विभिन्न विधाहरूमध्ये उपन्यास विधालाई धेरै रुचाइएको हुनाले यसलाई महत्त्वपूर्ण विधाका रूपमा लिने गरिएको छ। धेरैले रुचाएको विधा भएकाले यो विधा लोकप्रिय बन्न सफल भएको छ। जीवनको सम्पूर्णतालाई आत्मासात गर्दै यथासम्भव सुन्दर भाषाशैलीका साथ आख्यानात्मक रूपमा व्यक्त हुनाले यो बढी लोकप्रिय रहेको छ। आधुनिक नेपाली साहित्यका फाँटमा यसले महत्त्वपूर्ण स्थान ओगट्न र सर्वाधिक लोकप्रियता प्राप्त गर्नसमेत सफलता प्राप्त गरेको छ। मानवजीवनसँग सम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ त्यतिसम्मको अनुवीक्षण गराउने रचनालाई उपन्यास भनिन्छ। एउटा मानिसको समष्टि जीवन प्रस्तुत गर्न जतिवटा घटना, वस्तुपक्षहरू प्रस्तुत गरिदिने प्रसङ्गहरू समावेश हुन सक्छन्, ती सबै पक्षलाई उपन्यासका सीमाभित्र समाहित गरिन्छ र त्यसै तत्त्वलाई उपन्यास शब्दबाट सम्बोधन गरिन्छ (सुवेदी, २०६४, पृ.१०)। यस परिच्छेदमा उपन्यासको परिचय, परिभाषा तथा उपन्यासका कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैली जस्ता तत्त्वहरूको परिचय दिदैं थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासहरूलाई यिनै औपन्यासिक तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ।

## ३.२ उपन्यासको परिचय र परिभाषा

उपन्यास विधालाई साहित्यको नवीनतम विधाका रूपमा लिने गरिन्छ। उपन्यास मानवीय प्रवृत्तिका अनेक घुम्ती र मोडहरूलाई छिचोल्दै समाजका यावत पक्षलाई समेटेर तिनैबाट टिपिएका विषयवस्तुलाई जीवन्त रूपमा प्रस्तुत गर्ने हुनाले अन्य विधाको तुलनामा यो विधा अत्यन्तै श्रेष्ठतम विधाको रूपमा लिने गरिन्छ। 'अंग्रेजी साहित्यमा यो नोभेल (Novel) का रूपमा स्थापित भई विकसित हुन थाल्यो र यो विश्वका विभिन्न भाषाका साहित्यिक फाँटमा समेत प्रविष्ट भएर व्यापक बन्दै गयो। यसै क्रममा बंगाली, हिन्दी र नेपाली भाषामा प्रविष्ट भएको यसलाई उपन्यास विधाका रूपमा सकारिएको छ' (पौडेल, २०६८, पृ.१)। 'व्युत्पत्तिगत दृष्टिबाट हेर्दा 'उपन्यास' तत्सम शब्द हो। शाब्दिक व्युत्पत्ति केलाउने हो भने 'उपन्यास' शब्द 'अस्' धातुमा

'उप' र 'नि' उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर बनेको देखिन्छ । उप+नि+अस्+घञ् (अ)=उपन्यास । 'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थबोध हुन्छ भने 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने निष्पन्न हुन्छ । संस्कृतमा 'उपन्यास' शब्दको प्रयोग 'अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण, 'प्रतिमुख सन्धिको एउटा भेद', 'स्थापना गर्नु', 'प्रदर्शक वाक्य', 'आनन्द गराउने वाक्य' का अर्थमा गरिएको पाइन्छ भने 'आख्यान'का रूपमा पनि पाइन्छ' (बराल र एटम, २०६६, पृ.३) ।

विश्व साहित्यको क्षेत्रमा उपन्यास विधाको लेखन र प्रकाशन व्यापक हुन थालेपछि यसको व्याख्या, विश्लेषण तथा समालोचना पनि व्यापक हुन थालेको देखिन्छ । उपन्यासमा निहित विशेषताहरूलाई आधार बनाएर यसको परिभाषा गर्ने प्रचलनको सुरुवात भएको पाइन्छ । उपन्यास विविध परिवेश र दृष्टिकोणलाई आत्मसात गरी विभिन्न प्रविधि र प्रणालीद्वारा लेखिने हुनाले यसको परिभाषा पनि विभिन्न विद्वान तथा साहित्यकारहरूको विचार फरक-फरक पाइन्छ । पूर्व र पश्चिमका विद्वानहरूले उपन्यासको परिभाषाका बारेमा आ-आफ्नै तरिकाले चर्चा गरेका छन् । नेपाली विद्वान्हरूले उपन्यासका परिभाषाका बारेमा आ-आफ्नै मत राख्दै आएका छन्, जुन यस प्रकार रहेको पाइन्छ, इन्द्रबहादुर राईका विचारमा उपन्यास भनेको जीवनको यथार्थलाई भाषामा उतार्ने विधा हो । जीवनको प्रतिबिम्बन गर्न सक्ने आख्यानात्मक रचना हो र साँचो एवं सफल उपन्यास जीवनको मार्गदर्शक बन्न सक्छ भन्ने धारणा राईका कथनबाट स्पष्ट हुन्छ (सुवेदी, २०६४, पृ.१२) ।

त्यसैगरी वासुदेव त्रिपाठीका अनुसार कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँछ (बराल र एटम, २०६६,पृ.७) । त्यस्तै डी.एच. लाउरेन्सका विचारमा उपन्यासले मानवजीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्ता अन्य कला र साहित्यभन्दा स्वाभाविक रूपले बढी छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् (बराल र एटम, २०६६, पृ.६) । फ्रान्सेली उपन्यास समीक्षक एबल शैबलीले उपन्यासलाई एक विशेष विस्तृत गद्य कथा साहित्यका रूपमा चर्चा गरेका छन् । शैबलीको परिभाषालाई उधृत गर्दै इ.एम.फोस्टरले पनि त्यसमै सहमति जनाएर उपन्यास थोरैमा पनि पचास हजार शब्दको हुनुपर्ने र यो विस्मयमूलक मानवीय गुणबाट टाढा रहन नसक्ने वा मानवीयताबाट ओतप्रोत हुने जनाएका छन् (पौडेल, २०६८, पृ.४) । यी माथिका विभिन्न विद्वान्हरूको परिभाषा वा धारणालाई हेर्दा एक सफल उपन्यास जीवनको मार्गदर्शक बन्न सक्छ र यसको विषय मानवीय यथार्थतासँग नै

सम्बन्धित हुन्छ र यसले सम्पूर्ण मानव जीवनको कार्य र भावनालाई प्रस्तुत गरेको हुन्छ त्यो नै उपन्यास हो।

उपन्यास विधा अन्य विधाभन्दा लोकप्रिय विधाको रूपमा लिने गरिन्छ। जीवनको सम्पूर्णतालाई आत्मासात गर्दै यथासम्भव सुन्दर भाषाशैलीका साथ आख्यानात्मक रूपमा व्यक्त गरिएको साहित्य नै उपन्यास हो। उपन्यास लेखनमा आफ्नो भोगाइका अनुभूतिका साथ कतिपय कुरालाई कल्पनाद्वारा पनि सिर्जित गरी यथार्थ रूपमा प्रस्तुत गर्नु यसको आफ्नै मौलिकता हो। त्यसैले मानव जीवनकै विभिन्न आयामहरूको उद्घाटन गर्नका साथै उपन्यासले सामाजिक स्फूर्तिको पर्याप्त अभिव्यक्ति दिन आज यो विधा सफल भएको छ, तसर्थ उपन्यास विधा आज विश्व साहित्यको फाँटमा लोकप्रिय रहेको छ।

## ३.३ उपन्यासका तत्त्वहरू

साहित्यका विभिन्न विधाहरूको आ–आफ्नै तत्त्वहरू हुन्छन्। उपन्यासलाई पनि सुगठित बनाउन विभिन्न तत्त्वहरूको आ–आफ्नो स्थानमा महत्त्वपूर्ण भूमिका हुन्छ। उपन्यास आफैमा पृथक–पृथक अस्तित्व राख्ने तर आफू एक्लैमा अपूर्ण रहने विभिन्न प्रकारका संरचक र अवयवहरूको जम्माजम्मीमा निर्माण हुन्छ। विभिन्न प्रकारका अङ्ग वा अवयवहरूको समष्टिगत निर्मिति मानव शरीर भएजस्तै विभिन्न प्रकारका अवयवहरूकाबिचमा हुने अन्तःसम्बन्धको समूल अभिव्यक्तिबाट उपन्यासको जन्म हुन्छ। उपन्यासको रचनामा विभिन्न तत्त्वहरूको समायोजन हुन्छ, जसको समुचित प्रयोग र अन्तर्मिश्रणमा नै उपन्यासले स्पष्ट स्वरुप प्राप्त गर्दछ (बराल र एटम, २०६६, पृ.२०)। उपन्यासले निश्चित रुप वा आकार प्राप्त गर्नका लागि चाहिने आवश्यक कुराहरू नै उपन्यासका तत्त्वहरू हुन्। उपन्यासका आवश्यक तत्त्वहरू मध्ये कुनै तत्त्वको अभाव भएमा उपन्यासको सौन्दर्यमा असर पर्न गई उपन्यासको संरचना अपाङ्ग बन्न सक्छ, तसर्थ उपन्यासको सम्पूर्ण स्वरुप पूर्ण हुनका लागि यसका तत्त्वहरूको आङ्गिक विन्यास अनिवार्य देखिन्छ।

उपन्यासका तत्त्वहरू र यसको सङ्ख्याको बारेमा विद्वानहरूको विचारहरू फरक–फरक रहेको देखिन्छ। पूर्व र पश्चिमा विद्वानहरूले उपन्यासका तत्त्व र सङ्ख्याका बारेमा आ–आफ्नै विचार राखेका छन्। नेपाली विद्वानहरूले पनि उपन्यासका तत्त्व सङ्ख्याका बारेमा आ–आफ्नै

किसिमको मत राख्दै आएका छन् । केही नेपाली विद्वानहरूले नेपाली उपन्यासका तत्त्वहरूको निर्धारण यसप्रकार गरेको पाइन्छ, हिंमाशु थापाले उपन्यासका लागि ६ वटा तत्त्व आवश्यक मानेका छन्, ती हुन् : कथावस्तु, पात्र, संवाद, भाषा–शैली, वातावरण र उद्देश्य भनी चर्चा गरेका छन् (थापा, २०५०, पृ.१२७) । अर्का विद्वान राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, उद्देश्यलाई उपन्यासका तत्त्व भनी वर्णन गरेका छन् (सुवेदी, २०६४, पृ.१७) । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र वा चरित्रचित्रण, संवाद, देशकाल र वातावरण, भाषाशैली र उद्देश्य, दृष्टिविन्दु, प्रतीक/बिम्ब, गति र लयलाई औपन्यासिक तत्त्वका रूपमा निर्धारण गरेका छन् (बराल र एटम, २०६६, पृ.२०) । ऋषिराज बरालले कथानक, चरित्र, विचार, दृष्टिविन्दु, भाषाशैली र परिवेशलाई उपन्यासका प्रमुख र आधारभूत तत्त्वको रूपमा उल्लेख गरेका छन् (बराल २०६३, पृ.२६) ।

उपर्युक्त विद्वान्हरूमध्ये कसैले उपन्यासका ६ वटा तत्त्व कसैले ८ वटा तत्त्वहरूको निर्धारण गरी चर्चा गरेका छन् । यी विभिन्न विद्वानहरूका उपन्यासका तत्त्वहरूको निर्धारणलाई आधार मान्दै यहाँ उपन्यासका कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली जस्ता मुख्य तत्त्वहरू स्विकारेर तिनको सामान्य परिचय दिइएको छ।

### ३.३.१ कथानक

उपन्यासका सबै संरचक अवयवहरूमध्ये कथानक सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । कथानक उपन्यासको अनिवार्य तत्त्व हो । यसकै केन्द्रीयतामा अन्य तत्त्वहरू यात्रारत रहन्छन् । उपन्यास आख्यान साहित्य भएको हुनाले यो कथाकै टेको समाएर उभिन्छ । कथानकले उपन्यासलाई सबल र मूर्त तुल्याउँछ, साथै उपन्यासलाई गतिशील बनाउने मुख्य अङ्गका रूपमा पनि कार्य गर्दछ । यसले उपन्यासको मूल ढाँचा निर्माण गर्ने काम गर्दछ । कथानकमा उपन्यासभित्रका अन्य घटना र धेरै कथाहरू समेटिएको हुन्छ। उपन्यासको कथानकका सम्बन्धमा राजेन्द्र सुवेदीका अनुसार कथाहीन कथामा जस्तै उपन्यासहीन उपन्यासमा पनि कथानक हुन्छ त्यो कथानक लेखकको कथनबाट प्रकट हुन्छ र कथाको भोक्ता पात्रका रूपमा वा कथयिता लेखककै अनुभूत प्रतिक्रियाका रुपमा प्रकट हुन्छ र त्यसले कथानकको स्वरुप ग्रहण गर्दछ (सुवेदी, २०६४, पृ.१९) । ‘कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । कथानकमा चरित्र,

विचार, बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ' (बराल र एटम, २०६६, पृ.२०,२१) । उपन्यासको प्रकृतिले पनि कथानकमा केही भिन्न-भिन्न रुपको सिर्जना गर्दछ । घटनाप्रधान उपन्यासमा कथानक कठोर नियममा आबद्ध भई विकसित हुन्छ भने चरित्रप्रधान उपन्यासमा त्यस्तो कठोर नियममा आबद्ध नभई केही शिथिल हुन्छ। त्यस्तै नाटकीय उपन्यासमा कथानक र चरित्र एकदमै मिलेर रहेका हुन्छन् (पौडेल, २०६८, पृ.७)।

यसरी विभिन्न विद्वानहरूका भनाइबाट के प्रष्ट हुन्छ भने कथानक लेखकको कथनबाट प्रकट हुन्छ र त्यसले कथानकको स्वरुप धारण गर्दछ। कथानकले कार्य र घटनाहरूको निरन्तरता र क्रमबद्धतालाई प्रस्तुत गर्नका साथै यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन्। यसमा चरित्र, विचार, बुद्धि, कल्पनाजस्ता कुराहरू समावेश हुन्छन्। कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने कार्य गर्दछ। उपन्यासको प्रकृति अनुसार पनि कथानकमा फरक-फरक रूपको सिर्जना गर्दछ। घटनाप्रधान उपन्यासमा कथानक कठोर हुन्छ, चरित्रप्रधान उपन्यासमा कथानकको कठोर नियम हुँदैन भने नाटकीय उपन्यासमा कथानक र चरित्र एकदमै मिलेर रहेका हुन्छन्। सम्पूर्ण उपन्यासको घटना र विषयवस्तुको प्रस्तुतीकरण गर्ने कथानक मौलिक र सुसङ्गठित हुनुपर्दछ। घटनाक्रमको विकाससँगै आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आवद्ध भएको कथानक नै सबल रहन्छ। कथानकको गतिलाई आधार मानेर यसको विकासका विभिन्न अवस्थालाई पहिचान गर्न सकिन्छ। यस अन्तर्गत विशेषतः आदि, मध्य र अन्त्य गरी तिनवटा अवस्था रहनसक्छन्। कथानकमा घटनाको विकास अप्रत्यासित रूपमा नभइ सहज रूपमा भएको हुनुपर्दछ। कौतुहल जगाउने खालको कथानक भएमा मात्र उपन्यास रोचक बन्दछ । कथानक स्वाभाविक र विश्वसनीय किसिमको हुनुपर्दछ । यसरी निर्माण भएको कथानकले उपन्यासका घटनाक्रमलाई बाँध्दै लगेको हुन्छ । सम्पूर्ण उपन्यास कथानककै शृङ्खलामा आबद्ध हुन्छ, त्यसैले यो उपन्यासलाई आकार प्रदान गर्ने प्राथमिक तत्त्वका रूपमा रहेको पाइन्छ।

## ३.३.२ पात्र वा चरित्र

उपन्यास सिद्धान्तले आत्मसात गरेका विभिन्न संरचक अवयवहरूमध्ये पात्र एक अपरिहार्य तत्त्व हो। पात्र वा चरित्र उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व मानिन्छ। सर्जकको चिन्तन,

विचार र दृष्टिकोणलाई निश्चित स्थानबाट ग्रहण गरेर निर्दिष्ट स्थानसम्म यात्रा गराउने साधन विशेषका रूपमा पात्रको महत्तालाई स्विकारिन्छ। पात्र वा चरित्रका माध्यमबाट नै उपन्यासकारले आफ्ना विचारहरू सम्प्रेषण गरेको हुन्छ। पात्र वा चरित्रहरू उपन्यासभित्र छुट्टा–छुट्टै र आ–आफ्नो विशेषता लिएर आएका हुन्छन्, जसअन्तर्गत कोही पात्र मुख्य भूमिकामा आएका हुन्छन् भने कोही गौण भूमिकामा आएका हुन्छन् । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रुपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६, पृ.२७) । उपन्यासको विषयवस्तुलाई बोकेर कुनै पनि कार्य सम्पादन गर्ने चरित्रलाई पात्र भनिन्छ । मानवजीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो। सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् (सुवेदी, २०६४, पृ.२३) । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन्, तसर्थ उपन्यासमा प्राण भर्ने काम चरित्रचित्रणले गर्दछ। पात्र वा चरित्रविना उपन्यासको कल्पना गर्न सकिदैन । पात्रहरूलाई माध्यम बनाएर नै उपन्यासकारले उपन्यासमा आफूले वा वस्तु–रचनाको आधार नै उपन्यासका पात्र हुन् (थापा, २०५०,पृ.१३३) । उपन्यासमा पात्रको अनिवार्यता रहन्छ। उपन्यासमा घटित घटनाहरूलाई पात्रद्वारा नै सञ्चालन गरिन्छ।

उपर्युक्त धारणाहरूलाई हेर्दा उपन्यासभित्र रहेका पात्र वा चरित्र भन्नाले त्यो मानव वा मानवेतर संवाहक शक्तिलाई बुझाउँछ, जसले कथावस्तुका सम्पूर्ण सन्दर्भ र अवस्थाहरूलाई बोकेर आद्योपान्तको यात्रा गर्छ र सोही यात्राको समष्टिबाट सिङ्गो उपन्यास खडा हुन्छ । उपन्यासमा विभिन्न सन्दर्भहरूबाट पात्रहरू चयन गरिन्छ। उपन्यासमा प्रयुक्त पात्रहरूलाई विभिन्न प्रकार र आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ, यस्ता प्रकारहरूमा गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक र पारम्परिक र मौलिक पर्दछन् भने यसका आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वाभाव, जीवनचेतना आसन्नता, आबद्धता आदिलाई लिइन्छ (बराल र एटम, २०६६,पृ.२७,२८,२९) । उपन्यासमा प्रयुक्त पात्रहरूको प्राकृतिक जात छुट्याउने आधार लिङ्ग हो । यसका आधारमा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन् । त्यस्तै उपन्यासमा पात्रहरूले गरेका कार्य मूल्यका आधारमा उनीहरूलाई वर्गीकरण गर्ने आधार कार्य हो । यस आधारमा प्रमुख, सहायक र गौण गरी तीन वर्गका पात्रहरू हुन्छन् । उपन्यासमा सबैभन्दा बढी कार्यमूल्य भएको पात्र प्रमुख, प्रमुखभन्दा केही

कम कार्यमूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण पात्र हुन्छन् । उपन्यासको कथानकबाट गौण पात्रलाई हटाउँदा त्यति ठूलो असर पर्दैन । स्वभावका आधारमा पात्रहरू गतिशील र स्थिर गरी दुई प्रकारका हुन्छन् । प्रवृत्तिका आधारमा पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा बाडिन्छ। उपन्यासमा पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् (बराल र एटम, २०६६, पृ.२९) । सकारात्मक भूमिका निर्वाह गरी स्रोताको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् पात्र हुन्छ र नकारात्मक भूमिका निर्वाह गरी स्रोताको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छ।

जीवन चेतनाका आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्टय तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ । उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ (बराल र एटम, २०६६, पृ.३०) । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेको हुन्छ। उपन्यासमा विभिन्न प्रकारका पात्रहरूको उपस्थिति हुने गरेकाले उपन्यास विधालाई बहु–पात्रीय भएको मानिन्छ।

## ३.३.३ परिवेश

उपन्यासमा प्रयुक्त हुने स्थान, समय र पात्रको सामाजिक र मानसिक अवस्था आदिको संयोजनलाई नै देश काल वातावरण परिवेश वा कार्यपीठिका भनी नामाकरण गरिएको पाइन्छ। उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, वातावरण अथवा घटनाहरू घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ। हड्सनले देशकाललाई भौतिक वा स्थल र सामाजिक वा सूक्ष्म भनी दुई भागमा विभाजन गरेका छन्। भौतिक वा स्थूल देशकाल भनेको चरित्रले कार्य गरेको स्थल (भूगोल) सम्बद्ध प्राकृतिक स्थिति एवम् समयवृत हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो (बराल र एटम, २०६६, पृ.३३) । कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । यसलाई कथनान्तरमा पर्यावरण, वातावरण, परिवृत्त, परिधिजस्ता शब्दहरूले सम्बोधन गर्ने गरिन्छ (सुवेदी, २०६४, पृ.२५) । स्थानीय विशिष्टता वा

स्थान विशेषको माटोको गन्ध दिन सक्नु नै परिवेश प्रधान वा आञ्चलिक उपन्यासको खुबी मानिन्छ (पौडेल, २०६८, पृ.१०)।

परिवेश सम्बन्धी उपर्युक्त धारणालाई हेर्दा जुन समाजका पात्रहरूद्वारा घटनाहरू घटित हुन्छन् त्यसै समाजको भौतिक तथा भावनात्मक परिवेशले उपन्यासमा सत्यापनको सिर्जना गरी विश्वासनीयतामा अभिवृद्धि गर्दछ । वस्तु जगत्मा विभिन्न घटनाहरूलाई चलायमान बनाउनको निमित्त आउने पात्रका आफ्नै अवस्था र परिस्थितिहरू हुन्छन् र सो परिस्थितिको निर्माण गर्ने कार्यमा तत्कालीन समयले अहम् भूमिका निर्वाह गर्दछ । यसरी उपन्यासमा प्रयुक्त हुने स्थान, समय, पात्रको सामाजिक र मानसिक अवस्था आदिको संयोजनलाई नै देशकाल वातावरण, परिवेश वा कार्यपीठिका भनिन्छ । परिवेश अन्तर्गत समेटिन आउने स्थान, समय, रीतिरिवाज, रहनसहन भेषभूषा, विचार, चिन्तन तथा प्राकृतिक पृष्ठभूमि सबैलाई दृश्यात्मकताका आधारमा आन्तरिक र बाह्य गरी दुवै भागमा विभाजन गर्न सकिन्छ। आन्तरिक परिवेश अन्तर्गत पात्रका मनोलोकमा देखिन आउने डर, त्रास, उत्तेजना, उत्साह आदि जस्ता कुराहरू पर्दछन् । बाह्य परिवेशलाई प्राकृतिक वा धरातलीय, सामाजिक, सांस्कृतिक आदि भागमा उपविभाजन गर्न सकिन्छ।

उपन्यासभित्रको वातावरणले कथानकलाई पनि सङ्केत गरेको हुन्छ । उपन्यासकारले विभिन्न किसिमको वातावरणको सिर्जनामार्फत त्यही अनुरुप कथानकले लिनसक्ने मोडलाई अनुमान गर्न सकिन्छ । परिवेशभित्र समेटिने समयवृत्त देश–काल, वातावरण परिस्थितिले कथानकको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले औपन्यासिक तत्त्वमा परिवेशलाई अनिवार्य तत्त्वको रूपमा लिने गरिन्छ।

## ३.३.४ उद्देश्य

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये उद्देश्यलाई महत्त्वपूर्ण अङ्गका रूपमा स्विकारिन्छ । उपन्यासका माध्यमबाट लेखकले जीवन र जगत्सम्बन्धी दिन खोजेको अभिव्यक्ति नै वास्तवमा उपन्यासको उद्देश्य हो । लेखकले आफ्नो कृतिका माध्यमबाट कुनै न कुनै विचार प्रवाहित गर्ने लक्ष्य राखेकै हुन्छ जसलाई सिर्जनाको उद्देश्य वा प्रयोजन भनिन्छ। आरम्भका उपन्यासमा नीति शिक्षा वा "सत्य शिवं सुन्दरम्" को भावना उद्देश्यका रूपमा प्रत्यक्ष कथनको शैलीमा टड्कारो

भएर देखिन्थ्यो तर आजका उपन्यासमा उद्देश्यको अभिव्यञ्जन विभिन्न घटना, प्रसङ्ग, चरित्र, परिवेश आदिको कार्य व्यापारका माध्यमबाट अप्रत्यक्ष शैलीमा प्रकट गर्ने कलाको विकास भएको पाइन्छ (पौडेल, २०६८, पृ.१२) । जीवनको कुनै उद्देश्य हुन्छ । बाँच्नुको कुनै अर्थ हुन्छ र गर्नुको कुनै आशय हुन्छ । यही अर्थ र आशयको समष्टिको नाम नै जीवन हो । साहित्यमा यही जीवनको अभिव्यक्ति हुन्छ (थापा, २०५०, पृ.१५२) ।

यी विभिन्न भनाइबाट के प्रष्ट हुन्छ भने उपन्यास लेखनमा पहिला नीति शिक्षाको भावना अनुरुपलाई उद्देश्यका रूपमा प्रत्यक्ष कथनको शैलीमा टड्कारो भएर देखिन्थ्यो तर आज भने उपन्यासकारले जीवन र जगत्सम्बन्धी धारणालाई आफ्नो कृतिमा समाहित गरेर विचारवाक्यका रूपमा उद्देश्यलाई प्रत्यक्ष रूपमा देखाउन पनि सक्छ र कथानक, परिवेश, चरित्रचित्रण, भाषा आदि तत्त्वको संयोजनबाट अघोषित रूपमा अन्ततहबाट घोषित गर्न पनि सक्छ । त्यसैगरी साहित्यमा लेखकको जीवन बाँच्नुको अर्थ भए जस्तै लेखकले आफ्नो लेखनमा पनि अर्थ र उद्देश्य प्रकट गर्दछ । उपन्यासभित्र समाज, व्यक्ति, संस्कृति, इतिहास, जाति सभ्यता, धर्म, लिङ्ग आदि जस्ता विविध विषयवस्तुलाई उठाई त्यसको यथार्थपक्ष, सामाजिक प्रतिष्ठा आदि मध्ये कुनै न कुनै कुराको पक्षपोषण गरिएको हुन्छ । पात्रका माध्यमबाट आफ्नो विचार अभिव्यक्त गर्दछ, त्यसैले उपन्यासभित्र भन्न खोजेको, देखाउन खोजेको विविध पक्ष वा पाटोलाई नै उपन्यासको उद्देश्य भनिन्छ । त्यसकारण उपन्यासको अन्य तत्त्व झैं उद्देश्यलाई पनि अनिवार्य र महत्त्वपूर्ण तत्त्वको रूपमा लिने गरिन्छ ।

### ३.३.५ दृष्टिविन्दु

उपन्यास लेखनमा लेखकले कथानक, पात्र, परिवेश आदिको वर्णन गर्नका लागि रोजेको कथनभूमि वा स्थान नै दृष्टिविन्दु हो । अथवा कुनै उपन्यास कसको हो, त्यसलाई पाठकसामु वर्णन गर्ने वाचक को हो र उसले कसरी भनिरहेको छ भन्ने कुरा नै दृष्टिविन्दु हो । उपन्यासका सम्पूर्ण घटनाक्रमलाई देखाउने विन्दुका रूपमा कसले कहाँ बसेर भनिरहेको छ भन्ने कुराको पहिचान नै दृष्टिविन्दु हो । आख्यानको कथकलाई दृष्टिविन्दु भनिन्छ । यसलाई समाख्याता व्यक्ति वा दृष्टिविन्दु पात्रका रूपमा पनि चिनाउने गरिन्छ (पौडेल, २०६८, पृ.१३) । उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो (बराल र एटम, २०६६, पृ.३५) । लेखकले निश्चित दृष्टिविन्दुमा रहेर रचना गर्दछ । दृष्टिविन्दु पनि विभिन्न

किसिमका हुन्छन् । उपन्यासमा प्रयुक्त कथयिताले कतै 'म' वा 'हामी' बनेर 'म' वा 'हामी' कै कथा भनिरहेको हुन्छ भने कतै 'ऊ', 'उनी', राम, श्याम आदिको कथा भनिरहेको हुन्छ । कथयिताले कथावाचन गरेको आधारबाट दृष्टिविन्दु पत्ता लगाउन सकिन्छ । दृष्टिविन्दुको पहिचान कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा राजेन्द्र सुवेदी भन्छन्, 'समग्र भोगको भोक्ताको रूपमा लेखक स्वयं उपस्थित हुने र लेखकले भोक्ताका रूपमा पात्रलाई नियोजित गरिने कार्यका आधारमा तयार हुने भोक्ताका रूपमा दृष्टिविन्दुको पहिचान गरिन्छ' (सुवेदी, २०६४, पृ.२८)।

दृष्टिविन्दुको वर्गीकरणका सम्बन्धमा कृष्णहरि बराल र नेत्र एटमका अनुसार दृष्टिविन्दु तीन प्रकारका हुन्छन्, 'बाह्य वा तृतीय पुरुष, आन्तरिक वा प्रथम पुरुष र सम्बोधित वा द्वितीय पुरुष गरी तीन प्रकारका हुन्छन् (बराल र एटम, २०६६, पृ.३५) । उपन्यासमा उपन्यासको कथावाचकका रूपमा 'म' वा 'हामी' पात्र आएको छ भने प्रथम पुरुष दृष्टिविन्दु हुन्छ। यस्तो पात्र उपन्यासको प्रमुख, सहायक वा गौण जे भए पनि उसले आफू लगायत अरुको पनि कथा भन्न सक्दछ। लेखक घटनाभन्दा पृथक रहेर पात्रका माध्यमले आख्यान प्रस्तुत गर्दछ भने तृतीय पुरुष दृष्टिविन्दु हो । आन्तरिक दृष्टिविन्दु भएको उपन्यासमा कथयिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्र संलग्न गराए जस्तै गरी आएका हुन्छन् । कथयिताले चाहेको कुरा 'म' का रूपमा व्यक्त गर्दछ। पात्रका कार्यका आधारमा आन्तरिक दृष्टिविन्दुलाई पनि केन्द्रीय र परिधीय गरी छुट्याउन सकिन्छ जसमा 'म' वा 'हामी' पात्र यदि उपन्यासको प्रमुख पात्र छ र उसले आफ्नै कथा सबैभन्दा धेरै भनिरहेको छ भने त्यो प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु हुन्छ र 'म' वा 'हामी' पात्र उपन्यासको प्रमुख पात्र होइन उसले केवल प्रत्यक्ष प्रसारणका रूपमा आफ्नो थोरै र अरुको धेरै कथा भनिरहेको छ भने त्यो प्रथम पुरुष परिधीय दृष्टिविन्दु हुन्छ। तृतीय पुरुष दृष्टिविन्दुलाई पात्रका कार्यव्यापारका आधारमा सर्वज्ञ र सीमित गरी छुट्याउने गरिन्छ। प्राय : रचनाहरू तृतीय पुरुष र प्रथम पुरुष दृष्टिविन्दुमा आधारित हुन्छन् भने द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग भने रचनामा बिरलै भएको पाइन्छ। कुनै न कुनै रूपमा दृष्टिविन्दुको अनिवार्य र महत्त्वपूर्ण भूमिका हुने गर्दछ।

## ३.३.६ भाषाशैली

भाषा मानवीय संवेदनाहरूको विनिमय गर्ने त्यो साधन हो, जसका माध्यमबाट व्यक्ति अरुका अगाडि वैचारिक रूपमा प्रकट हुन्छ र अरुका विचारहरू समेत ग्रहण गरेर आफ्नो

क्षमताको विस्तार गर्दछ भने त्यसैगरी भाषिक कलाको अभिव्यक्ति गर्ने सन्दर्भमा सर्जकको कथन ढाँचा वा ढङ्गलाई शैली भनिन्छ। भाषाकै माध्यमबाट लेखकले आफ्नो विचार कृतिमा प्रकट गरेको हुन्छ। भाषालाई सिलसिलाबद्ध र कलात्मक ढङ्गले प्रस्तुति दिन सक्नु नै शैली हो, त्यसैले उपन्यास रचना गर्दा भाषाशैलीलाई विशेष ध्यान दिई लेखेमा उत्कृष्ट बन्न पुग्दछ। उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ। यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्यभाषाको प्रयोग गरिन्छ। उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुरुप हुने गर्दछ (बराल र एटम, २०६६, पृ.३९)।

व्यक्तिको आफ्नो भाव वा  विचार व्यक्त गर्ने माध्यम नै भाषा हो। भाषाको माध्यमद्वारा विभिन्न भाव या विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो। शैली नै व्यक्तिको स्वरुप हो (थापा, २०५०, पृ.१४२)। साहित्यको माध्यम भाषा हो। उपन्यास पद्यका विपरीत गद्य साहित्यिक विधाका रूपमा चिनिन्छ। त्यसैले यसको भाषा पद्यको जस्तो लयबद्ध, कृत्रिम, क्लिष्ट, कसिलो र बढी विचलनयुक्त नभई त्यसका विपरीत लयमुक्त वा न्यूनलयबद्ध, स्वाभाविक सरल, कम कसिलो वा खुकुलो र अपेक्षाकृत न्यून विचलन गरिएको हुन्छ (पौडेल, २०६८, पृ.१०,११)। विभिन्न विद्वानहरूको मतलाई हेर्दा उपन्यास एक भाषिक कला भएकाले भाषाका माध्यमबाट जीवन जगत्लाई बुझ्नु र बुझाउनु उपन्यासकार र उपन्यासको आफ्नै धर्म हो। भाषाले आफ्नो मौलिकता र पहिचानलाई बोकेको हुन्छ। उत्कृष्ट र स्तरीयता समेतलाई प्रकट गरेको हुन्छ। भाषाकै माध्यमबाट रचना शक्तिशाली बन्दछ।

'वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषाका विविध रूपको प्रयोग पनि उपन्यासमा गरिन्छ। उच्चवर्गले प्रयोग गर्ने भाषा गम्भीर, औपचारिक र स्तरीय हुन्छ। संस्कृत तत्सम शब्दका प्रयोगले बोझिलो हुने हुँदा निम्नवर्गले बोल्ने भाषा अनौपचारिक हुने भएकाले तद्भव शब्दको बढी प्रयोग हुने गर्छ' (बराल, एटम, २०६६, पृ.४०)।

उपन्यास भाषाको गद्यात्मक स्वरुपलाई ग्रहण गरेर जन्मने विधा हो। यसमा भाषाको प्रयोग गर्दा लयमुक्त, स्वाभाविक सरल, कम कसिलो र अपेक्षाकृत न्यून विचलन गरिएको हुन्छ। उपन्यासभित्र प्रयुक्त अन्य तत्त्वहरूका आधारमा मात्र उपन्यास सफल हुँदैन, यसमा प्रयोग गरिएको भाषा र शैलीलाई व्यवस्थित र श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिनुपर्छ। स्तरीय र

सम्प्रेषणीय भाषा र सरल सहज शैलीलाई अँगाली लेखिएका रचनाहरू नै सबैले रुचाउँछन् तसर्थ उपन्यास रचनामा भाषा र शैलीलाई पनि प्रमुख तत्त्वका रूपमा लिने गरिन्छ।

## ३.४ निष्कर्ष

उपन्यास विधालाई विश्व साहित्यका फाँटमा नवीनतम विधाका रूपमा लिइन्छ। अहिले धेरैले रुचाएको विधा उपन्यास भएकाले यो विधा लोकप्रिय बन्न सफल भएको छ। उपन्यास मानवीय प्रवृत्तिका अनेक घुम्ती र मोडहरूलाई छिचोल्दै समाजका यावत पक्षलाई समेटेर तिनैबाट टिपिएका विषयवस्तुलाई जीवन्त रूपमा प्रस्तुत गर्ने हुनाले अन्य विधाको तुलनामा यो विधा अत्यन्तै श्रेष्ठतम विधाको रूपमा लिने गरिन्छ।

उपन्यासलाई अङ्ग्रेजी साहित्यमा नोभेल (Novel) का रूपमा स्थापित भई विकसित हुन थाल्यो र यो विश्वका विभिन्न भाषाका साहित्यिक फाँटमा समेत प्रविष्ट भएर व्यापक बन्दै गयो। उपन्यासको अर्थ नजिक राख्नु, स्थापना गर्नु र आख्यानका रूपमा पनि लिने गरेको पाइन्छ। उपन्यासको आकार, प्रकार, बनावट र परिभाषा सम्बन्धी विभिन्न विद्वानहरूले फरक–फरक मत व्यक्त गरेका छन्। कसैले निश्चित आकार प्रकार र स्पष्ट स्वरुपका बारेमा किटानी गरेका छन् भने कसैले यसले ओगट्ने विषयवस्तु र स्वरुप जस्तोसुकै पनि हुन सक्ने मत व्यक्त गरेका छन् भने परिभाषामा कसैले उपन्यासलाई जीवनको यथार्थलाई भाषामा उतार्ने विधा हो, यसले मानवजीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्ता अन्य कला र साहिन्यभन्दा स्वाभाविक रुपले बढी छ जस्ता विचार व्यक्त गरेको पाइन्छ ।

यसैगरी उपन्यासका तत्त्वका बारेमा पनि विभिन्न विद्वानहरूले आ–आफ्नै मत राखेको पाइन्छ । जसमध्ये कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैली नै उपन्यासका प्रमुख तत्त्व हुन् भन्ने कुरामा अधिकांश विद्वान्हरू सहमत देखिन्छन्। उपन्यासका एक वा एकभन्दा बढी कथानक हुन्छन्। जसलाई प्रमुख कथा र सहायक कथा भनिन्छ। कथानकले उपन्यासलाई सबल र मूर्त तुल्याउँछ, साथै उपन्यासलाई गतिशील बनाउने मुख्य अङ्गका रूपमा पनि कार्य गर्दछ। उपन्यासको कथानकलाई गतिशील बनाउँदै अगाडि बढाउने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान र वातावरण अथवा घटनाहरू घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ। पात्रहरूले एउटा निश्चित

परिवेशलाई अँगालेर त्यहाँको देश काल र वातावरणको चित्रण गर्दै अगाडि बढ्छन् । लेखकले एउटा निश्चित दृष्टिविन्दुमा उभिई पाठकसामु सम्पूर्ण कथा र घटनाक्रमलाई प्रस्तुत गर्दछ।

त्यस्तै, विभिन्न विचार सकारात्मक नकारात्मक यथार्थ, कल्पना आदिको प्रयोग गरी सुधारात्मक वा जानकारीमूलक उद्देश्य दिनकै निम्ति लेखकले कुनै पनि कृतिको रचना गर्दछ, जुन रचनालाई भाषाकै माध्यमबाट लेखकले आफ्नो विचार कृतिमा प्रकट गर्दछ । भाषालाई सिलसिलाबद्ध र कलात्मक ढङ्गले प्रस्तुति दिन लेखकले आफ्नो क्षमताअनुरुपको शैलीको प्रयोग गरी बढीभन्दा बढी रचना उत्कृष्ट बनाउँन खोज्दछ, जसको परिणाम राम्रो पनि हुन सक्छ र दुर्बोध्य पनि हुन सक्छ। यी सम्पूर्ण तत्त्वहरूको समुचित संयोजनबाट नै लेखकले एक सफल उपन्यासको निर्माण गर्न सक्छ तसर्थ यी सम्पूर्ण तत्त्वहरू उपन्यासका अनिवार्य र महत्त्वपूर्ण अङ्ग हुन् । यिनै तत्त्वलाई आधार मानी उपन्यास रचना गरिने भएकाले उपन्यास विधालाई सबैले रुचाएको छ । यिनै औपन्यासिक विधातत्त्वका आधारमा यहाँ थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासहरूको अध्ययन गरिएको छ।

# चौथो परिच्छेद

# थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासको विश्लेषण

## ४.१ विषय प्रवेश

थाम्सुहाङ पुष्प सुब्बा नेपाली साहित्यका कविता, कथा, उपन्यास, नियात्रा, जीवनी, खण्डकाव्य, समालोचना र महाकाव्य आदि विभिन्न विधाहरूमा आफ्नो सिर्जनशील क्षमता देखाइसकेका छन् । वि.सं. २०३० मा *अदृश्य व्यथा* प्रकाशित गरी औपन्यासिक क्षेत्रमा प्रवेश गरेका सुब्बाका *अदृश्य व्यथा* र *कुल्चिएको अस्तित्व* (सन् २००५) गरी दुईवटा उपन्यास प्रकाशित भएका छन् । यस परिच्छेदमा सुब्बाका औपन्यासिक कृतिहरूको उपन्यास तत्त्वका आधारमा विश्लेषण गरिएको छ।

## ४.२ अदृश्य व्यथा उपन्यासको विश्लेषण

### ४.२.१ पृष्ठभूमि

*अदृश्य व्यथा* थाम्सुहाङ पुष्प सुब्बालाई उपन्यास जगत्मा प्रवेश गराउने प्रथम कृति हो । यो उपन्यास सम्वत् २०३० सालमा श्रीराज प्रकाशन दार्जिलिङले प्रकाशनमा ल्याएको हो । संरचनागत मूल्याङ्कन गर्दा यो छोटो छरितो कृतिका रूपमा रहेको छ । यो उपन्यासलाई थाम्सुहाङ पुष्प सुब्बाले 'ती दौंतरीहरूलाई जसको उरभित्र अदृश्य व्यथा जीवित छ' भनी समर्पण गरेका छन् (सुब्बा, २०३०, पृ.३) । यस उपन्यासमा आयामेली आन्दोलनका प्रवर्तक बैरागी काइँलाले 'केही कुरा' शीर्षकमा भूमिका लेखेका छन् । उनले उपन्यासलाई 'भर्खर किशोर हुन लागेको हाम्रो समाजको यौटा अल्लारे युवकको अल्लारे कथा हो यो' भनी उपन्यासलाई 'अल्लारे' को उपमा दिएका छन्' (सुब्बा, २०३०, पृ.७) । त्यसैगरी यस उपन्यासका युवक पात्रमा परम्परागत आफ्नो विवाहबाट पनि असन्तुष्ट, स्वच्छन्द प्रणय र शारीरिक सम्बन्ध राख्न पनि डराउने रुढिग्रस्त विचारले आत्तिने युवकको मानसिक–आन्तरिक द्वन्द्वलाई यसमा वर्णन गरिएको पाइन्छ।

यो उपन्यास थाम्सुहाङ पुष्प सुब्बाले आफ्नो कलेज जीवनका समयमा लेखेका हुन्। यो उपन्यास ८० पृष्ठ र ८ परिच्छेद/खण्ड संरचित छ । यो उपन्यासमा जीवनप्रति विसङ्गत अवस्थाको चित्रण हुँदा–हुँदै पनि यसमा आशावादी पनि पाइन्छ । सुब्बाले यो उपन्यास

वि.सं.२०२७ मा लेखेका हुन् भने प्रकाशन चाहिँ तीन वर्षपछि मात्र भएको हो । सुब्बाले यो उपन्यास आफू युवा अवस्थामा हुँदा भोगेको स्थितिलाई समेटेर लेखेको पाइन्छ । जसअन्तर्गत तत्कालीन नेपाली समाजमा देखिएका युवाहरूका विसङ्गत अवस्थालाई प्रस्तुत गरेको छ । उपन्यास *अदृश्य व्यथा* बीसको दशकको उत्तारर्द्धतिरको नेपाली उपन्यासको आधारभूत प्रवृत्तिबाट प्रभावित उपन्यास देखिन्छ । बाँस्कोटाले *नागरिक* पत्रिकामा प्रकाशित लेखमा 'लघु आकारको चेतन प्रवाहात्मक शैलीको आभास हुने यो उपन्यास विसङ्गतिवादी–अस्तित्ववादी औपन्यासिक प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने किसिमको उपन्यास हो' (२०७२,कार्तिक २१)भनेका छन् ।

यस उपन्यासले नेपाली उपन्यास लेखन परम्पराको तत्कालीन आयामेली तथा अस्तित्ववादी प्रवृत्तिलाई पनि प्रतिनिधि गरेको देखिन्छ। सापकोटाले *जनमत* पत्रिकाको प्रकाशित लेखमा पुरातन पद्धतिलाई अस्वीकार गर्ने तर विद्रोह भने गर्न नसकी त्यसका कारण कुण्ठित भई पिल्सिने एक युवाको अन्तर्द्वन्द्वात्मक उपन्यासमा प्रस्तुत गरिएको छ (२०६७,साउन) भनेका छन् । यस उपन्यासलाई आयामेली साहित्य रचना कालक्रमको एउटा उपलब्धिका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

## ४.२.२ औपन्यासिक तत्त्वका आधारमा अदृश्य व्यथा उपन्यासको विश्लेषण

### ४.२.२.१ कथानक

उपन्यासको प्रमुख पात्र प्रेम निष्पट्ट मध्यरातको अँध्यारोमा हिडिरहेको क्षणसँगै प्रथम खण्ड आरम्भ भएको छ। उसको मित्र चन्द्र पनि लठ्ठी टेक्दै अँध्यारोमै आफ्नो कोठातिर गइरहेको हुन्छ। अँध्यारोमै उनीहरूको जम्काभेट हुन्छ। चन्द्र प्रेमको शैशवकालको मित्र हो। चन्द्रले प्रेमको बारेमा जिज्ञासा राख्दा प्रेमले भन्छ 'मैले यहाँ एउटी समवयस्का आइमाई खोज्नुपरेको छ र रातसित एउटा संघर्ष गर्नुपरेको छ' (सुब्बा, २०३०, पृ.३ ) भन्दै आफ्नो कुरा बताउँछ तब चन्द्रले नीला भन्ने केटीका बारेमा बताइ दिएर प्रेमलाई आफ्नो कोठामा लान्छ। सुमन भन्ने चन्द्रकी भान्जीले प्रेमलाई रक्सीले स्वागत गर्छे । सुमनले प्रेमलाई भाइ भनेर सम्बोधन गर्छिन । सुमनले टक्र्याएको रक्सीभन्दा बढी सुमनलाई पिउन पुग्छ प्रेमले । प्रेमको दृष्टि सुमनको पृष्ट यौवन साथै मिठा वाक्यांशले उसलाई सुमनतिर खिचिसकेको हुन्छ । यस्तैमा चन्द्र र प्रेम सुत्न जान्छन् । पल्लो

कोठामा सुमनको तातो श्वासको वासनाले प्रेम मात्तिएर रात बिताएको प्रसङ्गसँगै पहिलो खण्डको कथानक समाप्त हुन्छ।

दोस्रो खण्डमा आइपुग्दा प्रेम फेरि अतीततिर फर्कन्दै नीला र सुमनबिच दरिलो सम्बन्ध भएको सम्भिmन पुग्छ। चन्द्र बिहानै हिडिसकेको र आज नआउने कुरा सुमनबाट थाहा पाउँछ। नीला आउँछे भनेर प्रेमले पर्खिरहेको हुन्छ तर उनी आउदिनन्। त्यसपछि सुमनले नीलाको विवाह भइसकेको जानकारी गरेपछि प्रेमले नीलाप्रति घृणा व्यक्त गर्दै आज उप्रान्त लेशमात्र पनि मेरो सम्बन्ध छैन भन्छ। नीला र प्रेम कलेज पढ्दाका साथी हुन्। प्रेम चन्द्रको घरमा एकरात बसेपछि भोलि भालेका डाकमा नीलाको सम्झना गर्दै हिडेपछिको दृश्यसँगै दोस्रो खण्ड समाप्त हुन्छ।

यस उपन्यासको तेस्रो खण्डमा आइपुग्दा कथानकले प्रेमको कलेज जीवनको समयतिर केन्द्रित गर्छ। प्रेम नीलासँग चियाबारीमा गफ गर्दै बसिरहेको छ। त्यहाँका मजदूरहरू आफ्नै पाराले काम गर्न मस्त देखिन्छन्। प्रेमले नीलालाई चुम्बन गर्दै, ‘मैले उनी मात्र होइन धेरै आइमाईहरूको नाङ्गो ओठको अस्तित्व लुटेको छु’ (सुब्बा, २०३०, पृ.२५) भनेर मनमनै सोच्छ। प्रेमले नीलालाई विभिन्न तरिकाले जाच्दछ तर नीला भने कुनै कुराको वास्तै नगरी प्रेमको परिक्षामा सामेल हुन्छे। प्रेमले कसम खाएर नीलाको सिउँदोमा सिन्दुर लगाइदिन्छ। उनीहरूबिच बहुविवाहका बारेमा कुरा चल्दछ। प्रेमले आफू विवाहित भै सकेकोभन्दा पनि नीलाले वास्तै नगरी प्रेमलाई एकोहोरो प्रेम गरिरहन्छिन्। तर प्रेमले भने मनमनै नीलालाई केवल एक कठपुतलीझैं खेलाइ एकदिन फ्याक्ने सुरमा लागेको हुन्छ, तसर्थ नीलालाई वास्तविकता जस्तो लागे पनि प्रेमलाई चाहिँ एउटा नाटकझैं लागि रहन्छ। यिनै प्रसङ्गसँगै यो खण्ड सकिन्छ।

यस उपन्यासको चौथो खण्डमा नीला कोठामा नभएको समयमा चन्द्र आइपुग्छ। चन्द्रले प्रेम र नीलाको बारेमा सोध–खोज गर्छ। चन्द्र कोठामा आइदिंदा प्रेमलाई दिक्क लागेको छ। प्रेमले छिटोभन्दा छिटो चन्द्रलाई कोठाबाट हटाउनको लागि विभिन्न बहाना बनाउने सुरमा लाग्छ। बेलुका चन्द्र जाने बित्तिकै नीला आइपुग्छे। नीलाले सुमनले पठाएको पत्र ल्यादिएको हुन्छ। प्रेमको सफलतामा आफ्नो सन्तुष्टि रहने कुरा पत्रमा उल्लेख भएको हुन्छ। सुमनले पठाएको पत्रको जवाफ पठाउन प्रेमलाई इच्छा भएन। सुमनसँग पनि कुनै एकदिन वल्लो–पल्लो कोठामा एउटा सानो छेकवारद्वारा छुट्टिएर समय बिताएको क्षणलाई मनमनै सोच्दै प्रेम बसिरहन्छ। यत्तिकैमा चार खण्ड सकिन्छ। यस दृश्यबाट कथानकले मध्य श्रृङखलामा प्रवेश गर्छ।

पाँचौ खण्मा नीला र प्रेमको जीवन नियमित रूपमा अघि बढी रहयो । प्रेमको इलाम बसाई यो चौथो वर्षको समय हो । चारवर्ष अगाडि नीलासँग चियाबारीको चौतारामा प्रेमको पहिलो साहचर्य भएको थियो। वास्तवमा प्रेम नीलालाई निश्चित समयको लागि एउटी खेलौनाका रूपमा हेर्दछ। नीला भने उसलाई पूर्ण विश्वास गरिरहन्छे। परिक्षाको अन्तिम दिन घर गएपछि के गर्ने भन्ने विषयमा छलफल चल्दा पनि प्रेममा नीलालाई युगयुगान्तर खेलाइरहने तर श्रीमतीका रूपमा स्वीकार नगर्ने खराब सोचमा रहेको हुन्छ। यत्तिकैमा उनीहरू एक आपसमा छुट्टिन्छन् । भविष्यको चिन्ता गर्दै उनीहरू आ–आफ्नो घरतिर लागेपछि यो खण्ड समाप्त हुन्छ।

छैटौं खण्डमा प्रेमको विवाहको औपचारिक कार्यक्रम भएको प्रसङ्ग समेटिएको छ । कानुनले बहुविवाहलाई बर्जित गरेको भएपनि समाजले उसको दोस्रो विवाह गरिदिएको छ । उसको पहिलो विवाह पनि बालविवाह थियो । आफू नियम कानुनसँग परिचित भएपनि उसले सामाजिक अन्धविश्वास र कुसंस्कारको अघि केही गर्न सक्तैन, बरु आफै नतमस्तक बन्दछ । प्रेमकी नयाँ दुलहीसँग उसको समय बित्दै जाँदा नयाँ दुलही रुपाले समाजको दवदवाप्रति आलोचना गर्छे । रुपाले प्रेमलाई प्रश्न गर्छे, ‘स्वास्नीमान्छेको यस्तो आलोचना गरिने ठाउँमा के लोग्ने मान्छे सर्वे–सर्वा छन् ? समाजको सदाचारप्रति उनीहरू शत–प्रतिशत प्रतिष्ठानवान छन् ? एउटा जमातले नै उनीहरूले यहाँ सभ्य–समाजको सृजना गर्न सक्छन् ?’ (सुब्बा, २०३०,पृ. ६३) भन्छिन् । तब यस्तो प्रश्न सुनेर प्रेम चकित हुन्छ । त्यसको जवाफमा प्रेमले, ‘समाजमा सङ्घर्ष गरेर जिउनु पर्छ’ भन्दै रुपालाई सम्झाउँछ । यस्तै विचारहरू आदान–प्रदान गर्दै दुवैले दिनहरू बिताइरहेको हुन्छ । पत्र आदान–प्रदान गर्ने पूर्वसर्त अनुसार नीलाले प्रेमलाई धेरै पटक पत्रहरू लेख्छिन्, तर प्रेमले नीलालाई पूर्णरुपमा धोका दिएकोले कुनै पत्रको जवाफ फर्काएको थिएन । त्यसै–त्यसै उसको समय बित्दै जान्छ। यक्तिकैमा यो खण्ड पनि सकिन्छ।

सातौं खण्डमा प्रेमिका नीलाले पनि आफू विवाह बन्धनमा बाधिन बाध्य भएको कुरा पत्रमार्फत उल्लेख गरेकी हुन्छे। समाज, संस्कारका कारण नीलाको विवाह भएको छ। नीलाले पत्रमा जस्तो सुकै परिस्थिति आएपनि प्रेमसँग माया गरिरहने नीलाको दृढ संकल्प छ। नीलाले प्रेमलाई पत्रमार्फत, ‘म कसैको प्रेमले पागल छु चाहे तिरस्कृत कटाक्षले नै मलाई हेर्नुहोस्’ (सुब्बा, २०३०, पृ. ६९) भनेर लेख्छे। अन्धकारसँग सङ्घर्ष गर्दै जीवन बिताउने नीलाको अठोट छ, तर प्रेम चाहिँ नवदुलही रुपासँगै रमाइरहेको हुन्छ। प्रेमको प्रवृत्ति नै नयाँ–नयाँ महिलाहरूको खोजी रहेको देखिन्छ, तर यस्तो कुराबाट नीला अन्जान थिइन्। नीलाले प्रेमलाई अझै पनि आत्मिक प्रेम

गर्छे, त्यसैले प्रेमको पत्र आउँछ भन्ने आसमा हुन्छे। प्रेमले आफ्नो अतीत सम्झिन्दै लेख्छ, 'खासमा तिमीले यौवनको छटा श्रृङ्गार नदेखाएको भए म कसरी आकर्षित हुन्थें र मैले नदेखाएको भए तिमी कसरी ? मानवबाट यसरी नै बराबर भूलहरू हुन्छन्'(सुब्बा, २०३०, पृ. ७५)। अतीतका ती भूलहरूले गर्दा नै हामी सही मार्गमा अघि बढ्न सक्छौं भनी पत्रद्वारा नीलालाई सम्झाएको हुन्छ। त्यसैगरी आफू पनि बाँच्ने र नीलालाई बाँच्नको लागि अनि रुपा पनि बाँचोस भन्ने आग्रह गर्दै अब उप्रान्त बन्धुत्वको नाताले हेर्न चाहेको र रुपालाई सौता होइन भौजू भनेर सम्बोधन गर्नु भन्ने धारणा भएको पत्र नीलालाई पठाउँछ। यस प्रकार नीलाका धेरै पत्रहरूको एउटै उत्तर दिएर नीलाबाट प्रेम सदाका लागि टाढिन्छ। यत्तिकैमा यो खण्ड पनि सकिन्छ।

यस उपन्यासको आठौं खण्ड अन्तिम खण्डका रूपमा रहेको छ। यस खण्डमा टुङ्ग्याउने किसिमले ४ पेज मात्रै राखेको देखिन्छ। यस खण्डमा आइपुग्दा पात्र सुमनसँगको प्रसङ्ग जोडिन पुग्छ। एकदिन सुमन र प्रेमको भेट हुन्छ। प्रेमले नीलालाई धोका दिएको सुमनलाई थाहा हुन्छ। त्यसैकारण सुमन नीलाका बारेमा प्रेमलाई विभिन्न प्रश्नहरू सोध्छे। प्रेमले नीला जे सुकै गरेर बाँचोस् त्यसको कुनै मतलब नभएको र आफू भने समाज सेवा गरेर बाँच्ने इच्छा व्यक्त गर्दछ, जहाँ समाजमा रहेको कुरीतिहरूको अन्त्य गर्दै सबैलाई समान अधिकार दिनु र मुख्यतः समाजलाई न्यायको सुमार्गमा डोऱ्याएर बिताइदिने विचार गर्दै सुमन दिदीसँग बिदा हुन्छ। प्रेमले यसमै अघि बढ्ने भनी अठोट गर्दाको अवस्थामा उपन्यासको कथानक अन्त्य भएको छ।

*अदृश्य व्यथा* उपन्यासमा एक युवकले विसङ्गतिपूर्ण जीवन बिताएको पलहरू नै कथानकको स्रोतको रूपमा प्रयोग भएको छ। यस उपन्यासमा कलेज पढ्दै गरेको एक युवकको चरित्रमा देखा परेको उत्तार–चढावलाई प्रस्तुत गरिएको छ। विजय सापकोटाले जनमत पत्रिका (२०६७, साउन) को प्रकाशित लेखमा उपन्यासको कथानक क्षीण र गतिहीन छ। उपन्यासकारले घटनालाईभन्दा पनि चरित्रको मनोदशा र मनोद्वन्द्वलाई चित्रण गर्न चासो देखाएका हुनाले पनि यसको कथानकमा घटनालाई खासै महत्त्व दिएको छैन। त्यसैले कथानक स्थूल छैन भनेका छन्। हाम्रो समाजमा विद्यमान किशोरावस्थाका समस्या र भावनालाई यस उपन्यासले आफ्नो कथावस्तु बनाएको छ। उपन्यासमा लेखकले एक युवकको जीवनमा घटित घटनाहरूलाई केन्द्रित गरी उसको मनोद्वन्द्वलाई मात्र बढी चासो देखाएकोले कथानक विश्रृङ्खलित छ। यस उपन्यासको कथानक प्रथम पुरुष प्रधान कथन ढाँचामा संरचित छ। प्रस्तुत उपन्यासमा प्रेम र नीलाको कथानक प्रमुख हो भने चन्द्र, सुमन, रुपाको कथानक सहायक कथानकका रूपमा आएको छ।

कथानकको पहिलो र दोस्रो परिच्छेदका घटनाक्रममा खलबल जस्तो देखिए पनि मूल कथानक प्रारम्भदेखि अन्त्यसम्म एउटै गतिमा अगाडि बढेकाले यसमा सरल कथानकको प्रयोग भएको पाइन्छ।

## ४.२.२.२ पात्र वा चरित्र

प्रस्तुत *अदृश्य व्यथा* उपन्यासमा थोरै पात्रहरूको प्रयोग गरिएको छ। प्रस्तुत उपन्यासमा नेपाली समाज र परिवेश अनुकूलका पात्रहरूको प्रयोग गरिएको छ। यस उपन्यासमा प्रयुक्त पात्रहरू स्वाभाविक र यथार्थ जस्ता देखिन्छन्। यो एक किशोरावस्थामा हुने समस्या र भावनालाई समेटेर लेखिएको उपन्यास भएको हुँदा यसका पात्रहरू पनि किशोरावस्थाका नै छन्। यसै अनुरुप यस *अदृश्य व्यथा* उपन्यासलाई हेर्दा पात्रको कार्य भूमिका दृष्टिले मुख्य, सहायक र गौण पात्रहरू रहेका छन्। उपन्यासमा प्रमुख पात्रका रूपमा नायक प्रेम र नायिका नीला रहेका छन्। सुमन र चन्द्र सहायक पात्र हुन्। सुमन चन्द्रकी भान्जी हुन्। चन्द्र प्रेमको साथी हो। 'प्रेम, नीला, सुमन, चन्द्र उपन्यासको कार्यव्यापारसँग प्रत्यक्ष गाँसिएका छन् भने रुपा सूच्य तर औपन्यासिक घटनामा बलियो प्रभाव पार्ने चरित्र हो' (सापकोटा, २०६७, पृ २६)। अन्य गौण पात्रहरूका रूपमा कलेजका साथीहरू, चिया मजदूरहरू, पसलेहरू, पाहुनाहरू, रुपा, छोरो, आमा आदि पात्रहरू रहेका छन्। यस उपन्यासका पात्रहरूको चारित्रिक विकास र विशेषताको व्याख्या तल गरिएको छ।

### क) प्रेम

प्रेम यस उपन्यासको प्रमुख पुरुष पात्र हो। उसकै केन्द्रीयतामा यस उपन्यासको कथानक अगाडि बढेको छ। त्यसैले यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म देखा पर्ने पात्र हुन्। किशोरावस्थाको प्रतिनिधित्व गरेको प्रेमको जीवन विसङ्गत तरिकाले जिउने वर्गगत रूपमा देखिएको छ। प्रेमले सानै उमेरमा बालविवाह गरेको हुन्छ। उसको एउटा छोरा पनि हुन्छ। प्रेम कलेज पढ्दै गर्दा आफ्नै सहपाठी नीलासँगको प्रेम बन्धनमा बाँधिन पुग्छ। उनीहरूले एउटै कोठामा चारवर्षसम्म सँगै बिताउँछन्। घरमा श्रीमती र छोरा हुँदा–हुँदै नीलासँग प्रेम सम्बन्ध राख्छ। नीलालाई सिउँदोमा सिन्दुर लाइदिएर विवाह गरेको अभिनय गर्छ तर भित्रीय मनले चाहिँ नीलालाई उपभोग्य वस्तुको रूपमा प्रयोग गर्छ। त्यसैले प्रेम नारीलाई केवल उपभोग्य वस्तुको

रुपमा प्रयोग गर्ने प्रवृत्तिका पात्र हो। यस उपन्यासमा प्रेमले 'एउटी समवयस्का स्त्री खोज्नुपरेको छ' भनेर आफ्नो विचार राखेको छ (सुब्बा, २०३०, पृ.३)।

उसको श्रीमती घरमा हुँदा–हुँदै कलेज पढ्दा नीलासँग प्रेम सम्बन्ध राखेर सँगै बस्छन्। नीलासँग छुट्ना साथै फेरि रुपा नाम गरेकी केटीसँग दोस्रो विवाह गर्न पुग्दछ। त्यसैले प्रेम कामुक प्रवृत्तिको चरित्र हो। प्रेमले समाजलाई दोषी ठान्दै दोस्रो श्रीमती रुपालाई स्वीकार्न बाध्य भएको गुनासो व्यक्त गर्छ। ऊ शिक्षित भएकोले नियम कानुन बुझेको भए तापनि आफ्नी बाल विवाहिता श्रीमती र छोरालाई धोका दिएको देखिन्छ। नीलालाई पनि केही समयको लागि प्रयोग गरेको छ, तसर्थ प्रेम नारी अस्मितामाथि खेलवाड गर्ने चरित्रका रूपमा देखिएको छ।

ऊ वर्षौंसम्म कलेजमा अध्ययन गर्न बस्दा श्रीमती, छोरा, बाबुआमा र आफ्नो गाउँलाई बिर्सिएर बस्न सक्ने पात्रका रूपमा देखा परेको छ। उसले समाज र संस्कारले गर्दा रुपालाई भित्र्याउँन बाध्य भएको कुरा आफ्नो अभिव्यक्तिमार्फत बताउँछ। यस कुरालाई मूल्याङ्कन गर्दा ऊ शिक्षाको ज्योतिले चेतना भर्न नसकेको पात्रको रूपमा देखा पर्दछ। ऊ पुरातन सोचले जकडिएको, सामन्ती प्रवृत्तिलाई पृष्ठपोषण भर्ने खालको चरित्रको रूपमा प्रस्तुत भएको छ। उसको आन्तरिक परिवेश विद्रोही किसिमको देखिए पनि यथार्थमा ऊ विसङ्गति चेतले ग्रस्त भएकाले कमजोर देखिन्छ। आफ्ना कुण्ठा र असन्तुष्टिहरूका कारणले मात्रै ऊ आफूलाई विद्रोही सावित गर्न खोज्दछ।

उसले नीलाको सिउँदोमा सिन्दुर रँगाए पनि ऊ इमान्दार प्रेमी भने बन्न सकेको छैन। ऊ आफ्नो यौन सन्तुष्टिका लागि भौंतारिरहेको आभास हुन्छ तर त्यसको पूर्ति अरुबाट लिनसक्ने साहस र सामर्थ्य पनि उसमा देखिँन्दैन। त्यही असन्तुष्टि र सन्तुष्टिको दोसाँधमा रहेको उसको अन्तरमनको द्वन्द्वात्मक र द्विविधापूर्ण अवस्थालाई लिएरै सिङ्गो उपन्यासको कथानक बुनिएको छ।

प्रेम एउटा उपभोक्तावादी पात्रका रूपमा देखा परेको छ। प्रत्येक समय ऊ रक्सी पिइरहन्छ। स्त्रीविना ऊ बस्नै सक्तैन। नीलालाई उसले चाहेको जस्तो गर्न सकेको देखिन्न तै पनि चियाबारीमा भने उसले बारम्बार चुम्बन गरेको देखिन्छ। यो महिलालाई उपभोग गर्ने उसको एउटा तरिका बनेको छ। उसले नीलासँग एकै कोठामा चार वर्ष बिताएको छ। सिन्दुर लगाइदिएर नीलाको सिउँदो सजाएको छ। प्रेमले नीलासँग कोठामा सिरानी जोडेर सुते पनि कुनै यौन कार्य

नगरेको भन्ने उपन्यासमा चर्चा भएको छ तर प्रेमले नीलाको बाह्य र आन्तरिक अवस्थाको पूर्ण रूपमा प्रयोग गरेको देखिन्छ। सामाजिक रुपमा एउटी महिलासँग विवाह भएर छोरो जन्मेको छ, तर उसको बानी भने नयाँ–नयाँ केटीहरू खोजी हिड्ने भएकाले अन्त्यमा रुपा नाम गरेकी महिलासँग विवाह गर्छ। ऊ असल प्रेमी र असल पति बन्न सकेको छैन। सुमनसँग दिदीको साइनो लगाए पनि सदैव यौनपरक दृष्टिले कल्पना गर्दछ । ऊ बाहिरबाट हेर्दा सज्जन देखिए पनि आन्तरिक रूपमा गलत प्रवृत्ति भएको पात्र हो, तथापि अन्तिम अवस्थामा भने उसको विचारमा परिवर्तन आएको छ । समाज सेवा गरेर जीवन बिताउने निचोडमा पुगेर ऊ एक गतिशील र अनुकूल शिक्षित पात्रका रूपमा देखा पर्दछ।

प्रेमको चरित्र पनि कथानकजस्तै जड छ। ऊ दोहोरो मन बोकेर हिँडेको छ। ऊ दिशाहीन छ–मनमा अनेक तर्कनाहरूका साथ भौतारिइरहेको छ । यसैगरी भौतारिँदा ऊ केही महत्त्वपूर्ण मोडहरूमा पनि पुग्छ, तर कुनै घटना घटाउन सक्ने सामर्थ्य राख्दैन, बरु एकालाप गरिबस्छ । यस्तो स्थितिले चरित्र गतिहीन बनेको छ।

चरित्रको गतिहीनताले औपन्यासिक कथावस्तु पनि गतिहीन देखिन्छ । तसर्थ प्रेमको चरित्र उपन्यासको मध्यमभागसम्म गतिहीन र विसङ्गतिले ग्रस्त देखिए पनि उत्कर्षतिर पुगेर एकैपटक जीवनवादी देखापरेको छ र यहीं आएर मात्रै उपन्यासको नायक चरित्रको गतिशीलता भेट्न सकिन्छ, जसअन्तर्गत उपन्यासको अन्तिममा सुमनसँगको संवादमा उनले ‘एउटैमात्र आफ्नो उद्देश्यलाई सज्जग राखेर निःसार अन्धकारसित लड्दै जानुपर्छ र आफू मर्नु पर्छ, अरुलाई बाँच्ने अधिकार दिनका लागि यसैमा सन्तोषको सीमा खोज्नु पर्छ’ (सुब्बा, २०३०, पृ. ७९) भन्ने धारणा राख्दछ।

यसरी प्रेम जीवनका अन्तिम क्षणमा समाजलाई न्यायिक मार्गमा डोऱ्याउनु र अन्यायको जरा उखेल्नु आफ्नो कर्तव्य सम्झिन पुग्दछ। सामाजिक न्यायका लागि सङ्घर्ष गर्ने प्रण गरेर ऊ उपन्यासको अन्त्यमा अनुकूल पात्र ठहरिन पुगेको छ । तसर्थ समग्रमा ऊ गतिशील, प्रमुख र असङ्गत पात्र विधानगत रूपमा चित्रित पात्र हो।

## ख)    नीला

नीला यस उपन्यासकी प्रमुख स्त्री पात्र हो । शिक्षित र निष्कपट भावना भएकी नीला प्रेमको प्रेमिकाका रूपमा रहेकी छ। किशोरावस्थाकी भएकीले होला के गर्नु हुन्छ, के गर्नु हुँदैन भन्ने चेतना भएको देखिँदैन। नीला र प्रेम कलेज पढ्दाका साथी हुन्। त्यही समयमा उनीहरूको प्रेम सम्बन्ध कायम हुन्छ। प्रेमसँगको सम्बन्धमा एकोहोरो भई अन्धो प्रेमिकाको रूपमा देखा परेकी छे। प्रेमले आफू विवाहित भै सकेकोभन्दा पनि नीलाले वास्तै नगरी प्रेमलाई एकोहोरो प्रेम गरिरहन्छिन्। नीलाको इच्छा बमोजिम प्रेमले उसको सिउँदोमा सिन्दुर लगाइदिएको छ। तर पनि प्रेमकी श्रीमती बन्न सकेकी छैन। प्रेमले बाहिर रूपमा माया देखाए पनि भित्र मनले चाहिँ केवल खेलौनाको रूपमा मात्र प्रयोग गर्नेछु भन्ने सोचिरहन्छ तर यस्तो विचार लिएर खेलाएको कुरा नीलालाई पत्तै हुँदैन। प्रेमले स्वार्थको निम्ति माया गरेको हुनाले नीलाप्रति कुनै लगाव देखिँदैन। प्रेम भने नयाँ–नयाँ महिलाको खोजीमा हिड्ने भएकाले नीलाप्रति कुनै चासो नै राखेको देखिँदैन। सुमनबाट नीलाको विवाह भइसकेको थाहा पाएपछि प्रेमले नीलाप्रति घृणा व्यक्त गर्दै आज उप्रान्त लेशमात्र पनि मेरो सम्बन्ध छैन भन्छ। समाज र संस्कारका कारण नीलाको विवाह भएको छ। नीलाले पत्रमार्फत प्रेमलाई जस्तो सुकै परिस्थिति आएपनि माया गरिरहने नीलाले दृढ संकल्प गर्छे । नीलाले यत्ति गहिरो प्रेम गरेकी छ भन्ने कुरा प्रेमलाई लेखेको पत्रमा देख्न सकिन्छ । जसअन्तर्गत नीलाले प्रेमलाई पत्रमार्फत 'म कसैको प्रेमले पागल छु चाहे तिरस्कृत कटाक्षले नै मलाई हेर्नुहोस्' (सुब्बा, २०३०, पृ. ६९) भनेर लेख्छे। यसरी नीलाले प्रेमलाई पत्रमार्फत आफ्नो भावना पोख्छे। अन्धकारसँग सङ्घर्ष गर्दै जीवन बिताउने नीलाको अठोट छ। ऊ एउटै कुरामा अडिग छ त्यसैले उसले भोगेको जीवन विसङ्गत अवस्था हो। ऊ थोरै चाहिँ नियतिको सिकार पनि बनेको देखिन्छ। ऊ शिक्षित भए तापनि आफ्नो अस्तित्वको पहिचान गर्न सकेकी छैन। त्यसो र त उनमा अस्तित्वका लागि लड्नु पर्छ भन्ने चेतना नै नभएको पात्रका रूपमा देखा पर्छे। उसले पछि गएर अर्कैसँग विवाह गरेको देखिन्छ।

प्रेमले नीलालाई केवल एक खेलौनाको रूपमा प्रयोग गरेको देखिन्छ। नीलालाई केवल प्रयोग गर्ने तर श्रीमतीका रूपमा स्वीकार नगर्ने प्रेमको अठोट देख्दा नीलाको दयनीय अवस्था देखिन्छ। प्रेमले नीलालाई विभिन्न तरिकाले जाच्दछ तर नीला भने कुनै कुराको वास्तै नगरी प्रेमको परिक्षामा सामेल हुन्छे। प्रेमले आफू विवाहित भै सकेकोभन्दा पनि नीलाले वास्तै नगरी प्रेमलाई एकोहोरो प्रेम गरिरहन्छिन्। प्रेमले भने एकछिन खेलाएर एकदिन फ्याक्ने सुरमा लागेको

हुन्छ। उनीहरूको सम्बन्ध नीलालाई वास्तविकता जस्तो लागे पनि प्रेमलाई चाहिँ एउटा नाटकझैं लाग्छ। नीलाप्रतिको यस्तो बेवास्तालाई मूल्याङ्कन गर्दा झनै–झनै परित्यक्ता नारीको रूपमा देखापरेकी छे।

आफ्नो अस्तित्व रक्षाका लागि उनी अर्के पुरुषसँग वैवाहिक बन्धनमा बाँधिन पुगेकी छे। नीलाले अर्के पुरुषसँग विवाह गरे पनि प्रेमसँग नै अनुरक्त भएको देखिन्छ। नीलाले कलेज जीवनबाट छुट्टिएपछि प्रेमलाई धेरैवटा पत्रहरू लेखी तर प्रेमले भने अन्तिममा एउटा पत्र मात्रै लेख्छ। उसको पत्रहरू सबै प्रेमप्रति नै समर्पित भएर लेखिएको पाइन्छ। यस उपन्यासमा नीला एक पुरुषप्रधान प्रवृत्तिद्वारा शोषित पात्र हो। ऊ एक शिक्षित महिला भए पनि उसमा चेतनाको अभाव छ, जसले गर्दा ऊ अर्काको श्रीमान्सँग प्रेम गर्न पुग्छे। तर उसले कसैलाई धोका भने दिएकी छैन। उसको चरित्र अदृश्य व्यथाले पिरोलिएको छ। ऊ अनुकूल र स्थिर पात्रको रूपमा प्रस्तुत भएकी छे।

## सहायक पात्र

*अदृश्य व्यथा* उपन्यासमा चन्द्र, सुमन, रुपा र प्रेमकी जेठी श्रीमती र छोरा सहायक पात्रका रूपमा देखा परेका छन्। यहाँ चन्द्र, सुमन र रूपा किशोरावस्थाको प्रतिनिधि पात्र भएकाले वर्गीय जीवन चेतनाका पात्र हुन्। प्रेमकी जेठी श्रीमती र छोराको भूमिका भने खासै देखिँदैन।

### क) चन्द्र

चन्द्र यस उपन्यासको सहायक पात्र हो। यस उपन्यासमा कथानकको प्रारम्भमा चन्द्र र प्रेमको जम्काभेट भएको छ। चन्द्रले प्रेमभन्दा केही वर्षअघि कलेज अध्ययन गरेको देखिन्छ। ऊ भान्जी सुमनसँग बसेको छ। चन्द्र पनि प्रेम जस्तै रक्सी सेवन गर्ने पात्र हो। पहिलो र चौथो खण्डमा चन्द्रको खासै भूमिका देखिँदैन तथापि चन्द्रले प्रेमलाई नीलाको बारेमा सोधिरहेको छ। नीलाका बारेमा चन्द्रको कौतुहलता भएको कुरा देखाएको छ। चन्द्र एक बेरोजगार व्यक्तिका रूपमा देखा परेको छ। ऊ विवाहित हो कि अविवाहित हो यसको बारेमा यहाँ स्पष्ट उल्लेख भएको छैन। उसको भूमिका खासै देखिँदैन। ऊ अनुकूल, सहायक र स्थिर पुरुष चरित्रका रूपमा प्रस्तुत भएको छ।

## ख) सुमन

सुमन यस उपन्यासकी सहायक पात्र हो। ऊ अविवाहित हो। ऊ हक्की स्वभावकी छे। यस उपन्यासमा सुमन प्रेमको दिदी, नीलाको दिदी पर्नेकी छोरी र चन्द्रकी भान्जी भएर देखा परेकी पात्र हुन्। यस उपन्यासको पहिलो र अन्तिम कथानकमा देखिने पात्र हुन्। यस उपन्यासमा उसको भूमिका थोरै भए पनि सधैँ सकारात्मक विचार राख्ने नारी पात्रका रूपमा देखिएकी छिन्। घरमा आउने पाहुनाहरूलाई स–सम्मानका साथ सत्कार गर्ने एक संस्कारी नारी हुन्। प्रेमलाई सदा भाइको रूपमा हेर्ने एक निश्चल मन भएकी पात्रका रूपमा देखा परेकी छे, तर प्रेमले चाहिँ दिदीको साइनो लगाए पनि सदैव यौनपरक दृष्टिले हेरेको हुन्छ। सुमनलाई प्रेम र नीलाको प्रेम सम्बन्ध थाहा हुन्छ र प्रेमले नीलालाई धोका दिएको पनि थाहा हुन्छ। त्यसैकारण सुमनले नीलाको बारेमा प्रेमलाई विभिन्न प्रश्नहरू सोध्छे। त्यसको जवाफमा प्रेमले नीला जे सुकै गरेर बाँचोस् त्यसको मलाई कुनै मतलब छैन भन्छ। यस उपन्यासमा सुमनको थोरै भूमिका भए पनि महत्त्वपूर्ण रहेको छ। सुमन सधैँ सकारात्मक सोच भएकी अनुकूल र स्थिर पात्रको रूपमा रहेकी छे।

## ख) रुपा

रुपा यस उपन्यासकी सशक्त सहायक पात्र हो। ऊ प्रेमको नवदुलही भएर देखा परेकी पात्र हो। ऊ विद्रोही स्वभावकी छे। यस उपन्यासमा सूच्य तर औपन्यासिक घटनामा बलियो प्रभाव पार्ने चरित्रको रूपमा देखा परेकी छे। ऊ समाजका गलत सोचप्रति असहमति राख्दछे। प्रेमको नयाँ दुलही भएर आइसकेपछि समय बित्दै जाँदा समाजको दवदवाप्रति आलोचना गर्छे। रुपाले प्रेमलाई प्रश्न गर्छे, 'स्वास्नीमान्छे यस्तो आलोचना गरिने ठाउँमा के लोग्ने मान्छे सर्वे–सर्वा छन् ? समाजको सदाचारप्रति उनीहरू शत–प्रतिशत प्रतिष्ठावान छन् ? एउटा जमातले नै उनीहरूले यहाँ सभ्य–समाजको सृजना गर्न सक्छन् ?' (सुब्बा, २०३०,पृ.६३) उसले यस्तै प्रश्नहरू गरेर प्रेमलाई चकित पार्दछ। तर उसले नै अर्काको लोग्नेसँग विवाह गर्न पुगेकी छे। ऊ स्थिर पात्रको रूपमा देखिन्छे। उसको गौण भूमिका भए पनि घटनामा बलियो प्रभाव पार्ने पात्र हुन्। समाजमा भएको विकृति–विसङ्गतिप्रति सोच राख्ने भएकीले ऊ प्रगतिशील सोच भएकी पात्र हुन्।

### अन्य पात्र

यस उपन्यासमा अन्य गौण पात्रहरू पनि रहेका छन् । प्रेमको पहिलो श्रीमती र छोरा, कलेजका साथीहरू, मोदी, चिया मजदूरहरू, पसलेहरू, बटुवा, पाहुना लगायतका पात्रहरू गौण भूमिकामा उपस्थित भएका छन् । प्रेमले बाल्यावस्थामा विवाह गरेर छोरा भएको उल्लेख गरेता पनि दोस्रो विवाह गर्दा उनीहरूको अवस्था कस्तो रहेको छ भनेर उपन्यासमा उल्लेख गरेको पाइन्दैन । त्यसैले प्रेमको श्रीमती र छोरा नेपथ्य पात्र हो । नीला र प्रेम कलेज पढ्दाका साथीहरू हुन्छन् । प्रेम र नीलाको प्रेममय वातावरणलाई चियाबगानमा सधैँ–सधैँ चिया मजदूरहरूले हेर्छन् तर उनीहरूले वास्तै नगरी आफ्नै कार्यमा व्यस्त रहन्छन् । मोदी, पसलेहरू, बटुवा र पाहुना लगायतका पात्रहरू नेपथ्य पात्रहरू मात्र हुन् ।

*अदृश्य व्यथा* उपन्यासमा सङ्ख्यात्मक हिसाबले ठिक्क पात्रहरू रहेका छन् । प्रेम र नीला यस उपन्यासका प्रमुख पात्र हुन् । यिनीहरूकै चारित्रिक वृत्तमा अन्य सहायक पात्रहरू घुमेर कथानकलाई अगाडि बढाउने कार्य गरेका छन् । प्रेम यस उपन्यासको केन्द्रीय पात्र हो । उसकै चारित्रिक वृत्तका परिधिमा घुमेका अन्य प्रमुख र सहायक पात्रहरूले मूल कथालाई डोऱ्याउन सहयोग गरेका छन् । यही प्रमुख पुरुष पात्र र नारी पात्रका चारित्रिक विश्लेषणमा यो उपन्यास संरचित भएकाले यो चरित्रप्रधान उपन्यास हो । यस उपन्यासभित्र सबै पात्रहरूको चरित्रचित्रण स्वाभाविक ढङ्गले गरिएको छ।

## ४.२.२.३ परिवेश

प्रस्तुत उपन्यासमा सामाजिक परिवेश, प्राकृतिक परिवेश र निःसार जीवनको विरक्तिपूर्ण परिवेश समेटिएको छ । सामाजिक परिवेशका रूपमा प्रेम, चन्द्र, सुमन, नीला आदि पात्रहरूले बाँचेको इलाम, फिदिमको परिवेश प्रस्तुत भएको छ।

यस उपन्यासमा प्राकृतिक वातावरणलाई सुन्दर पाराले प्रस्तुत गरिएको छ। प्रेम र नीलाले चार वर्षको समय इलाममा बिताएका छन् । उनीहरूले कलेज पढ्दा इलामको चियाबारीमा रमाइलोगरी बिताएको क्षणहरूलाई देखाइएको छ । त्यही इलाम बसाईका क्रममा जनभवन, मालापथको छिडी, मोदीको मिठाई पसल, बजार छेउको सडक, नारायणस्थानको बाटो त्यसैगरी प्रेमको घर, रुपा भवन, माथिल्लो गाउँ, सुन्तलाबारी जस्ता स्थानहरूलाई प्रस्तुत गरिएको छ ।

कलेज पढ्दा इलाममा प्रेमको कोठालाई अत्यधिक रूपमा प्रस्तुत गरिएको छ। चारवर्षसम्म प्रेम र नीला हरक्षण साथै रहेका छन् त्यसपछि उनीहरूबिच भेटसम्म भएको छैन। सुमनको घर सांग्रुम्पा भनेर चन्द्रले सूचित गरेको छ।

यस उपन्यासमा प्राकृतिक वातावरणको चित्रण धेरै गरिएको छ । प्रेम र नीलाको सम्बन्धलाई चियाबारीका स्वच्छन्दपनसँग दाँजिएको छ। त्यति मात्र होइन मजदूरहरूले चियाका मुनालाई निमोठेजस्तै प्रेमले नीलाको जीवनलाई निमोठ्दै टुक्र्याई रहेको कुरालाई तुलनात्मक रुप दिएर प्रस्तुत गरिएको छ। प्रेमले नीलालाई प्रेम गर्छ तर उसले नीलालाई जीवनसाथीको रूपमा परिणत नगरेर केवल खेलौनाको रूपमा मात्र प्रयोग गरेको छ, जसले गर्दा अन्त्यमा प्रेम अदृश्य व्यथाले पिरोलिएको छ । नीलाको जीवन प्रेमले बर्वाद पारिदिएको छ । जसले गर्दा नीलाको मनमा पनि अदृश्य व्यथा रहेको छ।

यस उपन्यासमा इलामको जनभवन, अन्धकारको समय, सुन्तलाबारी, चियाबारी, फिदिम, माथिल्लो गाउँ, सांग्रुम्पा लगायतका स्थानहरूको चित्रण भएको छ। उपन्यासमा मुख्य गरेर कलेज जीवनका चार वर्ष र त्यसपछिका समयलाई देखाउन खोजिएको छ। त्यसैगरी प्रेमको दोस्रो विवाह र उसले समाजसेवा गर्ने अठोट गरेको समयलाई परिवेशका रूपमा चित्रण गरिएको छ।

## ४.२.२.४ उद्देश्य

प्रस्तुत उपन्यासमा वैयक्तिक जीवनका विभिन्न परिस्थितिको बारेमा उजागर गर्नु र थोरै भए पनि समाज सुधारको सन्देश प्रवाह गर्दै पाठकलाई मनोरञ्जन प्रदान गर्नु रहेको देखिन्छ। यस उपन्यासको भूमिका लेख्ने क्रममा बैरागी काइँलाले पनि 'अल्लारे युवकको कथा यो भएकाले पढ्नमा मजा आउँछ' भनेर मूल्याङ्कन गरेका छन् (सुब्बा, २०३०, पृ. ८) । वास्तवमै यस उपन्यासले मनोरञ्जन दिन्छ । निःसार जीवनको चित्रण गर्नु पनि उपन्यास लेखनको उद्देश्य देखिन्छ । यस उपन्यासको कथानकमा आएको मुख्य पात्र प्रेमले बारम्बार 'अँध्यारोमा हिंड्न चाहने' व्यक्तिका रूपमा आफूलाई इङ्गित गरेका कुरालाई मूल्याङ्कन गर्दा उपन्यास लेखनको उद्देश्य उज्यालोको खोजी नभई अँध्यारोमै आफ्नो अस्तित्वको खोजी गर्ने चरित्रका रूपमा प्रस्तुत

गरेको छ। अल्लारे जीवनको लुप्त व्यथालाई उपन्यासमा प्रस्तुत गरिएको छ। प्रत्येक युवकका जीवनमा घट्न सक्ने लुप्त व्यथालाई शब्दमा उतार्ने काम लेखकले यस उपन्यासमा गरेका छन्।

उपन्यासको अन्त्यतिर नायक प्रेमले समाजसेवा गर्ने र अन्यायको जरा उखेल्ने कार्यमा आफूलाई समर्पित गर्ने प्रण गर्दछ। यस कुरालाई हेर्दा उपन्यासले समाज सुधारको पनि थोरै सन्देश प्रवाह गरेको देखिन्छ । यो उपन्यास मनोरञ्जनपूर्ण छ । लेखनशैली भने दुर्बोध्य देखिन्छ । सजिलैभन्दा पनि बुझ्न सकिने कुरालाई घुमाउरो पाराले व्यक्त गरेको हुनाले उपन्यास क्लिष्ट बनेको छ ।

## ४.२.२. ५ दृष्टिविन्दु

प्रस्तुत 'अदृश्य व्यथा' उपन्यास 'म' पात्रको जीवनगाथासँग सम्बन्धित छ। 'म' पात्र प्रेम आफैले अनुभव गरेका घटनाहरूमा आधारित भएको र समग्र उपन्यासको कथावस्तु उसकै केन्द्रीयतामा अगाडि बढ्दै समाप्त भएकाले यसमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ। उपन्यासको प्रारम्भतिरकै 'निष्पट्ट मध्यरातभित्र प्रकृतिको सुकोमल काखमा तैरिरहेको मेघ मण्डलको भीषण आवरणभित्र मेरा पैतालाहरूको ध्वनि स्पष्ट छपऱ्याक-छपऱ्याक बजिरहेको छ' भन्ने वाक्यले प्रथम पुरुष प्रधान कथन ढाँचालाई स्पष्ट पार्दछ (सुब्बा, २०३०, पृ. १)। यसमा एक अल्लारे युवकले भोगेको घटनाहरूलाई 'म' पात्रको रूपमा स्वयम् वर्णन गरेको छ। त्यसैले यसमा प्रथम पुरुष वा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ। उपन्यासको मुख्य कथानकसँग 'म' पात्र स्वयम् आबद्ध रहेको र आफ्नो कथा आफैले भनेकाले मूलतः यस उपन्यासमा प्रयुक्त दृष्टिविन्दु प्रथम पुरुष वा आन्तरिक नै हो।

## ४.२.२.६ भाषाशैली

प्रस्तुत *अदृश्य व्यथा* उपन्यासमा काव्यात्मक वाक्य गठन गरिएको छ । कुनै कुरालाई सरल तरिकाले बुझिने भए पनि सुब्बाले दुर्बोध्य र क्लिष्ट भाषाको प्रयोग गरेका छन् : जस्तै सुमनले लेखेको पत्रमा यस्तो उल्लेख छ :

'पूर्वस्मृतिको पानामा हाम्रो समवयस्कको क्रीडास्थल सिङ्गो इतिहास बोकेर मेरो सामु नाचिरहन्छ' (सुब्बा, २०३०, पृ.४५)।

मनोवाद जस्तो देखिने शैली अलिक बढी प्रयोग गरिएको छ। भाषागत शुद्धता (शुद्धि) लाई त्यति महत्त्व दिइएको छैन । पात्रको बोली र लेखकले गरेको अभिव्यक्ति एकै प्रकारको देखिन्छ । सारहीन जीवनको व्याख्या गर्ने क्रममा दुर्बोध्य शैली प्रयोग भए पनि शब्दहरूको क्लिष्टता भने देखिँदैन । उपन्यासमा आलङ्कारिक शैलीलाई पनि धेरै स्थान दिइएको छ। यस उपन्यासमा चिन्हको प्रयोग, भाषाको शुद्धता र व्याकरणलाई त्यति ख्याल गरेको पाइँदैन । लिङ्गीय भेदको पनि त्यति ख्याल नभएको देखिन्छ । उपन्यासमा 'देखेकोले हुँदैन लेखेकोले हुन्छ' जस्ता उक्तिहरूको प्रयोगले यसको भाषालाई अझ रोचक बनाएको छ (सुब्बा, २०३०, पृ. ७७) । तत्सम, तत्भव, आगन्तुक शब्दको प्रयोगले उपन्यासको भाषालाई आलङ्कारिक र कलात्मक बनाएको छ। उपन्यासमा अपूर्ण वाक्य गठनलाई निक्कै प्रयोग गरे पनि भाषा प्रयोगका दृष्टिले उपन्यास सफल देखिन्छ।

## ४.२.३ निष्कर्ष

*अदृश्य व्यथा* उपन्यास विसङ्गतिवादी उपन्यास हो । यस उपन्यासमा तत्कालीन समाजका युवाहरूका विसङ्गत अवस्थालाई मूल कथानकका रूपमा समेटेर प्रस्तुत गरिएको छ। प्रेम, नीला, सुमन, चन्द्र जस्ता पात्रहरूलाई उभ्याइ समाज, संस्कृतिको रीतिरिवाज र शिक्षित भए तापनि आफ्नो अस्तित्व पहिचान गर्न नसक्दा सही समयमा शिक्षाको प्रयोग नगर्दा आफ्नो बारेमा मात्र सोच्दा जीवनको अन्तिम क्षणसम्म ती पीडाहरूलाई अदृश्य व्यथाका रूपमा लिएर बाँच्नु पर्ने अवस्थालाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ।

यस उपन्यासमा मूल घटनाक्रमहरूसँगको सामाजिक, प्राकृतिक र निःसार जीवनको विरक्तिपूर्ण अनुकूल परिवेश र पात्रका क्रियाकलापले प्रस्तृत उपन्यासका पात्रहरू आफ्नो वर्ग, क्षेत्र र स्तर अनुसारको प्रतिनिधित्व गर्न सफल रहेकाले उपन्यास स्तरीय नै बन्न पुगेको छ। यस उपन्यासले निःसार जीवनको चित्रण गर्नुका साथै समाज सुधारको पनि थोरै सन्देश प्रवाह गर्ने उद्देश्य रहेको देखिन्छ।

यस उपन्यासमा नेपाली समाज र परिवेश अनुकूलका पात्रहरूको प्रयोग गरिएको छ। यस उपन्यासमा किशोरावस्थामा हुने समस्या र भावनालाई समेटेर लेखिएको हुनाले त्यही अनुरुपका पात्रहरूलाई समेटिएको छ । यस उपन्यासमा युवा अवस्थामा हुने विभिन्न विसङ्गत अवस्थालाई

चित्रण गरी अन्त्यमा समाज सुधारको मार्गमा लागेको देखाउनु नै यसको उद्देश्य रहेको देखिन्छ। त्यसैगरी ‘म’ पात्र प्रेम आफैले अनुभव गरेका घटनाहरूमा आधारित भएको र समग्र उपन्यासको कथावस्तु उसकै केन्द्रीयतामा अगाडि बढ्दै समाप्त भएकाले यसको दृष्टिविन्दु प्रथमपुरुष वा आन्तरिक रहेको छ। उपन्यासमा भाषागत त्रुटि, लिङ्गीय भेद, अपूर्ण वाक्यका कारण उपन्यास केही कमजोर देखिए तापनि यस उपन्यासमार्फत समाजमा युवाहरूको समस्या बाहिर रूपमा नदेखिए पनि आन्तरिक रूपमा रहेको हुन्छ भन्ने देखाउनु नै यसको मूल उद्देश्य रहेको देखिन्छ। बहुपात्रीय यो उपन्यास प्रेम र नीलाको प्रमुख भूमिका रहे पनि प्रेमको केन्द्रीयतामा रहेको चरित्रप्रधान उपन्यास हो।

## ४.३ कुल्चिएको अस्तित्व उपन्यासको विश्लेषण

### ४.३.१ पृष्ठभूमि

*कुल्चिएको अस्तित्व* उपन्यास थाम्सुहाङ पुष्प सुब्बाको दोस्रो औपन्यासिक कृति हो। यस उपन्यासलाई निर्माण प्रकाशन, दक्षिण सिक्किमले सन् २००५ (२०६१) सालमा प्रकाशनमा ल्याएको हो। प्रस्तुत उपन्यासमा ङायुमाको चरित्रलाई केन्द्रीय भूमिकामा प्रस्तुत गरिएकोले नारीप्रधान उपन्यास हो। उपन्यासकी नायिका ङायुमाको सुखद जीवनमा अपहरणको घटनादेखि उसले बिताएको बाल्यावस्था र तरुण अवस्थामा भोगेको जीवनलाई यस उपन्यासमा कथावस्तुको रूपमा लिएको पाइन्छ। यसको कथानक ९ खण्डमा संरचित छ, जसअन्तर्गत यसमा जम्मा ८० पृष्ट कथानक क देखि छ सम्म ७ पेज र बाहिरी आवरण रहेको छ। लघु आकारमा संरचित यस उपन्यासमा सिङ्गो समाजको समस्यालाई देखाइएको छ। सुब्बाले यो कृति आफ्नी पूज्यनीय माता स्व.श्रीमती पम्फावती जवेगूको पुण्य स्मृतिमा नेपाली साहित्यको द्यौरालीलाई भेटी स्वरुप समर्पण गरेका छन्।

### ४.३.२ औपन्यासिक तत्त्वका आधारमा कुल्चिएको अस्तित्व उपन्यासको विश्लेषण

#### ४.३.२.१ कथानक

*कुल्चिएको अस्तित्व* उपन्यासमा नेपाली समाजमा एक नारी शिक्षित र आर्थिक रूपले सम्पन्न हुँदा–हुँदै पनि समाजमा भएको अन्धपरम्परा सोचका कारण कस्तो स्थितिमा पुग्न सक्छ

भन्ने यथार्थलाई यहाँ देखाउन खोजिएको छ । यस उपन्यासमा खासगरी नारी स्वतन्त्रताको अभियान सफल हुन नसकेको पक्षमाथि लक्षित छ। उपन्यासकी नारी पात्र ङायुमा जस्ता पात्रहरू यसै समाजद्वारा निःसार जीवन बाँच्नु परेको बाध्यतालाई यहाँ जोडदारका साथ उठाइएको छ। ङायुमाले शिक्षाको माध्यमबाट केही परिवर्तन गर्नेतर्फ लाग्न खोज्दा उल्टै समाजले उनी माथि विभिन्न आरोपहरू लगाउँछन्, 'पढाउने निहुँमा हाम्रा छोरीचेली बिगारी सकिन राई सुबेदारकी नक्कली छोरीले। आइमाइले पढेर के गर्नु काम न काज' (सुब्बा,२०६१, पृ.५) भनेर गाउँलेहरूले कुरा काट्छन् । यस्तै आरोपहरूका कारण उसले चाहेको जस्तो कार्य गर्न सक्दिनन् । उसले समाजमा केही गर्न खोज्दा–खोज्दै आफ्नो अस्तित्व नै धरापमा परेको यथार्थलाई चित्रण गर्नु यस उपन्यासको उद्देश्य रहेको देखिन्छ।

लाहुरे जीवनमा आर्जन गरेको सम्पत्ति र त्यसै सम्पत्तिका कारणले निर्मित समस्यालाई उपन्यासको कथावस्तु बनाइएको देखिन्छ। त्यत्ति मात्र नभएर वैचारिक विमति पश्चात् वैवाहिक अवस्थापछि पनि दम्पतीबिच हुने वैमनस्यता र त्यसले पार्ने असरलाई उपन्यासको कथानक बनाइएको पाइन्छ। तिनको एक्लो जीवनको रहस्य पत्ता लगाउन म पात्रले ती महिलालाई दिदीको साइनो लगाएर आग्रह गरेपछि ती महिलाले आफ्नो कथा सुनाउने काम गर्दा यस उपन्यासको स्वरुप निर्माण भएको देखिन्छ। यस उपन्यासको कथानक यस प्रकार रहेको छ :

उपन्यासको प्रमुख पात्र ङायुमालाई 'म' पात्रले पहिलोपटक धनकुटामा रहेको उनको निवासमा भेट र परिचय भएपछि एक आपसमा नजिकन पुग्छन् । पहिलो पटक ती महिलाको आधा बैस ढल्किसकेर पनि उनको रुप, स्वाभाव र पहिरनलाई हेरेर 'म' पात्र प्रभावित हुन्छ। 'म' पात्रले ती महिलासँगको सम्बन्धलाई मानसत्वको सङ्कीर्ण परिभाषाभन्दा माथि उठेर उनले भोगेका क्षणहरूका बारेमा कथा सुनाउन आग्रह गर्दा ती महिलाले आफ्नो सुरुवाती दिनहरूको स्मरण गर्दा प्रथम खण्ड आरम्भ भएको छ।

'म' पात्रले कथा सुनाउन आग्रह गरेपछि ती महिलाले आफ्नो कथा सुनाउनुभन्दा पहिले 'सानो भाइ ! वास्तवमा म अत्यन्त उपेक्षित मरिसकेकी लाश हुँ ! केवल ! आधारहीन परिस्थितिको पृष्ठभूमि केलाउँदै बाँच्नुभन्दा बढी मेरो मान्छे हुनुको कुनै वैकल्पिक अर्थ अझसम्म निस्कन सकेको छैन' (सुब्बा, २०६१, पृ.२) । आफूलाई जिउँदो लाशका रूपमा परिचय दिन लाग्छिन्। ती महिलाले आफ्नो नाम ङायुमा भएको बताउछिन्। उनी लाहुरे परिवारमा जन्मी उच्च

शिक्षा हासिल गर्दै हुर्की र आफ्नो बाल्यकाल हङकङमा बिताएको भन्छिन् । समयको अन्तरालमा ङायुमाले बेलायतमा गई उच्च शिक्षा हासिल गरिन् । उनीहरूको पुर्खौली घर खोटाङ हो । खोटाङमा उसको बाल्यकालको साथी रुमुहाङ थियो । रुमुहाङ पछि लाहुरे भएर हङकङ पुग्यो ।

बुबाको पेन्सन भएपछि ङायुमाको स-परिवार आफ्नो पुर्खौली घर खोटाङमा आएर बस्न थाले । उनीहरू नेपाल आइसकेपछि रुमुहाङले ङायुमासँग विवाह गर्नको निम्ति प्रस्ताव राख्यो । रुमुहाङले माग्नासाथ ङायुमाको बुबाले स्वीकार्‍यो । ङायुमालाई भने रुमुहाङ मन परेको थिएन, तर बुवाको अगाडि अस्विकार गर्न सकिनन् र चुपचाप रुमुहाङसँग विवाह गर्न बाध्य भइन् । कारण ङायुमा शिक्षित, सुसंस्कृत, नारी स्वतन्त्रता चाहने भएकाले उसलाई लाहुरेको मूर्ख प्रवत्ति मन पर्दैन थियो । विवाह भएको एक महिनामा रुमुहाङ पल्टन गयो । ङायुमा पनि उसको लोग्नेको घरको बुहार्तन अस्वीकार गरी आफ्नो जन्म घर आएर बसी । उनलाई भात पकाउने र बुढाबुढीलाई स्याहारसुसार बाहेकको कामप्रति चाहना गर्थी । माइतमा बस्दा गाउँमा पढ्न नपाएका महिलाहरूलाई भेला गरेर पढाउन खोज्दा गाउँका महिलाहरूले विभिन्न आरोप लगाउँछन्, त्यसपछि आमाबुबाको आग्रहले घरकै चुल्हा र चौकामा सीमित हुन पुग्छे । उनीहरूको घरमा पाउनाहरू आइरहन्थे । नाकछोडसँग जहिले पनि साथी बनेर खुङहाङ भन्ने केटा पनि आइरहन्थ्यो । खुङहाङले ती लाहुरे परिवारको सम्पत्तिमाथि आँखा लगाएको कुरा उनीहरूलाई पत्तो हुँदैन, उल्टै ङायुमाको बुबाले अत्ति नै विश्वास गर्दै जान्छ । केही समय पश्चात् रुमुहाङ आइपुग्छ । ङायुमा रुमुहाङसँग घर जान्छिन् । ङायुमाले दोस्रो पटक आफ्नो जन्मस्थलबाट बिदा लिएर रुमुहाङको घरतर्फ लाग्छिन् । उपन्यासको पहिलो खण्डको कथानक यत्तिमै सकिएको छ ।

उपन्यासको दोस्रो खण्डमा रुमुहाङ र ङायुमासँगै बसेता पनि यी दुई दम्पत्तिले आफ्नै जीवनको सुगम र दुर्गम पथमा नितान्त एक्लो पाइला सारेर हिडिरहेको अनुभव गर्थे । उनीहरूसँगै बसेता पनि आ-आफ्नो तरिकाको बँचाइ थियो । ङायुमाले केहि प्रतिक्रिया दिने बित्तिकै रुमुहाङले जुत्ताको प्रहार गरेर आक्रमण गर्थ्यो, त्यसबखत ङायुमाले केही भन्न सक्दिनथी । छोरा होङकु जन्मिएकोले उनीहरूबिचको अन्तर सम्बन्धको बाध्यात्मक प्रतीक भइसकेको थियो । सन्तान जन्मनु भनेको उमेर पुगेका स्त्री र पुरुषबीचको औपचारिकताका रूपमा स्वीकारेकी ङायुमाले अनपढ रुमुहाङको लाहुरे प्रवृत्तिलाई भित्र-भित्रै घृणाको दृष्टिले हेरेर उपहास गर्ने गर्थी । तर रुमुहाङको अगाडि केही भन्न सक्तिन थिई । ङायुमाले हङकङ पुगेर प्रत्येक समय सैनिक छाउनीमा होङकुसँग मात्र बिताइन् । उनको लागि हङकङ नयाँ ठाउँ थिएन । कारण उनी आफ्नो

पापाको लाहुरेपनको रंगशालामा खेलिसकेकी थिइन् । ङायुमा एक शिक्षित महिला भएकीले खाली बालक्रीडाको सीमाभित्र मात्र जकडिएर रहनु पर्दा भने कहिले–काहि ग्लानी र क्षोभले उसलाई ग्रस्त पार्दथ्यो । रुमुहाङसँग हङकङ आउने बेलामा उसको सासुले 'पल्टन गएर बिग्रने भइन् अब' (सुब्बा, २०६१, पृ.८) भनेको कुरा सम्झिने गर्थिन् । उनले वुहार्तनलाई सेप्न पर्ने एक प्रकारको परम्परागत प्रचलनलाई कायम राख्ने उनको सासुको विचार थियो भनेर अनुमान गर्थिन् । उसको श्रीमान रुमुहाङ भने प्रायः प्रत्येक आइतबार बिदाको दिन तास, वियर र क्लबमा बरालिन्थ्यो । रुमुहाङले आफ्नो श्रीमती र छोरालाई कम महत्त्व दिन्थ्यो । यत्ति हुँदा–हुँदै पनि ङायुमाले रुमुहाङसँग कहिल्यै यी तीता अनुभूतिहरूलाई प्रत्यक्ष रूपले पोख्ने दुःशाहस गरिनन् । रुमुहाङले भने साथीहरूसँग उसको श्रीमतीलाई सुखसँग राखेको कुरा गर्थ्यो ।

एकदिन इन्डोनेसिया र हङकङको युद्ध हुने कुराले रुमुहाङ चिन्तित भयो । तर रुमुहाङ त्यस्तै युद्धमा रमाउँथ्यो । रुमुहाङले त्यस लडाइमा एकै ठाउँमा सातजनालाई मारेपछि एम.एम. दर्जासहित ६ महिना यू.के.घुम्ने चान्स पाउँछ । त्यहाँ पनि रुमुहाङ सधैँ क्लब, तास खेल्ने र गोरेनीहरूलाई सुमसुमाउनुमै व्यस्त रहन्छ । ङायुमा चाहिँ होङकुसँग एक्लै दिन बिताउँने गर्थी । त्यही समयमा विद्यार्थी जीवनको साथी रोवर्टलाई सम्झिन पुग्छिन् । यस्तै उनीहरूको तिन वर्षे प्रवासी जीवन सकेपछि उनीहरू नेपाल फर्किन्छन् । आफ्नो देश फर्किदा ङायुमालाई पराधीन जीवनका पट्यारलाग्दा दिनहरू सकिएको आभास हुन्छ । यत्तिकैमा दोस्रो खण्ड समाप्त भएको छ ।

यस उपन्यासका तेस्रो खण्डमा ङायुमाको बाबु आमा मधेस भलुवानी झरिसकेकाले उनीहरूको जन्मस्थल खोटाङ पुग्नु परेन । ङायुमा आमाबुबासँग भलुवानीमै बस्छिन् । रुमुहाङ भने फेरि हङकङ फर्किन्छ । ङायुमा नेपाल आएपछि आफूलाई स्वतन्त्र भएको अनुभूति गर्छे । खुङहाङ पहाडमै चिनेको र छिमेकीको नाताले उनीहरूको घरमा आवत–जावत गरिरहन्छ । ऊ जमिनदार हो । उसले समाजमा भएका सोझो, इमान्दार र गरिब व्यक्तिहरूलाई विभिन्न जालमा फसाएर लुटेर, ढाटेर शोषण गर्ने गर्दछ । उसले पैसाको तागतले पुलिस, प्रशासन सब आफ्नो कब्जामा राखेको हुन्छ । त्यसैगरी अर्काको श्रीमतीमाथि नजर लगाउने र नारी अस्तित्वमाथि खेलवाड गर्ने प्रवृत्तिको हुन्छ । ङायुमाको आमाबुबा हलेसीको मेला आउन लाग्दा खोटाङतिर लाग्दछन् । त्यही मौकामा खुङहाङले करिब दश बाह्र जनाको दलबलसहित ङायुमालाई अपहरण गर्छन् । ङायुमासँग विभिन्न सुरक्षाका साधनहरू थिए तर त्यसको व्यवस्थापन नगरी बसेकीले केही गर्न सक्तिन ।

खुङहाङले आफ्नो स्वार्थपूर्ति गर्न उसको अपहरण गरेको कुरा बिस्तारै ङायुमालाई थाहा हुन्छ । खुङहाङले ङायुमालाई अपहरण गरेर अध्यारो कोठाभित्र ढोका थुनेर राख्न लगाएको थियो । ऊ ङायुमाको रुप र सम्पत्तिमा लोभिएको थियो। एकदिन खुङहाङ ङायुमालाई अपहरण गरेर राखेको भोटे ताल्चा खोलेर बन्द कोठाभित्र प्रवेश गर्‍यो । उसको अनुहार देख्ने बित्तिकै ङायुमालाई भित्र प्रतिशोधका बाँणहरू उर्लेर आयो। खुङहाङले ङायुमालाई विश्वासघात गरेको थियो, तसर्थ ङायुमाले उसलाई तिरस्कार गर्न थालेकी थिई। ङायुमाले खुङहाङलाई हेर्दै नहेरी पर सर्छे। ङायुमाले आफू अपहरणमा परी बाह्र–बाह्र दिनसम्म बेखबर भएकीले अरुको नजरमा आफ्नो नारी अस्मिता समाप्त भएको महसुस गर्छिन्।

खुङहाङ फेरि बाह्रदिनपछि ङायुमालाई थुनेको अन्धकार कोठामा पस्यो। ङायुमाले भने त्यत्रो दिनसम्म केही पनि खाएकी थिइनन् । बरु खुङहाङप्रतिको घृणाले ङायुमा पागलभैंँ देखिन्थी । त्यही बेलामा खुङहाङले भोटे ताल्चा खोलेको मौकामा ङायुमा बाहिर निस्किन्छे। खुङहाङ र उसको साथीले ङायुमालाई फेरि पिछा गर्छन् । ङायुमाले भने कसैको वास्तै नगरी सूर्यास्तको सङ्केत सँगसँगै चारकोशे झाडीको बाटोलाई पहिल्याउँदै अनिश्चित यात्रामा हिड्छे। ङायुमाले उनीहरूलाई एकपल्ट पनि फर्केर हेरिनँ। यत्तिकैमा खण्ड तिन समाप्त हुन्छ।

यस उपन्यासको चौथो खण्डको प्रारम्भमा ङायुमा चारकोशे झाडीमा एकलासको हिडाइबाट भएको छ। त्यहीँ चारकोशे झाडीमा हिड्दा–हिड्दै ङायुमालाई आत्माहत्या गरेर दोषी संसारबाट मुक्ति पाउने विचार गर्छिन् । ङायुमाले आत्माहत्या गर्न लागेको बेला त्यहाँका चराचुरुङ्गी र बाँदरको हुल मात्रै साक्षी थियो । त्यही समयमा बाँदरको हुलमा एउटाले आङ कन्याउँदै आफ्नो बच्चालाई च्यापेर दूध खुवाएको देख्नासाथ होङकुलाई सम्झिन पुग्छिन् । त्यसपछि आफैले लगाएको पासो फुकालेर उसले चाहेको मृत्युलाई अँगाल्न सकिनन् । यसरी होङकुको यादले गर्दा आफ्नो मृत्युका लागि गरेको तयारीबाट विचलित भएर रुखबाट झर्छिन्। अहिले होङकु केवल संस्मरणमा मात्र उसको गालाभरि र लालाटभरि–भरि मायाका चुम्बनहरू बर्साउदै गोरेटोतिर अगाडि बढिरही । त्यसपछि ङायुमा होङकुको सम्झनामा अर्धचेत अवस्थामा हिडिरही । एक बाँदरले आफ्नो ममतालाई ब्युउँझाइ दिएर उनको जीवनको पथमा फेरि दुःखले अँगाल्न खोज्दै थियो। यत्तिकैमा चौथो खण्ड समाप्त हुन्छ।

यस उपन्यासको पाँचौ खण्डमा आइपुग्दा ङायुमा हिड्दाँ–हिड्दैँ अचेत भएर सडकमा ढलेको हुन्छ । त्यही समयमा खुङहाङले ङायुमालाई बोलाउँछ । ङायुमालाई भने कता–कता सपना जस्तो लागेर आउँछ। खुङहाङले अझै पिछा गर्न छोडेको छैन। ङायुमा धेरै दिनदेखि भोकै भएकीले सडकमा बेहोस भएर लडेकी थिई । उनी सचेत अवस्थामा आउँदा त्यहाँ विष्णुमामाले ल्याको थाहा पाउँछिन्। आफूलाई मर्न नदिएकोमा मामासँग खेद प्रकट गरिन्। मामाले सम्झाउँदै बाँच्नका लागि ढाडस दिए । त्यसपछि ङायुमा विष्णुमामाको पसलमा बस्न थाली । ङायुमालाई विष्णुमामाको पसलमा बस्ने मन थिएन। तर बाध्यतावश बस्न थाली।

खुङहाङ त्यहाँ पनि रक्सी पिउने बहानामाा आउन थाल्यो । ङायुमाको पुनः अपहरण र हत्याको योजना रचेर त्यहाँ आएको अनुमान विष्णुमामा र ङायुमाले गरे। तर उनीहरूले चाहेर पनि केही गर्न सकेनन् । त्यसबिच रुमुहाङ पनि आएर फर्किसकेको हुन्छ । त्यो कुरा ङायुमाले पनि थाहा पाउँछिन् । ङायुमाले सोच्छिन् यदि न्यायको ढोका रुमुहाङले ढकढक्याएको भए खुङहाङ अपराधीको रूपमा सावित हुन सक्थ्यो। तर रुमुहाङले उल्टै खुङहाङसँग जारीको भरपाइमा सही गरिदिएर ङायुमालाई खुङहाङकी श्रीमती भएको प्रमाण बनाइ दिएको थियो। ङायुमाको सम्पूर्ण सम्पत्ति र अस्तित्व अपहरण गरिसकेको खुङहाङले उल्टै तालाबाजी सुम्पेकी कान्छी स्वास्नीले २४ हजार लिएर भागेकीले दिलाइ भराय पाउ भनी उजुरी गरेको थियो । न्यायलयले पनि ङायुमाको लालनपालन खुङहाङले गरेको हो भनेर ठहऱ्याएको थियो । ङायुमालाई अदालतले दोषी ठहऱ्याएपछि सहमति जुट्न सकेन । त्यसपछि ङायुमाले आफ्नो साडी खोलेर जबर्जस्त खुङहाङको गलामा पासो लगाएर बजार घुमाइन् । यस घटनापछि ङायुमाको भेट खुङहाङसँग कहिल्यै भएन तर ङायुमालाई हत्या गराउन खुङहाङले प्रशस्त प्रयास गरेको थियो। एकदिन दुई ठिटाहरूले ङायुमालाई आक्रमण गर्दा ढलमा फ्याकीदिएपछि आफू एक्लै भएको महसुस गरिन्। ङायुमाको जीवन विसङ्गत र अस्तित्वहीन भई अघि बढिरहेको थियो । यसपछि ङायुमाको जीवनले अर्कै मोड लिन पुग्छ। यस्तैमा यो खण्ड समाप्त हुन्छ। यो दृश्यबाट कथानकले मध्य श्रृङखलामा प्रवेश गरेको छ।

यस उपन्यासको छैटौं खण्डमा ङायुमा विरक्तिएर विष्णुमामाको आश्रयबाट विरक्तिएर स्वतन्त्रताको खोजीतिर उन्मुख भएबाट सुरु भएको छ। त्यस्तै एकदिन ङायुमाले हवाइ अड्डा उठिसकेपछि त्यस खाली प्राङ्गाणमा दुई–चारजना रिक्सावालहरूसँग मिलेर एउटा सानो बस्ती बसाउने योजना गर्छे। यसै योजनालाई मूर्त रुप दिन उसले मजदुरहरूको साथ लिन्छे। तर त्यस

समयमा ङायुमाको स्थिति सहज नभएकोले त्यो योजना पूरा हुन सक्तैन । ङायुमाले आफूलाई एक्लो भएको महसुस गर्छिन् । अतीतका घटनाहरू सम्झिदै तरङ्गीत हुन्छिन् । देवशरिया, होङकु, रुमुहाङ, कोङछामा आदि थुप्रै आफन्तहरूलाई सम्झिन पुग्छिन् । उसले अझै पनि खुङहाङको बाह्रदिने कारावासमा बस्दाको एउटा सुकुम्बासीको दर्दनाक कथा पनि सम्झिन पुग्छिन् । त्यस समयमा खुङहाङ एक लुटाहा व्यक्ति थियो । उसले ठगेका सारा झोडाबासीहरूले ङायुमालाई उसकी सम्मानित स्वास्नी ठानेर उनीहरूको दुःखपूर्ण कहानी पोखेका थिए । त्यहाँ खुङहाङबाट ठगिएका जङ्गे, पासाने जस्ता निरीह भूमिहीनहरूलाई सम्झेर ङायुमा आहात हुने गर्थिन् । उनीहरूको स्वतन्त्र जीवन निर्वाहको पक्षमा खुङहाङको विरुद्ध ङायुमाले बराबर परामर्श दिने गर्थि ।

एकदिन अचानक पासानेको लाश मैनाबाढी छेउमा फेलापरेपछि ङायुमाको मनस्थिति बिँग्रदै जान्छ । त्यसपछि उनी पूर्णरूपमा सर्तक हुन्छिन् र पनि कहिले–काहि उसको अकेलापनको अवस्थामा र कहिले मध्यराततिर पनि उसमाथि हमलाको घटनाहरू हुन थाल्छ । उनी जति–जति चारैतिरबाट असुरक्षा भएको महसुस गर्थिन् त्यत्ति नै उसका आफन्तहरू उसको मामलाबाट टाढा छड्कने प्रयास गरिरहेका हुन्थे । केवल लोलियाले मात्र खुङहाङका सबै षडयन्त्रहरू उनीसम्म पुऱ्याउँने गर्थी । त्यस्तैमा एकदिन विष्णुमामाले ङायुमालाई सुरक्षित गर्नको निम्ति अर्कै ठाउँ लैजान्छ । यत्तिकैमा छैटौं खण्ड पनि समाप्त हुन्छ ।

यस उपन्यासको सातौं खण्डमा विष्णुमामाले चिने जानेका एकजना पाला बुढोकोमा ङायुमालाई लैजान्छ । उसको घर भारतको छोटा रंगीत भन्ने ठाउँमा हुन्छ । पाला बूढो त्यस ठाउँको सम्पन्न व्यापारी हुन्छ । उसका दुई छोरीहरू हुन्छन् । त्यहाँ रहदा–बस्दा ङायुमाको मित्रता मैतासँग हुन पुग्छ । उनीहरू एकाधदिन बिराएर सिङ्ला कमानको उकालो ओह्वालो धाउँछन् । ङायुमाले मैतालाई आफ्नो विषयमा यावत कुरा बताउँछिन् । मैताले भने आफ्नो बारेमा केही पनि भन्दिनन् । ङायुमाको जीवन यस्तै तरिकाले अघि बढ्दै थियो ।

ङायुमाको बारेमा सबैको चासो थियो तर कुनै अत्तोपत्तो दिइएको थिएन । मैतासँग घनिष्टतापूर्ण मित्रता भए तापनि मैताले उसको जीवनको वास्तविकता खोलिनन् । एकदिन मैतालाई झुण्डिएको अवस्थामा छोटा रंगीतको पुलमा भेटिन्छ, र अनाहकमा मैताको घर मालिक र

ङायुमा हिराशतमा पर्छन् । त्यसबेला ङायुमालाई मैतासँगको विछोडभन्दा पनि आफ्नै संगतिमूलक क्षण कही पनि रहेनछ भन्ने तीतो अनुभूति गर्छिन् । उनीहरूलाई सोधपुछ गरेपछि छाडिन्छ।

पाला बुढाले ङायुमालाई असाध्यै माया गर्छ । पाला लगभग सत्तरी उँभैको तामाङ बूढो थियो । उसले ङायुमा बरालिनुको विवशतालाई सुन्ने र बुझ्ने चाहना गर्थ्यो । ङायुमाले पनि पाला बूढोको बारेमा बुझ्न खोज्छ तर सोध्न सक्दिनन् । पाला बूढोले कहिले–कहि मातेको बखत राणा शासनको अत्याचारका कारण विदेशी भूमिमा आइपुगेको कुराहरू ओकल्थ्यो । त्यसरी रहँदा–बस्दा ङायुमाको प्रवासी बसाइ पनि दश महीना पुग्छ । एकदिन विष्णुमामाको पत्र आउँछ, जहाँ अब नेपाल आउँदा हुन्छ भनेर लेखिएको हुन्छ । पालाले मन नलागी–नलागी छोरीका रूपमा आश्रय दिएकी ङायुमालाई बिदा गर्छ । ङायुमा पनि नमिठो मान्दै नेपाल फर्केको दृश्यसँगै यो खण्ड समाप्त हुन्छ।

यस उपन्यासको आठौं खण्डमा आइपुग्दा नेपाल आएपछि ङायुमाले आफ्नो बाँकी जीवन स्वतन्त्रतापूर्वक बाँच्न चाहने आफ्नो अतृप्त मनोकाङ्क्षालाई सही ढङ्गले अझ पनि मूर्तरुप दिन सकेकी थिइन । ऊ आइपुग्ने बित्तिकै खुङहाङ आफ्नो दुर्दमनीय अवस्थालाई संगालेर प्रतिदिन क्षीण बन्दै गइरहेकोले उनी सुरक्षित रहेको जानकारी विष्णुमामाबाट पाएकी थिई । विष्णुमामाले जीविकोपार्जनको लागि जागिर गर भनेपछि प्रवासमा बस्दा मैताले भनेको कुरा सम्झिन पुग्छिन्, जहाँ आफूसँग तालमेल हुनेखालको पेसा अँगाल्नु पर्छ भन्ने धारणा राखेकी थिई । त्यस्तैमा विष्णुमामाले प्राइभेट स्कुलमा पढाउने कामम खोजिदिए पछि ङायुमा त्यही व्यस्त हुन थाली ।

ङायुमाको पुरानो योजना अनुरुप रिक्सावाला मजदुरहरूसँग मिलेर हवाइ अड्डाको खाली प्राङ्गणमा अड्डा सरेपछि बस्ती बसाउँने उसको सोचाइलाई मूर्त रुप दिन क्रियाशील बन्दै गई । रिक्सावाल शफिकको सहायताले चारवटा छाप्रो बनाएर चार परिवार बस्न थाले । उनीहरू बसेको चार–पाँच दिनमै छाप्रा भत्काउन प्रशासनले डोजर लिएर आयो । विभिन्न तर्कवितर्कपछि उनीहरूलाई कारावास पठाइयो तर सौभाग्यको कुरा उनीहरूको पक्षमा यातायात मजदुरहरूले मजदूरको पक्राउका विरुद्ध हड्ताल गरेपछि कर तिर्नु पर्ने सर्तमा प्रशासनले रिहाइ गर्न बाध्य भयो । उनीहरू सबै त्यही स्थानमा बसोबास गर्न थालेपछि ङायुमाको जीवनमा अब त्यस्ता कुनै अप्ठ्याराहरूले रोकेनन् । रहँदा–बस्दा ङायुमालाई होङकुको सारै सम्झना आएपछि उसको सट्टामा देवशरियालाई भलुवानीबाट उसको आमाबुबासँग मागेर ल्याउँछिन् । उनीहरूको सम्बन्ध

आमाछोरीको रुपमा प्रगाढ हुँदै जान्छ । देवशरियाले पढाइमा प्रगति गर्दै लान्छिन् भने ङायुमाको आर्थिक स्थिति पनि राम्रो हुँदै जान्छ । देवशरियाले स्नातकसम्म पढेपछि कुनै पेसा अपनाएर ङायुमालाई सहयोग गर्ने सोच राख्छे।

यत्तिकैमा देवशरियाको लागि विवाहको प्रस्ताव आउँछ। देवशरियाकै बुबाले रामनारायण भन्ने केटा लिएर आउँछ। उसको घर सत्तीघट्टामा हुन्छ। उनीहरूको दाइजो नलिने र कोट म्यारिज गर्ने भनेपछि ङायुमाले पनि स्वीकार गर्छिन्। त्यसपछि देवशरियालाई बिदाबारी गरेपछि ङायुमाले आफूलाई एक्लोपनको महसुस गर्छिन् । ङायुमाको जीवनमा जस्तोसुकै समस्याहरू पार गर्नु परे तापनि जीवनको अन्तिम समयमा यी नै आफ्ना उपलब्धिहरू सोचेर खुसी हुनु पर्ने हो तर उसको जीवनमा यावत अनुभूतिहरूले गर्दा आफ्नो अस्तित्वसँग धक फुकाएर हाँस्नसम्म पनि नसकेको महसुस गर्दाका अवस्थामा आठौं खण्ड समाप्त भएको छ।

उपन्यासको नवौं वा अन्तिम खण्डमा ङायुमाले देवशरियाबाट नाति जन्मेको खबर पाउँदा उसले जीवनमा त्यस्तो खुसीको अनुभूति पहिलोपटक पाएको महसुस गर्छिन् । त्यसपछि उनको आफ्नो नियमित पेसाप्रति कुनै लगाव हुँदैन । पेसाबाट अवकाश लिएपछि प्रश्न गर्ने सबैलाई म सम्पूर्ण कुराले सम्पन्न भए भनेर जवाफ दिन्छिन्। उसलाई पहिला सामाजिक र आर्थिक अभावले सताएको थियो भने आज चाहिँ सम्पूर्ण कुराले थिचेको छ । आफ्नो जीवनमा घटेका विविध क्षणहरूलाई सम्झिदैँ जे भयो मेरो लागि राम्रै भयो, 'आखिर मानिसले जस्तो सुकै वैभव र हरिपको परिभाषा बाँच्न चाहे पनि एउटै रगत र मासुले निर्मित स्थूल पार्थिवसम्म स्वीकारेर त्यसैलाई मान्छेको उपमा भिराएर जिउनुसम्म त हो। के फरक छ र ?' (सुब्बा, २०६१, पृ.७६)। ङायुमा भावनामा डुब्दै रुमुहाङलाई नामर्द पुरुषका रूपमा उभ्याउँदै उसको नामर्दपनको विज्ञापन उसको बुढेसकालभरि पनि लेखिन खोजेको अनुभूति गर्छिन् । उसले खुङहाङलाई जीवनमा कहिल्यै स्वीकार गर्दिनन् । रुमुहाङ र होङकुसँग बिताएका क्षणहरू सम्झिँदै 'त्यत्तिभन्दा बढी कल्पना गर्नु पनि त क्षत विक्षत पारेर कुल्चिएको एउटा अस्तित्वको लागि अत्यन्त महङ्गो बन्न पुग्छ' (सुब्बा, २०६१, पृ.७८) भन्दै मनमनै सोच्छिन्। यसरी नै उसको लागि एउटा सार्थक दिन कहिल्यै पनि आउन नसकेको ठान्छिन्।

त्यस्तैमा एकदिन खुङहाङको मृत्यु भएको खबरले ङायुमालाई दुःखित बनाएको छ। तब उसले मनमनै सोच्छिन् 'त्यो मेरो लागि अत्यन्त घृणित मृत्यु हो र पनि म विधवा भने पटक्कै

भएकी छैन। उसले मलाई स्वास्नीको उपाधि भिराउनु पाउनुको कारण मात्र ममाथि थोपारिएका अन्यायहरू हुन्' (सुब्बा, २०६१, पृ.७८) । यसरी आफूलाई कसैको सधवा र कसैको विधवा नबनेकी भनी मूल्याङ्कन गर्न पुग्छे। त्यसपछिका दिनहरूमा उसको पापाको मृत्युले बेलाबखत शोक सन्तप्त हुन्छे। ऊ सैंतालिस वर्षको उमेरमा पनि त्यही रङ्ग र ढङ्गले अघि बढिरहन्छे। ङायुमाले आफूलाई सदा आस्थावान जीवाइ चाहने कुरा व्यक्त गरेपछि उपन्यासको कथानक अन्त्य भएको छ।

यसरी *कुल्चिएको अस्तित्व* उपन्यासमा ङायुमा जस्ता पात्रमार्फत एउटा नारीले स्वतन्त्र रूपमा बाँच्न खोज्दा अझ बढी परतन्त्र स्वीकारेर बाँच्नु पर्ने बाध्यतालाई यहाँ सशक्त ढङ्गले प्रस्तुत गरिएको छ। यस उपन्यासमा ङायुमाको जीवनलाई एक अस्तित्वहीन भोगाइको रूपमा चित्रण गरिएको छ। उपन्यासमा नेपाली नारीमाथि भएको दमन, शोषण, अन्याय, उत्पीडन आदि कथानकका रूपमा आएकाले यसको स्रोत नारीले भोग्दै आएको यथार्थ समाज हो। यो उपन्यास आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अगाडि बढेको छ। प्रस्तुत उपन्यास अविछिन्न गतिमा अगाडि बढेकोले सरल कथानकको प्रयोग भएको छ भने ठाउँ–ठाउँमा घटित घटनाहरूले कौतुहल पनि सशक्त रूपमा जगाएको छ।

## ४.३.२.२ पात्र वा चरित्र

*कुल्चिएको अस्तित्व* नारी केन्द्रित उपन्यास हो जसले गर्दा यस उपन्यासमा प्रमुख पात्रका रूपमा नारी पात्रहरूलाई उभ्याएको छ । यस उपन्यासमा प्रमुख पात्रहरू नेपाली समाज र परिवेश अनुकूलका देखिन्छन् । प्रस्तुत गरिएका पात्रहरू स्वाभाविक र यथार्थ जस्ता देखिन्छन् । यस उपन्यासमा मुख्य, सहायक र गौण गरी तिनै तहका पात्रहरू पाउन सकिन्छ। तीमध्ये ङायुमा यस उपन्यासको प्रमुख पात्र हो। त्यस्तै रुमुहाङ, खुङहाङ, विष्णुमामा, मैता सहायक पात्रका रूपमा देखिन्छन् भने होङकु, रोवर्ट, देवशरिया, देवशरियाका बुबाआमा, ङायुमाका बुबा–आमा, सासु–ससुरा, पाला (तामाङ बुढो) लगायत अन्य थुप्रै गौण पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा पात्रहरूका चारित्रिक विकास र विशेषताको व्याख्या तल गरिएको छ :

## क) ङायुमा

ङायुमा यस उपन्यासकी केन्द्रीय पात्र हो । उसकै माध्यमबाट उपन्यासकारले ङायुमाले भोगेको जीवनलाई व्यक्त गरेका छन् । यो सिङ्गो उपन्यास उसको जीवनको सेरोफेरोमा घुमेको छ । त्यसैले यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म देखा पर्ने पात्र हो । उसले भोगेको जीवन भोगाइ, लाहुरे परिवारमा जन्मेकीले शिक्षित साथै आर्थिक सम्पन्नता हुँदा–हुँदै पनि उसले समाज परिवर्तन गर्न खोज्दा पाएको पीडा पितृसत्तात्मक सोचका कारण पाएको मानसिक यातनाका साथै आर्थिक सम्पन्नताले गर्दा पाएको कष्टलाई उपन्यासकारले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । ङायुमालाई लाहुरे प्रवृत्ति मन पर्दैन । उसले लाहुरेसँग विवाह गर्न नचाहदा–नचाहँदै रुमुहाङसँग विवाह हुन्छ।  उनी आज्ञाकारी पात्र हो। ङायुमा अरुलाई छिट्टै विश्वास गर्ने भएकीले खुङहाङको जालोमा फसेर जिन्दगीभर त्यही भूमरीमा फसिएकी पात्र हो । आफू शिक्षित नारी भएकीले पल्टनको सुखभन्दा पनि जीवनमा केही गर्न नपाएकोमा सधैँ चिन्तन गर्ने पात्रको रूपमा देखा पर्छे ।

आफ्नो अस्तित्व बुझ्े पनि विद्रोह गर्न नसक्ने पात्र हो। पहिला पिताको आज्ञाकारी छोरी पछि रुमुहाङकी दासत्व स्वीकार्ने पात्र हो । रुमुहाङले हातपात गर्दा पनि चुपचाप सहेर बस्छे त्यसो र रुमुहाङले सधैँ घरेलु हिसांमा राखेको पात्र हो । आफ्नो छोरा होङकुको सम्झनामा देवशरियालाई छोरी बनाएर राख्छे त्यसैले ममतामयी पात्र हो । आफ्नो अस्तित्व बुझ्ेकै कारण उसले जीवनको अन्तिम समयमा समाजमा प्रतिष्ठा र सम्पत्ति पनि जोड्छे। ऊ सुरुवात कालमा बोल्न नसक्ने भएका कारण विभिन्न दुःखकष्ट सहेर बस्ने भएकाले विसङ्गतिवादी प्रवृत्तिको रूपमा देखा पर्छे तर जीवनको उतार्द्ध क्षणमा आफूलाई परिवर्तन गरी प्रगतिशील कार्यमा लागेकोले प्रगतिवादी प्रवृत्तिको रूपमा देखा पर्छे। यस उपन्यासमा ऊ मञ्चीय पात्र हो । ऊ गतिशील, प्रमुख र अनुकूल पात्रको रूपमा चित्रित पात्र हो।

## ख) रुमुहाङ

रुमुहाङ यस उपन्यासका सहायक पात्र हो । रुमुहाङ लाहुरे हो । ऊ ङायुमाको बाल्यकालको साथी हुनका साथै श्रीमान् पनि हो। ऊ पुरुषवादी सोच भएको पात्र हो। ङायुमा र उसको घर एउटै गाउँमा हुन्छ। उसले ङायुमालाई बाल्यावस्थादेखि नै मन पराएको देखिन्छ, तर

ङायुमाप्रति आत्मिक प्रेम नभएर वासानात्मक प्रेम भएको देखिन्छ। आफू पुरुष भएकोमा उसलाई घमण्ड छ, तसर्थ ऊ अहम् भावना भएको पात्र हो। ङायुमासँग सानो–सानो कुरामा पनि झगडा गरिरहने हुनाले ऊ झगडालु स्वभाव भएको पात्र हो। महिलालाई एक खेलौना र खेलको रूपमा व्यवहार गर्ने पात्र हो । ऊ भट्टीपसल गएर रक्सी पिउने, गोरेनी केटीहरूको पछि लाग्ने क्रियाकलापले गर्दा अनैतिक कार्यमा संलग्न हुने पात्रका रूपमा देखा परेको छ। रुमुहाङले केवल युद्ध, मारामार, व्याभिचार, मनोरञ्जन आदि मन पराउने हुनाले नकारात्मक सोच भएको पात्र हो। आफ्नो श्रीमती र छोराप्रतिको जिम्मेवार कर्तव्य पालना नगर्ने पात्र हो। ङायुमामाथि त्यत्रो घटना घट्दा पनि मूकदर्शक भएर बस्ने हुनाले ऊ लाचर चरित्रका पात्र हो। ऊ सत्य–तथ्य कुरामा नगई अरुको कुरा सुनेर निर्णय गर्ने प्रवृत्तिको पात्र हो। ऊ उपन्यासमा स्थिर चरित्रका रूपमा रहेको छ।

## ग) खुङहाङ

खुङहाङ यो उपन्यासको खलनायक पात्र हो। ऊ खोटाङे हो। ऊ जमिनदार हो। जमिनदार भएपनि अरुलाई ढाटेर, ठगेर, लुटेर सम्पत्ति आर्जन गर्ने प्रवृत्तिको पात्र हो। समाजमा भएका सोझो, इमान्दार गरिब व्यक्तिहरूलाई विभिन्न जालमा फसाएर शोषण गर्ने हुनाले ऊ खलनायक पात्रका रूपमा देखा परेको छ। पैसाको तागतले पुलिस, प्रशासन, चम्चे सब आफ्नो कब्जामा राखेकोले ऊ गुन्डा प्रवृत्तिको पात्र हो। ऊ पुरुषवादी सोच भएको पात्र हो। अर्काको श्रीमतीमाथि नजर लगाउने र नारीको अस्तित्वमाथि खेलवाड गर्ने प्रवृत्तिको पात्र हो। आफ्नो स्वार्थ पूरा गर्नको निम्ति जस्तो सुकै अपराध गर्न पनि तयार हुने पात्रका रूपमा देखा परेको छ। ऊ सामन्तवादी सोच भएको पात्र हो। पैसा भएपछि सबथोक हुन्छ भन्ने सोच भएको पात्र हो। ऊ असत् मानसिकता भएको चरित्र हो। उसको अपराधिक कार्यले गर्दा ङायुमाले जीवनभर चरित्रहिन नारीको रूपमा जीवन गुजार्नु परेकोले खुङहाङ अपराधी पात्र हो। उसको नकारात्मक कार्यले गर्दा पासानेको अकालमै मृत्यु भएको छ। उसले समाजमा भएका निर्दोष, सोझोहरूलाई शोषण गर्दै आफ्नो जिवीकोपार्जन गर्ने हुनाले ऊ निर्दयी पात्र हो। आफ्नो स्वार्थको निम्ति जे पनि गर्न सक्ने व्यक्ति भएकाले ऊ मञ्चीय पात्र हो। यस उपन्यासमा उसको खलनायक भूमिकाले गर्दा कथानकमा विविध घटनाहरू घटेका छन्। उसको चरित्रले गर्दा ङायुमा लगायत विभिन्न सोझो व्यक्तिहरूले दुःख पाएकाले ऊ खलनायक पात्र हो।

## घ) विष्णुमामा

यस उपन्यासको अर्का सहायक पुरुष पात्र विष्णुमामा पनि हो । ऊ यस उपन्यासमा ङायुमाको मामा भएर देखा परेका पात्र हो । ऊ पनि खुङहाङ जस्तै अरुलाई ठगेर सम्पत्ति आर्जन गर्ने पात्र हो । विष्णुमामा नराम्रो चरित्र भएको व्यक्ति भए पनि यहाँ ङायुमाको लागि भगवान जस्तै भएर देखा परेको छ । ङायुमालाई बचाउने, खुङहाङको आक्रमणबाट सुरक्षा गर्ने, जागिर दिलाइ दिने, बाँच्नको लागि प्रोत्साहन गर्ने जस्ता भूमिका खेलेकोले ऊ असल पात्र हो । ङायुमाको जीवनलाई सशक्त रूपमा परिवर्तन गरेकाले ऊ गतिशील पात्र हो । ऊ उपन्यासमा अनुकूल र मञ्चीय पात्र हो । त्यसैले विष्णुमामा जीवन चेतनाका आधारमा गतिशील र मञ्चीय रूपमा देखा परेको छ ।

## ङ) मैता

मैता यस उपन्यासकी सहायक पात्र हो । ऊ थोरै बोल्ने भएकीले अर्न्तमुखी स्वभाव भएकी पात्र हो । यस उपन्यासमा उसको भूमिका थोरै देखिएता पनि ङायुमाको जीवन परिवर्तन गर्नुमा उसको ठूलो भूमिका रहेको देखिन्छ । ङायुमाले भारतको छोटा रंगीत भन्ने ठाउँमा जाँदाखेरि साथी बनाएकी हुन्छे । त्यहाँ रहदा–बस्दा ङायुमासँग मित्रता हुन्छ । उनीहरू एकाध दिन बिराएर सिङ्ला कमानको उकालो ओह्वालो धाउने गर्छन् । ङायुमासँग घनिष्टतापूर्ण मित्रता भए तापनि मैताले आफ्नो जीवनको वास्तविकता खोल्दिनन् । यस उपन्यासमा मैताको मृत्युलाई रहस्यमयी तरिकाले देखाइएको छ । आफै आत्माहत्या गरेकी हो या अरुले नै मारेको भन्ने कुरा स्पष्ट नभएकोले उसको मृत्यु रहस्यमय रहेको देखिन्छ ।

ङायुमा भारत बस्दा मैताले आफूसँग तालमेल हुनेखालको पेसा अँगाल्नु पर्छ भन्ने धारणाले गर्दा ङायुमाले शिक्षक पेसा अँगालेर जीवन परिवर्तन गरेकाले मैता प्रेरणादायी पात्र हो । ङायुमाले मैताकै कारण जीवनको अन्तिम कालमा समाजसेवाप्रति आफूलाई समर्पित गरेकी छे । यस उपन्यासमा उसको भूमिका थोरै भए पनि औपन्यासिक घटनामा बलियो प्रभाव पार्ने चरित्रको रूपमा देखा परेकी छे । यस उपन्यासमा ऊ मञ्चीय रूपमा देखा परेकी छ ।

## च) देवशरिया

देवशरिया पनि यस उपन्यासकी सहायक पात्र हो। ऊ लोलियाकी छोरी हो। ङायुमाले होङ्कुको सट्टामा देवशरियालाई आफ्नो सन्तानको स्थानमा राख्छे। ङायुमा र देवशरियाको सम्बन्ध आमाछोरीको रुपमा हुन्छ। देवशरियाले पढाइमा प्रगति गर्दै लान्छिन्। देवशरियाले स्नातकसम्म पढेपछि कुनै पेसा अपनाएर ङायुमालाई सहयोग गर्ने सोच राखेकीले ऊ एक असल पात्र हो। ऊ आज्ञाकारी र ज्ञानी पात्र हो। देवशरिया संस्कारी छोरी भएकाले समाज र परिवारको नजरमा मिलनसार, सहनशील पात्र हो। यस उपन्यासमा ऊ अनुकूल र मञ्चीय रूपमा देखापरेकी छ।

## छ) पाला (तामाङ बूढो)

पाला यस उपन्यासको सहायक पात्र हो। ऊ व्यापारी हो। ऊ विष्णुमामाको साथी हो। उसको घर भारतको छोटा रंगीत भन्ने ठाउँमा हुन्छ। उसका दुई छोरीहरू हुन्छन्। छोरीहरूको नाम इन्दु र मेनु हुन्छ। उनीहरू सहरमा बसेर अध्ययन गर्थे। ङायुमा उनीहरूको कोही नभए पनि दिदी भनेर सम्बोधन गर्थे। उनीहरू तिनैजना शिक्षित भएकाले प्रायः उनीहरूको कुरा मिल्थ्यो। ङायुमा आफ्नो सुरक्षाको निम्ति उनीहरूको घरमा दश महीना बस्छ। पाला बुढोले ङायुमालाई आफ्नो छोरी जस्तै गरेर असाध्यै माया गर्छ। उसको उमेर सत्तरी वर्ष पुगेको छ। उसले ङायुमा बरालिनुको विवशतालाई सुन्ने र बुझ्ने चाहना गर्थ्यो। उसले आफ्नो बारेमा भने कहिले–काहि मातेको बखत राणा शासनको अत्याचारका कारण विदेशी भूमिमा आइपुगेको कुराहरू ओकल्थ्यो। ङायुमालाई छोरीको रूपमा आश्रय दिएकीले मन नलागी–नलागी ङायुमालाई विदा गर्छ। उसले अन्जान व्यक्तिलाई सहारा दिएकोले ऊ मानवतावादी पात्र हो। यस उपन्यासमा ऊ गतिशील र मञ्चीय पात्रको रूपमा देखा परेको छ।

## ज) अन्य पात्र

यस उपन्यासमा अन्य पात्रहरूको उपस्थितिले गर्दा कथानक रोचक बनेको छ । यस उपन्यासमा ङायुमाका बुबा–आमा, सासु–ससुरा, पाला (तामाङ बुढो), कोङ्छामा, लोलिया, होङ्कु, रोवर्ट, इमा, रिक्सावाला शफिक, पासाने, लवरु, पालाका दुई छोरीहरू इन्दु र मेनु, अन्सारी, देवशरियाका बुवा, देवशरियाका ससुरा, श्रीमान, छोरा आदि सबै गौण पात्रका रूपमा

देखा परेका छन् । लोलिया, ङायुमाका बुवा–आमा, सासु, रिक्सावाला शफिक पात्रहरूले उपन्यासमा सूक्ष्म भूमिका निर्वाह गरेका नेपथ्य पात्र हुन् ।

*कुल्चिएको अस्तित्व* उपन्यासमा पात्रहरूको सङ्ख्यात्मक उपस्थिति ठिक्कको रहेको छ । ङायुमा यस उपन्यासकी केन्द्रीय पात्र हो । उसकै चारित्रिक वृत्तका परिधिमा घुमेका अन्य प्रमुख र सहायक पात्रहरूले मूल कथालाई डोऱ्याउन सहयोग गरेका छन् । यही प्रमुख स्त्री पात्र, सहनायक पुरुष पात्र र सहनायिका नारी पात्र र खलनायक पात्रका चारित्रिक विश्लेषणमा यो उपन्यास संरचित भएकाले यो चरित्रप्रधान उपन्यास हो । यसमा एक नायिका र अन्य सहायक पात्रहरूको प्रमुख भूमिका रहेको कारण यो बहुलपात्रीय भएको उपन्यास हो । यस उपन्यासभित्र सबै पात्रहरूको चरित्रचित्रण स्वाभाविक ढङ्गले प्रस्तुत गरिएको छ ।

## ४.३.२.३ परिवेश

*कुल्चिएको अस्तित्व* उपन्यासको परिवेशमा नेपालको खोटाङदेखि भारत, हङकङ, बेलायत हुँदै झापासम्म समेटिएको छ । यस उपन्यासमा नेपालको विभिन्न भू–भाग खोटाङ, भलुवानी, चारकोशे झाडी, हलेसी, हाटखोला, सतिघट्टा, मैनावाढी जस्ता स्थानहरूको परिवेशलाई चित्रण गरिएको छ । यस उपन्यासमा खोटाङ जिल्लामा ऐतिहासिक कथा स्वीकारेर प्रत्येक वर्षमा हलेसी थानमा लाग्ने मेलाको वर्णन, हङकङ, तराई र छोटारंगीतको दृश्य मुख्य भौगोलिक, प्राकृतिक परिवेशका रूपमा चित्रित छ । यस उपन्यासमा प्रयुक्त वातावरणीय परिवेशले 'म' पात्र ङायुमाको आन्तरिक मनोदशालाई विशेष उद्घाटित गरेको छ । 'नितान्त नाङ्गा रुखहरूले लाज छोप्न अझ अन्धकारलाई नित्याए होलान, चारकोसे झाडीको काखमा चारैतिर तिर्मिर प्रकाश छर्ने जुनकिरीहरूको आवागमन, केही निदाउँदै सपनामा झस्केका चराचुरुङ्गीहरूको आत्तेसपूर्ण चिच्याहट, साना–तीना रक्तसञ्चार धमनीहरूले स्नायुतन्तुलाई जागृत गराउँदा विरक्तताको सांगीतिक झन्कारले झैं मेरो हृदयभरि अनेकन क्षोभहरू पैदा गरायो, छोटा रंगीतको चिसो प्रवाहा आफ्ना दुःख–सुखहरूलाई बहाउन' (सुब्बा, २०६१, पृ. ५२) जस्ता वर्णनले 'म' पात्रले भोगेको कष्टकर जीवनमा गरेको सङ्घर्ष, आन्तरिक मनोदशामा छाएको निराशालाई सङ्केत गरेको छ । 'म' पात्रले स्वतन्त्रताको पाइला अघि सार्दै सिङ्गो अस्तित्वलाई बचाउन खोजेको देखिन्छ ।

यस उपन्यासको समयावधि यत्ति नै भनेर तोक्न सकिन्न । 'म' पात्रले आफू वैयस्क हुँदादेखिको समय हुँदै सैंतालीस वर्षसम्मको समयावधिमा घटेका घटनाहरूको स्मरण गरेकी छे। त्यही स्मरण गर्ने सिलसिलामा 'म' पात्रले खोटाङ र हङकङमा बिताएको बाल्यकाल, विद्यार्थी जीवन, इन्डोनेसियामा भएको युद्धको वर्णन, यू.के.भ्रमण, भलुवानी, छोटारंगीतमा भएको छोटो बसाइ, बस्ती बसाउने योजना र देवशरियाको बिहेपछि आफ्नो पेसा छोडेको अवस्थासम्मको समयावधिलाई पूर्वस्मृतिमार्फत उल्लेख गरिएको छ।

यसरी यस उपन्यासको प्रत्यक्ष परिवेशका रूपमा नेपाल, भारत, हङकङ र यू.के.का विभिन्न स्थान  र समय आएका छन् भने अप्रत्यक्ष रूपमा त्यहाँका सिङ्गो गगनचुम्बी हिमशैल, हलेसी थान, मेला, इन्डोनेसियाको युद्ध, हङकङको आर्मी छाउनी, भट्टीपसल, भारतको छोटारंगीतको प्राकृतिक परिवेश, पुल, चारकोशे झाडी आदि आएका छन् । यस उपन्यासमा विशेषगरी 'म' पात्रले भोगेका घटनाहरूलाई आन्तरिक मनोदशाका रूपमा चित्रण गरिएको छ।

उपन्यासमा प्रयुक्त परिवेशले ङायुमा पात्रले भोगेको समयमा देशको स्थिति, समाजको स्थिति, विश्वको स्थितिका साथै नारीमाथि हुने अन्याय शोषण र दृष्टिकोणलाई उजागर गरिएको छ । त्यसैगरी हाम्रो जस्तो पितृसत्तात्मक राष्ट्रमा शिक्षित र आर्थिक सम्पन्नता हुँदा–हुँदै पनि महिलाहरूले कस्तो–कस्तो समस्याहरू झेल्नु पर्दो रहेछ भन्ने पक्षलाई यहाँ सशक्त ढङ्गले प्रस्तुत गरिएको छ।

## ४.३.२.४ उद्देश्य

*कुल्चिएको अस्तित्व* उपन्यास खासगरी पितृसत्तात्मक समाजमा महिलामाथि हुने अन्याय, अत्याचार र दृष्टिकोणको कारण हुने समस्यालाई विषयवस्तुका रूपमा औपन्यासिक संरचना प्रदान गरिएको कृति हो । प्रस्तुत उपन्यासले नेपाली समाजमा नारी अस्मिताका लागि सङ्घर्ष गर्दा कस्ता–कस्ता अप्ठ्याराहरू भोग्नु पर्छ भन्ने कुरालाई देखाउनु नै यसको उद्देश्य हो । विशेष गरेर पितृसत्तात्मक सोचका कारण महिलाले भोग्नु परेको परिस्थितिलाई यस उपन्यासमा उद्घाटित गर्न खोजिएको छ । पितृसत्तात्मक पुरुषप्रधान समाज र संस्कारले हुर्केको आजको नेपाली सभ्यता, विश्व सभ्यता नै किन नहोस् नारीलाई यातना, वासना र भोग विलासको साधनका रुपमा उपयोग गर्ने परम्पराले जरो गाडेको तीतो सत्यलाई यस उपन्यासमा उजागरण

गरिएको छ। यस उपन्यासमा पुरातन सोच भएको समाजमा एक शिक्षित र आर्थिक रूपले सम्पन्न हुँदा–हुँदै आफूले चाहेको र सोचेको जस्तो जीवन जिउन नसकेको परिस्थितिलाई देखाइएको छ। ङायुमाका माध्यमबाट जीवनमा सम्पत्ति, पैसा नै सबथोक होइन त्यसभित्र पवित्र प्रेम र दुःखमा साथ दिने आफन्त पनि चाहिन्छ भन्ने भावलाई उठाइएको पाइन्छ ।

नेपाली समाजमा अहिले पनि खुङहाङ जस्ता व्यक्तिहरू छन् जहाँ अरुको सम्पत्ति लुटेर खाने अनि ठूला–बडा भनाउँदाहरूले गरिब दीन दुःखीहरूमाथि अन्याय, शोषण गरेर सधैँ आफ्नो स्थान उच्च राख्ने प्रवृत्तिलाई पनि देखाइएको छ। त्यसैगरी अहिलेको समाजमा मानवता हराए पनि कहिं कतै भने रहेको छ भन्ने पक्षलाई विष्णुमामा र पाला जस्ता पात्रहरूको माध्यमबाट उजागर गर्न खोजिएको छ।

यस उपन्यासकी मुख्य पात्र ङायुमाको विसङ्गत जीवनका साथै प्रगतिवादी जीवनलाई पनि चित्रण गरिएको छ। ङायुमा लाहुरे परिवारमा जन्मी, हुर्की र उच्च शिक्षा हासिल गरे पनि आफूले सोचेको जस्तो जीवन निर्वाह गर्न सक्तिनन। उसको इच्छा गाउँमा हुँदा आफूले पाएको ज्ञानलाई अरुमा बाड्ने हुन्छ, तर त्यो सपना अधुरो हुन्छ। त्यसैगरी आफ्नो विवाहप्रति आफै निर्णय गर्न सकेकी छैन, जसले गर्दा उनले विवाह पश्चात् निराशाको जीवन बिताउन बाध्य भएकी छे। लाहुरे भएर अर्काको देशलाई रक्षा गर्न सक्ने तर आफ्नै श्रीमती र सम्पत्तिको रक्षा गर्न नसक्ने रुमुहाङको चरित्रमार्फत यहाँ सुरक्षा भनेको हात–हतियारद्वारा मात्र हुँदैन, भावनात्मक प्रेम पनि आवश्यक पर्छ भन्ने कुरालाई देखाउनु पनि यस उपन्यासको उद्देश्य रहेको छ। खुङहाङ जस्तो पात्रलाई चित्रण गरी यस समाजमा यस्ता मान्छेहरूसँग सर्तक रहनु पर्ने र पराइ व्यक्तिलाई विश्वास गर्नु हुँदैन भन्ने कुरालाई देखाउनु पनि यस उपन्यासको उद्देश्य रहेको छ।

समग्रमा यस उपन्यासका प्रमुख पात्र ङायुमाको माध्यमबाट समाजको दृष्टिकोण र सोचका कारण महिलाले आफ्नो अस्तित्वलाई धरापमा पारी जीवन जिउन बाध्य भएको कुरालाई देखाउनुका साथै महिलाले आफ्नो अस्तित्व र पहिचानलाई बुझ्न सक्यो भने एक्लैले पनि जीवन निर्वाह गर्न सक्छ भन्ने सकारात्मक पक्षलाई उजागर गर्नु यसको मूल उद्देश्य रहेको छ।

### ४.३.२.५ दृष्टिविन्दु

प्रस्तुत *कुल्चिएको अस्तित्व* उपन्यास 'म' पात्रको जीवनमा घटित घटनाहरूसँग सम्बन्धित छ। यस उपन्यासको लेखकले आत्मकथन गरेबाट कथानक प्रारम्भ भएको छ। यस उपन्यासका प्रमुख पात्र ङायुमाले लेखकलाई सुनाएको कथाबाट सुरुवात भएको छ। यसमा 'म' पात्रले आफ्नो कथा स्वयम् वर्णन गरेकी छ। प्रत्येक अङ्कमा घटित घटनाहरू 'म' पात्रबाटै बयान भएको छ। ङायुमाका दृष्टिबाट उपन्यासकारले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन्, त्यसैले यो उपन्यास तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको उपन्यास हो। यस उपन्यासमा बाह्रय दृष्टिविन्दुको प्रयोग भएको छ। लेखकलाई सम्पूर्ण कथा ङायुमाले सुनाएकी छिन्। लेखक त स्रोता बनेका छन्। एकालापीय रूपमा ङायुमाले कथा सुनाउँछे। त्यसकारण तृतीय पुरुष बाह्रय दृष्टिविन्दुमा यो उपन्यासको कथा बुनिएको छ।

### ४.३.२.६ भाषाशैली

प्रस्तुत उपन्यासको भाषा पहिलो उपन्यासभन्दा सरल रहेको पाइन्छ। यस उपन्यासमा लेखकको बौद्धिकताले निकै नै हस्तक्षेप गरेको पाइन्छ। यसलाई सिद्ध गर्न केही बुँदाहरू यस्ता छन् :

'आफ्नो जीवनको पराकाष्ठमा ठोक्किएर हुत्तिनु नपरेको भए म उसलाई काखभरि च्यापेर जीवनको रंगशालामा प्रेमका रेखाहरू कोर्दै उसँग खेल्ने थिएँ होला' (सुब्बा, २०६१, पृ.२९)।

'वास्तविकता प्रत्येक मानिसको जीवन र जीवाइको बिसौनी एउटा सिङ्गो देश हो। यहाँ केवल अधिकारहीनताको अर्थमा एउटा कालो पर्दाले ढाकेको सामाञ्जस्य सधैं–सधैं विपनाभरिको निश्वासमा गुम्सिने गर्छ र सपनाभरिको अर्थ निःश्वासमा पनि' (सुब्बा, २०६१, पृ.८०)।

'म स्वतन्त्र जन्मेकी स्वास्नी मान्छे। स्वतन्त्रताको पाइलाले निर्भीकतापूर्वक कुल्चेर यी सडकहरूलाई एउटा आस्थावान जीवाइ चाहान्छु। मान्छेहरूको सिङ्गो अस्तित्वलाई उठाउँदै यही सडकहरूको पेटीबाट' (सुब्बा, २०६१, पृ.८०)।

यस प्रकार उपन्यासमा प्रयोग भएका शब्द र शैलीहरू बौद्धिक लाग्दछन्। वाक्य गठन प्रक्रियामा नै जटिलताहरू प्रशस्तै पाइन्छ। यस उपन्यासमा प्रायः गरेर वर्णनात्मक शैलीको प्रयोग भएको छ। उपन्यासमा प्रयुक्त शब्दहरूमध्ये नाम शब्दहरू राई, लिम्बू समुदायका बढी देखिन्छन्, जस्तै : कोङ्छामा, ङायुमा, होङ्कु, रुमुहाङ, खुङहाङ, पापा–आमा आदि।

उपन्यासमा छोटा संवाद र थोरै संवादको प्रयोग गरिएको पाइन्छ; जस्तै : विष्णु मामा र 'म' पात्रबीच भएको संवाद यस्तो रहेको छ, 'ङायुमा, चुप लाग' बाँच्नु पर्छ नानी ! (सुब्बा, २०६१, पृ.३०)।

अर्को ङायुमा र मैताबिच भएका संवाद 'मैता बहिनी!' हठात् मैले बोलाएँ (सुब्बा, २०६१, पृ.५१)।

केही लामा संवादको पनि प्रयोग गरिएको छ। 'म' पात्र र खुङहाङबिच भएको संवाद यस्तो रहेको छ :

'खुङहाङ ! आखिरी दान पाइसकेर पनि फेरि तिमी किन यहाँ आयौ ? भो, नजिस्काऊ। तिम्रा सम्पूर्ण यातनाहरू दुःखान्त संसारभन्दा धेरै टाढा अर्कै संसारमा पुगिसकेकी छु। मेरा यी स्वतन्त्र यात्रास्थलहरूलाई तिम्रो अत्याचारी पाइलाले कुल्चने तिम्रो कुनै अधिकार छैन। तिम्रा घृणित आँखाहरूलाई यहाँ हेर्ने अधिकार छैन। तिम्रो पिपासु हृदयले यो स्वर्गीय वागको माया गर्ने अवशर पाउँदैन। यी; म निश्चल छु। तिम्रो जेलनेल र बन्दुकको धम्की यहाँ चल्दैन। भाग, तिमी यहाँबाट भाग। मलाई मेरो नाम उच्चारण गरेर सम्बोधन गर्ने तिम्रो च्याभ्रेपनको आवश्यकता छैन। तिम्रो सम्पूर्णतासँग मेरो केही लगाव छैन। तिम्रो अत्याचारको बाध्यताले एकक्षण भेट गराएका हामी मस्तिष्क, विचार र बेग्लाबेग्लै पराकाष्ठका उपजहरू हौं। तिम्रो मृत अनुहारमाथि मैले एक थोपा आँसु खसाउनु पर्ने कुनै कारणै छैन। मेरो यो सुखान्त अवस्थालाई तिम्रो धाक, धम्की, दमन र प्रलोभन केहीले पनि केही गर्न सक्दैन' (सुब्बा, २०६१, पृ.२९.३०)।

उपन्यासमा जटिल पदावलीहरूको अधिक प्रयोग भएको देखिन्छ। काव्यात्मक वाक्य गठनको प्रयोग भएको देखिन्छ। 'म' पात्रको आत्मालापसँग सम्बन्धित कथानकमा तत्सम, तद्भव, आगन्तुक शब्दहरूको प्रयोग तथा वर्णनात्मक र संवादात्मक शैलीलाई कलात्मकता दिएर लेखिएको यो उपन्यासको भाषा काव्यात्मक र सम्प्रेषणीय बन्न पुगेको छ। यस उपन्यासमा *अदृश्य*

*व्यथा* उपन्यासभन्दा अलिक सुवोध, सरल र स्पष्ट भाषाको प्रयोग भएको पाइन्छ । उपन्यास कौतुहलपूर्ण र तार्किक रहेको छ।

## ४.३.३ निष्कर्ष

थाम्सुहाङ पुष्प सुब्बाको *कुल्चिएको अस्तित्व* (२०६१) सफल औपन्यासिक संरचना भएको कृति हो । उपन्यास विसङ्गतिवादीका साथै अस्तित्वादी उपन्यास हो । यस उपन्यासमा घटनालाईभन्दा चरित्रलाई प्राथमिकता दिएर कथावस्तु अगाडि बढाइएकोले चरित्रप्रधान उपन्यास भन्न सकिन्छ । यस उपन्यासमा लाहुरे जीवनमा आर्जन गरेको सम्पत्ति र त्यसै सम्पत्तिका कारण निर्मित समस्या, वैचारिक विमति पश्चात् वैवाहिक अवस्थापछि पनि दम्पतीबिच हुने वैमनस्यता र त्यसले पार्ने असरलाई उपन्यासको कथानक बनाइएको छ। प्रस्तुत उपन्यासको मुख्य विषयवस्तु नेपाली समाजमा नारीले चाहेको जस्तो केही गर्न खोज्दा र स्वतन्त्रका साथ आफ्नो अस्तित्व रक्षाका खातिर अघि सर्दा कस्तो–कस्तो परिस्थितिहरू भोल्नु पर्छ भन्नेमा केन्द्रित छ । प्रस्तुत उपन्यासमा घटित घटना, पात्रहरू, परिवेश र परिस्थितिको उचित संयोजनले गर्दा स्वाभाविकै लाग्दछ । उपन्यासमा प्रयुक्त पात्रहरूले आफ्नो वर्ग, उमेर, समाज, स्तर अनुरुपको भूमिकालाई निर्वाह गर्न सफल छन् ।

नेपालको तत्कालीन समाजको सामाजिक परम्परा, व्यवस्था, सांस्कृतिक मूल्यमान्यता, समाजको स्तर, भौगोलिक, आर्थिक, महिलाप्रति हेरिने दृष्टिकोण र गरिने व्यवहार जस्ता पक्षलाई प्रस्तुतीकरण गरिएको छ। उपन्यासमा प्रयुक्त परिवेशले 'म' पात्रले भोगेका समयमा देश, समाज, विश्व अनि नारीमाथि हुने अन्याय, शोषण र दृष्टिकोणलाई उजागर गरिएको छ । यसमा 'म' पात्रले आफ्नो कथा स्वयम् वर्णन गरेकी छे। यहाँ कथानकको वर्णनका क्रममा संवादहरूको पनि प्रयोग पाइन्छ । यस उपन्यासमा 'म' पात्रको माध्यमबाट समाजको दृष्टिकोण र सोचका कारण महिलाको अस्तित्व धरापमा पर्न गएको कुरालाई देखाउनु नै यसको उद्देश्य रहेको छ। त्यसैगरी नेपाली समाज अहिले पनि पुरातन सोचका कारण महिलाले चाहेको जस्तो जीवन र स्वतन्त्रता पाउन नसक्ने यथार्थलाई देखाउनु यसको उद्देश्य हो । वर्तमान नेपाली समाजमा बालविवाह, अनमेलविवाह, अनैतिकसम्बन्ध, विकृतिविसंगति आदि यावत कहाली लाग्दो समाजको यथार्थ घटनालाई पात्रको माध्यमबाट उजागर गरिएको छ। त्यसैगरी महिला वा पुरुषले सम्पत्तिभन्दा पनि शिक्षा हासिल गरेको छ भने जस्तो सुकै परिस्थितिसँग जुधेर अघि बढ्न सक्छ, आफ्नो अस्तित्वको

सुरक्षा र पहिचान दिन सक्छ भन्ने ङायुमाको चरित्रमार्फत प्रस्तुत गर्नु पनि यसको प्रमुख उद्देश्य हो । त्यसैले 'म' पात्रमार्फत सकारात्मक पक्षलाई उजागर गरिएको छ। विभिन्न पात्र र घटनालाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको यो उपन्यास तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । यस उपन्यासमा जटिल पदावलीहरूको अधिक प्रयोग भएको देखिन्छ। यस उपन्यासमा सुवोध, स्पष्ट भाषाको प्रयोग गरे तापनि काव्यात्मक वाक्य गठन गरिएकोले भाषा बुझ्न अलिक हम्मे–हम्मे पर्छ।

यसरी *अदृश्य व्यथा* र *कुल्चिएको अस्तित्व* उपन्यासहरूलाई विधातात्त्विक आधारमा विश्लेषण गर्दा पुष्ट कथानक र सरल औपन्यासिक संरचनाको प्रयोग भएको मात्र सकिन्छ।

# पाचौँ परिच्छेद

# उपन्यासकार थाम्सुहाङ पुष्प सुब्बाका औपन्यासिक प्रवृत्तिहरू

## ५.१ विषय परिचय

थाम्सुहाङ पुष्प सुब्बाले साहित्य क्षेत्रमा पाइला टेक्दाको समयमा दार्जिलिङबाट आयामेली साहित्यिक आन्दोलन चलाइ रहेका इन्द्रबहादुर राई, ईश्वर वल्लभ र बैरागी काइँला जस्ता स्रष्टाहरू अग्रसर रहेका थिए । त्यस समयमा नेपाली साहित्यको क्षेत्रमा यो नव प्रयोगवादी प्रवृत्ति थियो । साहित्य सिर्जना गर्ने क्रममा उनलाई पनि यसकै प्रभावले प्रेरित गरेको देखिन्छ । यसै क्रममा उनका कविताहरू *रुपरेखा, मेची* लगायतका पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । त्यसैगरी उनी वि.सं.२०२९ बाट *श्रीजङ्घा* पत्रिकामार्फत किरात भाषा–साहित्य, इतिहास र संस्कृतिको संरक्षणमा ठूलो भूमिका खेल्न सफल भएको देखिन्छ । उनले नेपाली भाषा र लिम्बू भाषामा थुप्रै रचना कृतिहरू प्रकाशित गरेका छन् । तसर्थ उनका सम्पूर्ण रचनाहरूमा आयामेली साहित्य सिर्जनाको प्रभाव ग्रहणगरी प्रयोगवादीका रूपमा अग्रसर, विसङ्गतिवादी–अस्तित्ववादी प्रस्तुति, सङ्केतमा कविताहरू लेख्ने प्रवृत्ति, विसङ्गत परिवेशलाई चित्रात्मक रूपमा प्रस्तुत गर्ने, सामन्तवादी सोचका विरुद्धमा अग्रसर, नारी अस्तित्व रक्षाका लागि सचेत लेखक, उत्पीडन विरुद्ध नागरिक आफै उठेर मुक्ति प्राप्त गर्न आह्वान, क्लिष्ट, दुर्बोध्यता र गुम्फित भाषाशैलीको प्रयोग, विभिन्न बिम्ब, प्रतीक र मिथकहरूको व्यापक प्रयोग र स्वजातीय मुक्तिका चिन्तन र लिम्बू भाषाको संरक्षणमा जोड जस्ता प्रवृत्तिहरूलाई पहिल्याउन सकिन्छ । यहाँ भने उपन्यासकार थाम्सुहाङ पुष्प सुब्बाको दुई उपन्यासको आधारमा उनको औपन्यासिक प्रवृत्तिको अध्ययन गरिएको छ ।

'उपन्यासकार सुब्बाद्वारा लिखित *अदृश्य व्यथा* उपन्यास २०३० सालमा प्रकाशित उपन्यास हो । सुब्बाले आफ्नो उपन्यास प्रकाशन गर्नुभन्दा तीनवर्ष अघि २०२७ सालमा लेखेका हुन्' (सापकोटा, २०६७, पृ.२६) । यहि उपन्यासबाट उनको उपन्यास यात्रा थालनी भएको हो । त्यसैगरी उनको दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* सन् २००५ (वि.सं.२०६१) सालमा प्रकाशित भएको हो । प्रकाशित उपन्यासलाई आधार मानेर हेर्दा सुब्बाका दुईवटा उपन्यासहरू प्रकाशित छन् । उनका उपन्यासहरूमा प्रयुक्त विभिन्न विषयवस्तु, शिल्प तथा वैचारिकता आदिलाई हेर्दा

विविध किसिमका प्रवृत्तिहरू देखा पर्दछन् । उपर्युक्त उनको दुई उपन्यासहरूका आधारमा सुब्बाका औपन्यासिक प्रवृत्तिहरूको निरुपण गर्न सकिन्छ । यी उपन्यासहरूको अध्ययनबाट उनका औपन्यासिक प्रवृत्तिहरूलाई बुदाँगत रूपमा तल प्रस्तुत गरिएको छ।

### ५.१.१ सामाजिक यथार्थवादी प्रवृत्ति

थाम्सुहाङ पुष्प सुब्बा आधुनिक नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराका उपन्यासकारका रूपमा चिनिन्छन्। समाज, व्यक्ति वा जीवन जस्तो छ त्यस्तै रूपमा प्रकट गर्ने काम सामाजिक यथार्थवादी उपन्यासमा पाइन्छ । समाजमा व्यक्तिले भोगेको जीवनलाई जस्ताको तस्तै विषयवस्तुलाई समेटेर लेखिएका रचनाहरू नै सामाजिक यथार्थभित्र पर्दछन् । लैनसिंह बाङ्देलको *मुलुकबाहिर,* शङ्कर कोइरालाको *खैरिनीबाट,* दौलतविक्रम विष्टको *एक पालुवा अनेकौं याम* आदि यस्ता उपन्यास हुन् (बराल–एटम, २०६६, पृ.५५)। सुब्बाको उपन्यास लेखनमा पाइने मूल प्रवृत्ति सामाजिक यथार्थ हो । उनका प्रकाशित उपन्यासमा समाजको यथार्थलाई प्रतिबिम्बन गर्ने प्रयास गरिएको छ। सुब्बा यी दुई उपन्यासमा समाजमा देखिएका र भोगेका यथार्थलाई आफ्नो उपन्यासको विषयवस्तु बनाउन सफल देखिन्छन् । सुब्बाले आफ्ना उपन्यासमा समाजमा घटित घटनाहरूलाई देखाउनको निम्न वर्ग र मध्यम वर्गलाई बढी केन्द्रित गरी पिछडिएका जातीहरूले भोग्नु परेको विषम परिस्थितिलाई उपन्यासको विषयवस्तु बनाइ सामाजिक यथार्थलाई उजागर गर्न खप्पिस देखिन्छन्। त्यसैगरी महिलाले भोग्नु परेको कष्टकर जीवन र सामाजिक यथार्थलाई आफ्नो उपन्यासको विषयवस्तु बनाइ त्यसभित्र 'खाने मुखलाई जुँगाले छेक्दैन' भनेझैं महिलाले चाह्यो भने आफ्नो नाम, प्रतिष्ठा बनाउन सक्छ भन्ने पक्षलाई जोड दिएका छन्। तसर्थ सुब्बाले आफ्नो उपन्यासको विषयवस्तुमा समाजका यथार्थलाई चित्रण गरी परिवर्तनको संवाहक बन्न सफल देखिएका छन्।

सुब्बाले*अदृश्य व्यथा* उपन्यासमा नेपाली समाजमा भएका युवाहरूको विसङ्गत अवस्थालाई देखाइ उसको मानसिकतामा परेको असरलाई उद्घाटित गरिएको छ । यस उपन्यासमा त्यस समयमा हुने गरेको बाल–विवाहलाई यहाँ देखाइ सामाजिक यथार्थलाई उद्घाटित गरिएको छ। त्यसैगरी नेपाली समाजमा पुरुषले जति विवाह गरे पनि कुनै रोकटोक, बन्देज नभएको स्वतः पुरुषले जे चाहेको सोही अनुरुप समाजले उसलाई विवाह गरिदिएको प्रसङ्गले प्रेम पात्र आफै भित्र–भित्रै दङ्ग देखिन्छन्। यस उपन्यासमा नीला पात्रमार्फत समाजमा

त्यस्ता महिलाहरू पनि छन् जो विवाहित पुरुष भएको थाहा पाइकन पनि त्यही पुरुषप्रति आकर्षित हुने महिलाहरूलाई देखाइ समाजमा भएका विकृति विसंङ्गतिलाई यथार्थ रूपमा देखाएका छन्। यसैगरी यस समाजमा पुरुषले जस्तो सुकै दृष्टिकोणले व्यवहार गर्न खोजे पनि यदि सकारात्मक सोच छ भने त्यस्ता पुरुषले केही गर्न सक्तैन भन्ने कुरा सुमन पात्रमार्फत देखाइएको छ।

दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* मा महिलाले आफ्नो अस्तित्व र स्वतन्त्रताका प्रयासमा लाग्दा समाजका पुरुष प्रवृत्तिले सजिलो बाँच्न समेत नदिएको तितो यथार्थलाई देखाउन खोजिएको छ भने अर्को तर्फ यदि महिला शिक्षित भइन भने उसले स्वाभिमानी भएर बाँच्न सक्छ भन्ने कुरालाई देखाइएको छ। नेपाली समाजमा महिला शिक्षित र आर्थिक रुपले सम्पन्न हुँदा–हुँदै पनि समाजमा भएको अन्धपरम्परा र सोचका कारण अप्ठ्यारो परिस्थितिमा पुग्न सक्छ भन्ने यथार्थलाई यहाँ देखाउन खोजिएको छ।

यसरी थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासहरूमा सामाजिक यथार्थलाई विषयवस्तुको रूपमा चयन गरिएको पाइन्छ। समाजमा विद्यमान आर्थिक, सामाजिक अवस्था, सांस्कृतिक मान्यता, परम्परावादी मान्यता, पुरुषवादी मान्यता, सामाजिक परिवर्तन, निम्न वर्गीय चेतना, महिलामुखी प्रवृत्ति, मानवतावादी सोच जस्ता विविध पक्षहरूको उठान गरिएको छ। साथै समाजमा विद्यमान मूल्यमान्यताका अघि युवा र महिलाले भोग्नु पर्ने बाध्यात्मक परिस्थितिलाई यथार्थ रूपमा चित्रण गरेका छन्। त्यसैले उनको उपन्यासको मूल विषयले समाजकै यथार्थको प्रतिबिम्बन गरेको पाइन्छ।

### ५.१.२ विसङ्गतिवादी प्रवृत्ति

नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको सुरुआत इन्द्रबहादुर राईको *आज रमिता छ* (२०२१) बाट भएको मानिन्छ (बराल र एटम, २०६६, पृ.१३५)। मानिस आफ्नो अस्तित्व जोगाउन जीवनभर सङ्घर्षमा सामेल भए पनि त्यो अर्थहीन हुन्छ र उसले विवशताकै माझमा मृत्यु वरण गर्नुपर्छ भन्ने मूल विचार राख्ने विसङ्गतिवादसँग सहमत भएर लेखिएको उपन्यास विसङ्गतिवादी बन्छ। यस प्रकारको उपन्यासले मानिसका सबै प्राप्तिलाई केवल भ्रमका रूपमा स्वीकार्छ।

थाम्सुहाङ पुष्प सुब्बाले पहिलो उपन्यास *अदृश्य व्यथा* मा प्रेमको चरित्रमार्फत युवा अवस्थामा देखिने निरासापनलाई सशक्त ढङ्गले प्रस्तुत गरेर विसङ्गतिपूर्ण जीवनलाई देखाएका छन् । यसमा निराशा, लापरबाही, महिलालाई केवल खेलौनाको रूपमा प्रयोग गर्ने जस्ता प्रवृत्तिले विसङ्गति र पुरुषप्रधान समाजमा यस्ता घटनाहरू घट्छन् जसले महिला, बालबालिका र समाजलाई प्रत्यक्ष प्रभाव पार्छ भन्ने यथार्थलाई आफ्ना उपन्यासमा प्रस्तुत गरेका छन् । उपन्यासकारले नायक प्रेमको चरित्रलाई गतिहीन र विसङ्गति अवस्थाको चित्रण गरेर देखाएका छन् ।

यसैगरी दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* मा ङायुमाको जीवनमा घटेका घटनाहरूबाट एक विसङ्गत अवस्थाको चित्रण गरिएको छ । उनी शिक्षित र आर्थिक रुपले सम्पन्नता हुँदा–हुँदै पनि पुरातन सोच भएको समाजका अगाडि उसले चाहेर पनि विद्रोह गर्न सकेकी छैन, जसले गर्दा उसले जिन्दगीभर विसङ्गत जीवन बिताउँछिन् । उनमा चेतना छ तर विद्रोह गर्न नसक्ने चरित्रका रूपमा देखा पर्छे । उनी लाहुरे परिवारमा जन्मेकिले बुवा–आमाको इच्छा लाहुरेसँग नै विवाह होस् भन्ने हुन्छ । त्यसकारण रुमुहाङले ङायुमालाई माग्न जाँदा उनीहरूले केही नसोची एकवचनमै छोरीलाई दिन्छन् । ङायुमाले बुबाको सामु केही विद्रोह गर्न सक्दिनन् । उसले नचाहदा–नचाहँदै अनमेल विवाह गर्छिन् । त्यहिँबाट ङायुमाको जीवन निराशा र गतिहीन भएर विसङ्गत जीवन बिताउन बाध्य हुन्छिन् ।

नेपाल आइसकेपछि फेरि अपहरण घटनाले अर्कै मोड ल्यादिन्छ । त्यसले झन् उसको र उसको बच्चा होङकुमा परेको असरलाई एक विसङ्गत अवस्थाको भोगाइलाई देखाइएको छ । यत्ति हुँदा–हुँदै पनि यिनका दुई उपन्यासमा उत्कर्षतिर पुगेर एकैपटक जीवनवादी देखा परेको छ । यिनका उपन्यासहरूमा विसङ्गत पक्षलाई देखाइ उत्कर्षतिर भने आशावादी र जीवनवादीलाई चित्रण गर्नु सुब्बाको प्रवृत्तिगत विशेषता देखिन्छ ।

## ५.१.३ अस्तित्ववादी प्रवृत्ति

'अस्तित्वादको मूल तत्त्व सत्ता अथवा अस्तित्व हो । मान्छेले आफ्नो कामद्वारा अस्तित्व प्रमाणित गर्न 'म छु' अथवा 'म केही हुँ' भन्ने देखाउन जीवनका निर्णय, विद्रोह वा स्वतन्त्रताको खोजी नै अस्तित्ववादी हो' (बराल र एटम, पृ.१३९) । सामाजिक मान्यताका खातिरभन्दा व्यक्ति

आफ्नो अस्तित्वको रक्षार्थ लडिरहन्छ भन्ने मान्यता नै अस्तित्ववादी मान्यता हो । यसै मान्यतालाई मूल रूपमा आत्मासात गर्दै व्यक्तिले आफ्नै रक्षार्थ लडिरहने चिन्तन प्रस्तुत गरी लेखिएको उपन्यास नै अस्तित्ववादी उपन्यास हो ।

सुब्बाका दुवै उपन्यासमा अस्तित्वादको चेतना हावी भएको देख्न सकिन्छ । सुब्बाले पहिलो उपन्यास *अदृश्य व्यथा* मा नायक प्रेमको चरित्रमार्फत अस्तित्वबोधलाई देखाएका छन् । प्रेमको जीवनमा तृष्णा, निस्सार, कामुकता एवम् यदाकदा पोखिने विद्रोही भावनाले उसको अस्तित्वबोधलाई जीवित राखेको छ । विजय सापकोटाले जनमत पत्रिकाको प्रकाशित लेखमा जीवनको विसङ्गतिबोधबाट अस्तित्व सचेततातिर लाग्ने प्रेमको चरित्रले मानिसको अस्तित्व प्रेमलाई पनि पुष्टि गरिदिएको छ (सापकोटा, २०६७) भनेका छन्, त्यसकारण उपन्यासकारले जीवनको विसङ्गत अवस्थाको चित्रण गर्दा–गर्दै पनि आशावादतिर मोडेका छन् ।

यसैगरी दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* नारी केन्द्रित उपन्यास हो । ङायुमाको केन्द्रीय चरित्रमा सम्पूर्ण उपन्यासको कथानक बुनिएको छ । ङायुमा शिक्षित नारी भएकीले आफ्नो अस्तित्वको पहिचान गर्न सकेकी छे। उसको जीवनमा यही चेतनाले गर्दा नै उसमा विद्रोह भाव उत्पन्न हुन्छ। यो संसारमा मान्छे भएर जन्मिसकेपछि केही उपलब्धि कार्यहरू गर्नु पर्छ भन्ने चेतना आएको छ । उसले सम्पत्तिभन्दा पनि शिक्षालाई जोड दिएकी हुन्छे । त्यसकारण त्यही शिक्षाले उसलाई कालान्तरमा गएर उसको हतियार भएको छ । उनी शिक्षित र आर्थिक रूपले सम्पन्नता भएपनि पुरातन सोच भएको समाजका अगाडी उसले चाहेर पनि विद्रोह गर्न सकेकी छैन । त्यसकारण उसले जीवनभर विसङ्गत जीवन जिउन बाध्य हुन्छिन् । सुरुमा आफ्नो जीवनलाई शून्य, निस्सार र अर्थहीन ठान्दछे। आफ्नो अर्थ नै नरहेको महसुस गर्दै आत्माहत्या गर्ने प्रयास पनि गर्छिन् । तर होङकुको सम्झनाले मर्न सक्दिन । उनी विसङ्गतयुक्त भए पनि विष्णुमामाको सहाराले बिस्तारै उनी जीवनवादी, आशावादी भएर अघि बढ्छे जसले गर्दा उसको अस्तित्व जीवन्त भएर आउँछ। यसरी ङायुमाले स्कुलको शिक्षिका भएपछि जीवनको उत्कर्षतिर समाजमा मान–सम्मान, प्रतिष्ठा कमाएर आफू हुनुको अस्तित्व वा स्वतन्त्रताको अधिकारलाई प्रमाणित गरेकी छे।

यसरी सुब्बाका दुवै उपन्यासमा मानवीय अस्तित्वमा देखिने सङ्कट र त्यसको निवारणमा सङ्घर्षरत पात्रहरूले स्थान पाएको देखिन्छ । सुब्बाले युवा र महिलाको जीवनमा

आइपर्ने समस्यालाई गहिरो तरिकाले चित्रण गरी समाधान पनि देखाइएकोले उनमा अस्तित्वबोधको प्रवृत्ति सशक्त रूपमा रहेको देख्न सकिन्छ । उनले आफ्ना उपन्यासहरूमा अस्तित्ववादलाई महत्त्वपूर्ण स्थान दिएकोले त्यही अनुसारका पात्रहरूलाई अधिक रूपमा प्रयोग गरेको देखिन्छ।

## ५.१.४ नारीवादी प्रवृत्ति

'नारीवाद (feminism) राजनीतिक समतामूलक विचार बोकेको र सन् १९६० तिर सुरु भएको पुरुषप्रधान समाजविरुद्धको नारी आन्दोलन हो' (बराल, एटम, पृ. ११७) । विश्वमा आधाभन्दा बढी सङ्ख्यामा रहेको नारीहरूको पक्षमा वकालत गर्ने अध्ययनको थालनी हो । नारीलाई केवल एक खेलौनाका रूपमा लिने प्रचलनको विरुद्धमा उठेको आन्दोलन हो। नारीलाई पनि पुरुषसरह स-सम्मान र अधिकारको आवश्यक छ भन्ने कुराको महसुस गराउनु नै यसको उद्देश्य रहेको छ। नारीलाई सधैँ दोस्रो दर्जाको रूपमा मूल्याङ्कन गर्ने र हरेक क्षेत्रमा विभेद गरिने परम्परालाई तोड्नको निम्ति यो नारीवादको जन्म भएको देखिन्छ।

नेपाली उपन्यास परम्परामा नारीलाई आत्मनिर्णय गर्न पाउने अवस्थाको चित्रण गर्ने पहिलो उपन्यास रुपनारायण सिंहको *भ्रमर* (१९९३) बाट भए तापनि नारीवादी सोचलाई नै उच्च स्थानमा राख्ने काम हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* (२०११) ले गर्‍यो (बराल र एटम, २०६६, पृ.११९)।

थाम्सुहाङ पुष्प सुब्बा एक पुरुष भएर पनि नारीहरूको समस्या र अवस्थालाई वास्तविक रूपमा देखाइ यसको समाधानको उपायहरू देखाएर प्रगतिवादी, मानवतावादीको रूपमा अघि सरेका छन् । सुब्बाले आफ्नो पहिलो उपन्यास *अदृश्य व्यथा* मा नेपाली समाजमा रहेको बाल-विवाहलाई देखाएका छन्। उनले नीला पात्रको माध्यमबाट नारीमा भएको कमीकमजोरीलाई पनि देखाएका छन् । यसमा प्रेमले नीलालाई केवल खेलौनाको रूपमा प्रयोग गरेको कुरा नीलालाई थाहा नहुनु, प्रेम विवाहित हुँदा-हुँदै पनि नीला एकोहोरो प्रेममा पर्नु, विवाह नगरीकन नै सँगै बस्नु जस्ता पक्षहरूले नीलालाई कमजोर नारीको रूपमा देखाइएको छ।

प्रेमले भने सम्मानका साथ दोस्रो विवाह रुपासँग गर्छ। यही पुरुषप्रधान समाजले गर्दा सब चुप-चाप छन् भने प्रेम चाहिँ आफै मक्ख छन् । ऊ त नारीलाई केवल प्रयोग गर्ने भएकाले उसमा

ज्ञान, चेतना र शिक्षित भए तापनि आफैलाई फाइदा हुने परम्परामाथि केही भन्दैन। उसको नव दुलही रुपाले भने समाजको दवदवाप्रति आलोचना गर्छे । रुपाले प्रेमलाई प्रश्न गर्छे, 'स्वास्नीमान्छेको यस्तो आलोचना गरिने ठाउँमा के लोग्ने मान्छे सर्वे–सर्वा छन् ? समाजको सदाचारप्रति उनीहरू शत–प्रतिशत प्रतिष्ठावान छन् ? एउटा जमातले नै उनीहरूले यहाँ सभ्य–समाजको सृजना गर्न सक्छन् ?' (सुब्बा, २०३०, पृ.६३)। रुपाले प्रेमलाई यस्तो प्रश्न गरेको देख्दा सुब्बाले रुपा पात्रमार्फत नेपाली समाजमा नारीमाथि हुने अन्याय, अत्याचार र शोषणमाथि आवाज उठाएको देखिन्छ।

सुब्बाले नारीको सबल पक्ष र खराब पक्षलाई पनि केलाएका छन् । जसअन्तर्गत नीला चरित्रमार्फत जो प्रेम विवाहित भएको थाहा–पाउँदा पाउँदै पनि उसको प्रेममा एकोहोरो भएको देखाएर नेपाली समाजमा यस्ता नारीहरू पनि छन् भन्ने देखाएका छन्।

सुब्बाको दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* भने नारी केन्द्रित उपन्यास हो । सुब्बाले यस उपन्यासको प्रमुख नायिका ङायुमामार्फत नारी आवाजलाई बुलन्द पारेका छन् । ङायुमाको जीवनमा घटित घटनाहरूलाई समस्याको रूपमा लिई अन्त्यमा समाधानको उपाय पनि देखाएका छन् । यस उपन्यासमा ङायुमा शिक्षित र आर्थिक सम्पन्नता भए तापनि सामाजिक अन्ध–परम्पराका अगाडि यी सब केही होइन भन्ने कुरालाई सशक्त ढङ्गले प्रस्तुत गरिएको छ। ङायुमा शिक्षित भएकाले नै उनमा आफ्नो अस्तित्वको पहिचान हुन्छ, त्यसैले यही कारण उनले परिवर्तन गर्न चाहन्छे, जीवनमा केहि नयाँ काम गर्न चाहन्छे तर पुरातन सोच भएका समाजका अगाडि विद्रोह गर्न सक्दिनन् यही कारण उनले कष्टकर जीवन जिउँने बाध्य हुन्छे तर समयको अन्तरालमा ऊ सशक्त नारीको रूपमा उत्रिन्छे। बिस्तारै समाजमा प्रतिष्ठा र सम्मान पाउँछे र आफूलाई सबल नारीको रूपमा परिणत गर्छे।

यसरी सुब्बाले दुई उपन्यासमा नै नारी पात्र उभ्याई नारीको समस्यालाई उजागर गरी अन्त्यमा त्यसको समाधानका उपायहरू खोजेकाले सुब्बामा नारीवादी प्रवृत्ति भएको देख्न सकिन्छ।

### ५.१.५ मानवतावादी प्रवृत्ति

स्वतन्त्रता, समानता र भ्रातृत्वमा जोड दिने तथा संसारका मान्छेले सुखसँग बाँच्ने अवसर पाउनु पर्छ भन्ने धारणा नै मानवतावाद हो (बराल र एटम, २०६६, पृ.१७०) । मानवले मानवलाई मानवताका जस्तो व्यवहार गर्नु नै मानवतावादी प्रवृत्ति हो । यसमा मानवीय मूल्य र मान्यता, स्वतन्त्रता, स्वाभिमानता र विश्व भ्रातृत्वजस्ता कुराहरू पर्दछन् । अहिलेको समाजमा मानवले मानवलाई पशुभन्दा पनि तल्लो स्तरमा राखेर व्यवहार गर्नु, जहाँ मानवलाईभन्दा पनि संस्कारलाई बढी प्राथमिकता दिनुका साथै आर्थिक स्तर अनुसार गरिने मानवीय व्यवहारले मानव नै पीडा ग्रस्त भएको यथार्थतालाई सुब्बाले उनका दुईवटै उपन्यासमा देखाएका छन् ।

सुब्बाले उनको पहिलो उपन्यास *अदृश्य व्यथा* मा बालविवाह जस्ता संस्कार र नारीमाथि गरिने व्यवहारमा मानवता हराइसकेको देखाउन खोजेका छन् । यस उपन्यासमा प्रेमले नीलालाई केवल खेलौनाको रूपमा गरेको व्यवहारमा मानवता नभएको देख्न सकिन्छ । प्रेम शिक्षित छ, चेतना छ तर स्वार्थी प्रवृत्ति भएकोले उनमा मानवता हराएको छ । नीलाले भने उसको अघिपछि नहेरी केवल एकोहारो प्रेम गरेको देखिन्छ । सामान्य विषयवस्तुलाई विभिन्न बिम्ब प्रतीक प्रयोग गर्दै वर्तमान युगका विविध समस्याहरूबाट पीडित नारीहरूको तस्बिर जस्ताको तस्तै उतार्ने काम उनको उपन्यासमा पाइन्छ ।

त्यसैगरी दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* उपन्यासमा नारीमाथि हुने अन्याय–अत्याचार र विभेदका कारण जीवनभर कष्टकर जीवन बिताउनु पर्ने बाध्यतामा मानवता हराएको देखिन्छ । रुमुहाङ र खुङहाङ जस्ता पात्रहरूमा मानवता हराएकोले ङायुमाले जीवनभरि मानसिक पीडा सहनु परेको छ । ङायुमा शिक्षित र आर्थिक रुपले सम्पन्न भए पनि पुरातन सोचका अगाडि उसले केही विद्रोह गर्न सक्तिनन् । अन्याय अत्याचारको प्रतिकार गर्न नसक्दा पुरुषवादी सोचको शिकार बन्न पुग्छिन् । उसले आफ्नो अस्तित्वको पहिचान गरेको हुनाले नै उसले केही परिवर्तन गर्न खोज्छे तर केही गर्न सक्तिनन् । यसले गर्दा मानवतावादी सोचभन्दा पनि पुरुष बाहेक छोरीले केही गर्न हुँदैन भन्ने देखाएर यहाँ मानवताको पक्षमा वकालत गरेको पाइन्छ । त्यसैगरी विष्णुमामा र पाला जस्ता मानवहरू पनि यो समाजमा कहि–कतै अपवादको रूपमा रहेका छन् भनेर सुब्बाले मानवतावादी प्रवृत्तिलाई आत्मासात गरेको देखिन्छ । यसरी सुब्बा आफ्ना उपन्यासका माध्यमबाट मानवतावादी प्रवृत्ति देखाउन सफल देखिन्छन् ।

### ५.१.६ व्यङ्ग्यात्मक शैलीको प्रयोग

नेपाली उपन्यासमा व्यङ्ग्यात्मक शैलीको प्रयोग गौतमका *डापी* उपन्यासमार्फत थालनी भएको देखिन्छ। अत्यन्त गम्भीर र संवेदनशील कुरालाई पनि सामान्य र तल्लो स्तरको कुरासँग जोडी पाठकको अन्तरतलमा घोच्ने व्यङ्ग्यको यो एक तरिका हो (बराल र एटम, २०६६, पृ. २५३)। साहित्यमा समाजमा देखिएका र भोगिएका यथार्थतालाई सिधै व्यक्त गर्न नसक्ने कुरालाई व्यङ्ग्यात्मक शैलीले प्रयोग गर्नु आवश्यक देखिन्छ । थाम्सुहाङ पुष्प सुब्बाले व्यङ्ग्यात्मक शैलीको प्रयोग गरी समाजमा भएका विकृति–विसङ्गति र अन्धविश्वासको निम्ति खडा भएर आफ्ना उपन्यासमार्फत व्यङ्ग्य प्रहार गरेका छन् । सुब्बाका दुईवटै उपन्यासमा व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको छ।

*अदृश्य व्यथा* उपन्यासमा समाजमा भएका विकृति–विसंङ्गतिप्रति प्रचुर व्यङ्ग्यको प्रयोग गरिएको छ । समाजमा भएका बाल–विवाह र नारीलाई दोस्रो दर्जाको रूपमा गरिने व्यवहारप्रति यथार्थ ढङ्गले व्यङ्ग्य प्रहार गरिएको छ । त्यसैगरी दोस्रो उपन्यास 'कुल्चिएको अस्तित्व' नेपाली समाजमा नारीमाथि हुने अन्याय अत्याचारमाथि व्यङ्ग्यको प्रहार गरिएको छ। नेपाली संस्कार र पितृसत्तात्मक समाजमा नारी शिक्षित र आर्थिकले सम्पन्न भए पनि उसप्रति गरिने व्यवहार र दृष्टिकोण फरक हुने भएकाले यसप्रति सुब्बाले आफ्नो उपन्यासमार्फत व्यङ्ग्य प्रहार गरेका छन्। यसरी सुब्बाले आफ्नो उपन्यासमा समाजमा देखेभोगेका विषयवस्तुप्रति व्यङ्ग्य प्रस्तुत गर्नु उनको अर्को औपन्यासिक प्रवृत्ति हो।

### ५.१.७ यौन विकृतिको चित्रण

समाजमा मौन अपराधका रूपमा रहेका यौनजन्य क्रियाकलाप परपीडनका विकृतिहरू र समाजमा भित्रभित्रै मौलाइरहेका यौन व्यभिचारलाई सुब्बाले आफ्नो पहिलो उपन्यासमार्फत उजागर गरेका छन् । सुब्बाका उपन्यासहरूमा युवा अवस्थामा हुने यौनजन्य विकृति, विसंङ्गतिको चित्रण गरिएको पाइन्छ । यौनलाई मानसिक र नैसर्गिक कार्यव्यापार ठानी मानिसका अचेतन मनका दमित यौनेच्छालाई विश्लेषण गरिएको छ। यौनकुण्ठालाई पूरा गर्न मान्छेले नैतिकता, सामाजिकता, कर्तव्य र संस्कारलाई समेत बिर्सन पुग्दछ।

सुब्बाका *अदृश्य व्यथा* उपन्यासमा प्रेम विवाहित भए पनि आफूसँगै कलेजमा पढ्ने नीलासँग  प्रेम सम्बन्ध गाँस्छ। घरमा श्रीमती र छोरा भएर पनि परस्त्रीसँग आकर्षित भएको देखिन्छ। प्रेम कामुक प्रकृतिका चरित्र हो। प्रेमले सुमनलाई पनि नराम्रो नजरले हेरेको हुन्छ तर सुमनले वास्ता गर्दिनन् । यस उपन्यासमा प्रेम आफ्नो यौनइच्छा पूर्तिका लागि भौँतारिरहेको आभास हुन्छ तर त्यसको निम्ति कल्पनामा सीमित हुन्छ। उसले फेरि रुपा नाम गरेकी युवतीसँग दोस्रो विवाह गर्छ।

दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* मा भने यौन विकृतिको चित्रण गरेको पाइँदैन। तसर्थ सुब्बाले पहिलो उपन्यासमार्फत पुरुषमा भएको यौनविकृतिको चित्रण गरेका छन्। भौतिक प्रेम क्षणीक हुने कुरा व्यक्त गरिएको र आत्मिक प्रेम गर्न आग्रह समेत गरिएको छ। नारीलाई केवल एक यौनइच्छा पूर्ति गर्ने माध्यमका रूपमा लिने पुरुष प्रवृत्तिलाई देखाउन खोजेका छन्। यसरी पहिलो उपन्यासको चरित्र प्रेममार्फत सुब्बाले यौनविकृतिको चित्रण गर्न सफल देखिन्छन्।

### ५.१.८ प्रगतिवादी प्रवृत्ति

'समाजवादी यथार्थवादी पनि भनिने प्रगतिवादी उपन्यास मार्क्सवादी सिद्धान्त अनुरुप रचना गरिएको हुन्छ' (बराल र एटम, २०६६, पृ.५६)। प्रगतिवादी भन्नाले शोषक वर्गको हार र शोषित वर्गको जीत हुन्छ। भौतिकतालाई प्रमुख रूपमा लिने भएकाले यस्ता विचारमा कुरीति, धर्मका ढवाङ र जातिपातिजस्ता भेदभावको सशक्त ढङ्गले विरोध गरिन्छ। नेपाली उपन्यास परम्परामा डी.पी.अधिकारीको *आशामाया* उपन्यासमा प्रगतिवादी प्रवृत्ति देख्न सकिन्छ।

सुब्बाले पनि आफ्नो उपन्यासमार्फत प्रगतिवादी प्रवृत्तिलाई देखाउन खोजेका छन् । सुब्बाले आफ्नो पहिलो उपन्यास *अदृश्य व्यथा* मा यस प्रवृत्तिलाई अंगालेको कुरा पुष्टि गरेका छन् । प्रेमको चरित्रमार्फत यस प्रवृत्तिलाई अघि सारेका छन्। सुरुमा प्रेम विसंङ्गतिवादी सोचले ग्रस्त भए पनि पछि गएर सुमन नाउँकी युवतीकहाँ पुग्छ र ऊ समाजसेवामा आफूलाई समर्पित गर्छ। यसरी प्रेम सुरुमा विसंङ्गतिवादी भए पनि अन्त्यतिर प्रगतिवादी भएको कुरा देखाएकोले सुब्बामा प्रगतिवादी प्रवृत्ति भएको प्रष्ट देखिन्छ।

यसैगरी *कुल्चिएको अस्तित्व* उपन्यासमा डायुमा शिक्षित र आर्थिक सम्पन्नता भए तापनि उसले विद्रोह गर्न नसकेकोले जीवनमा धेरै कष्टहरू भोग्न बाध्य हुन्छे। त्यसैले सुरुका दिनहरूमा

निराशावादी भएर जीवन गुजारा गरेकी हुन्छे तर विष्णुमामामार्फत पाएको प्रेरणा र सहयोगका कारण ङायुमा बिस्तारै आफूलाई परिणत गर्दै उन्नतितर्फ अघि बढ्छे । यदि ङायुमाले आफ्नो अस्तित्व र पहिचानलाई नबुझेको भए उसको जीवन निराशावादी भएर बित्थ्यो । ङायुमाले सहि समयमा आफूलाई प्रयोग गरेकोले प्रगति गर्न सफल हुन्छे ।

सुब्बाले आफ्नो दुई उपन्यासका पात्रहरूमार्फत युवा र नारीमा हुने समस्याहरूलाई उजागर गरी पछि प्रगतितर्फ उन्मुख गरेको देखाइएकोले सुब्बामा प्रगतिवादी प्रवृत्ति देखाउन सफल देखिन्छन् । यसरी सुब्बाले आफ्ना उपन्यासमा प्रगतिवादी झल्काउनु उनको अर्को औपन्यासिक प्रवृत्ति हो ।

## ५.१.९ जटिल र गुम्फित भाषाशैलीको प्रयोग

थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासहरू भाषिक प्रयोगका दृष्टिले उच्च स्थानमा रहेका छन् । उपन्यासमा प्रयोग भएका शब्द र शैली अलिक बौद्धिक लाग्छन् । वाक्य गठन प्रक्रियामा नै जटिलता प्रशस्तै पाइन्छ । त्यसैगरी उपन्यासमा गुम्फित भाषाशैलीको प्रयोग भएको छ । विसङ्गत परिवेशलाई चित्रात्मक रूपमा प्रस्तुत गर्ने प्रयत्न भए तापनि त्यसमा उपन्यासकारको बौद्धिकताले हस्तक्षेप गरेको छ । उपन्यासकार सुब्बाले औपन्यासिक लेखनमा सरल र सहज ढङ्गले भन्न सकिने कुरामा पनि जटिल तरिकाले प्रस्तुत गरेका छन् । जस्तै : 'आगत एउटा युगले हाम्रो वर्तमानसँग कस्तो हिसाबले सिंगौरी खेल्छ –कुन्नि ?' (सुब्बा, २०६१, पृ.७६)

'हो, मेरो विक्रयको निम्ति उसले गरेको पराजीत हस्ताक्षर नै त हाम्रो पृथकताको एउटा पर्खाल सम्म हो, अन्यथा खुङहाङलाई मैले जीवनमा कहिल्यै स्वीकारेकी छुइन' (सुब्बा, सन् २०६१, पृ.७७) ।

उपन्यासमा प्रयोग भएको उक्तिहरूको प्रयोगले यसको भाषालाई अझ रोचक बनाएको छ । कतै–कतै प्रतीकात्मकता भन्न नसकिने अभिव्यक्तिलाई सङ्केतका रूपमा बुझ्नु पर्ने अवस्था पनि आउँछ । गुम्फित भए पनि भाषाशैली भने विचलनयुक्त, तार्किक र काव्यिक किसिमको छ ।

## ५.२ निष्कर्ष

उपन्यासकार थाम्सुहाङ पुष्प सुब्बाको उपन्यास लेखनको समयावधि वि.सं.२०२७ देखि २०६१ सम्म रहेको छ। यस अवधिमा लेखिएका उनका उपन्यासको औपन्यासिक विशेषता तथा प्रवृत्तिहरू केलाउँदा सुरुका चरणमा सुब्बा सामाजिक यथार्थवादीका साथै विसङ्गतिवादी प्रवृत्तिका देखिन्छन् । अस्तित्ववाद र नारीवाद सुब्बाका उपन्यासमा प्रयोग भएको औपन्यासिक प्रवृत्तिको अर्को पाटो हो । मानवतावादी, व्यङ्ग्यात्मक शैलीको प्रयोग, यौनविकृतिको चित्रण, प्रगतिवादी, जटिलता र गुम्फित भाषाशैलीको प्रयोग जस्ता प्रवृत्तिको प्रयोग उनका उपन्यासमा पाइन्छ । समाजको विसङ्गत पक्षको चित्रण रहेको पाइन्छ । यो विसङ्गति वर्गीय सचेतता र एकताविना सामाजिक विकृति विसङ्गतिको अन्त्य हुन सक्तैन भन्ने कुरा उल्लेख गरिएको छ। रुढिग्रस्त सोचाइका कारण दाम्पत्य जीवनमा प्रवेश गरेको विकृतिप्रति चिरफार गर्दै त्यसले निम्ताएको चुनौतीको सामना गर्न अब्बल नारी पात्रको भूमिका रहेको छ।

समाजमा रहेका विद्यमान कुसंस्कार र कुरीतिप्रति आवाज उठाउँदै समाजका युवाहरूको विसङ्गत अवस्था र प्रत्यक्ष-अप्रत्यक्ष नारीमाथि हुने अन्याय-अत्याचार र विभेदप्रति सुब्बाले आफ्ना उपन्यासमार्फत उजागर गरी प्रगतिवादीतर्फ मोडेर समाज सुधारको चाहना राखेको पाइन्छ। उनका प्रकाशित दुई उपन्यासहरूमा विसङ्गतिवादी, अस्तित्ववादी र प्रगतिवादी जस्ता प्रवृत्तिहरू रहेका छन्। तसर्थ वर्तमान समाजमा व्याप्त विसङ्गतिहरू आलोचनात्मक रूपमा यथार्थ प्रस्तुती गर्नु यस उपन्यासको धेय हो । यस उपन्यसमार्फत नैतिकता, मानवता, इमान्दारिता र कर्तव्यपरायणतामा आजको मानव सभ्यता टाढिन्दै गएको र नारी अस्मिता खोसिन गएको पक्षलाई उजागर गरिएको छ।

# छैटौं परिच्छेद

# सारांश र निष्कर्ष

## ६.१ सारांश

*थाम्सुहाङ पुष्प सुब्बाको उपन्यासकारिता* शीर्षकको प्रस्तुत शोधपत्र जम्मा छैटौं परिच्छेदमा संरचित छ। पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ। यस शोध परिचय अन्तर्गत विषय परिचय, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन र शोधविधि प्रस्तुत गरिएको छ। यसै परिच्छेदमा शोधपत्रको रुपरेखा तयार पारिएको छ।

शोधपत्रको दोस्रो परिच्छेदमा थाम्सुहाङ पुष्प सुब्बाको उपन्यास यात्रा, जीवनी र उपन्यास लेखनकाबिच अन्तःसम्बन्ध रहेको छ। वि.सं.२००५ माघ ७ गते पान्थर जिल्लाको याङ्नाममा पर्ने लुङचोथवामा जन्मिएका थाम्सुहाङ पुष्प सुब्बा आफू बाँचुन्जेलसम्म नेपाली भाषा साहित्य र लिम्बू भाषा साहित्यमा फुलिरहेका थिए। सुब्बाले वि.सं. २०१९ मा 'नेपाल स्वतन्त्र राज्य' शीर्षकको कविताबाट नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेर नेपाली साहित्य क्षेत्रका साथै लिम्बू भाषामा साहित्य सिर्जना गरेर महत्त्वपूर्ण योगदान पुऱ्याएका स्रष्टा हुन्। उनले नेपाली साहित्यका विविध विधामा सिर्जनशिल क्षमता देखाएका छन्। उनले सिर्जना गरेका रचनाहरू नेपाली भाषाकोभन्दा लिम्बू भाषाका बढी छन्। उनले नेपाली साहित्यका विविध विधाहरूमध्ये कविता, कथा, उपन्यास, नियात्रा, जीवनी, खण्डकाव्य, समालोचना र महाकाव्यमा आफ्नो सिर्जनशील क्षमता देखाइसकेका छन्। उनको उपन्यास भने *अदृश्य व्यथा* (२०३०) र *कुल्चिएको अस्तित्व* (सन् २००५) गरी दुईवटा प्रकाशित छन्। नेपाली साहित्य साथै लिम्बू साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सुब्बालाई विभिन्न पुरस्कार र मानसम्मानले सम्मानित गरिएको छ।

नेपाली साहित्यका क्षेत्रमा बहुविध व्यक्तित्वका धनी सुब्बाले विभिन्न कृतिहरूको सिर्जना गरी प्रकाशित गरेका छन्। सुब्बाले जीवन भोगाइका क्रममा आफूले अनुभव गरेका तीता–मीठा क्षणहरूलाई सिर्जनात्मक रूपमा प्रस्तुत गरेका छन्। उनका हालसम्म प्रकाशित *अदृश्य व्यथा* र *कुल्चिएको अस्तित्व* गरी दुईवटा उपन्यास छन्। आफ्नो जीवनमा घटित घटनाहरूलाई विषयवस्तु बनाइ आफ्नो उपन्यास सिर्जना गरेका हुन्। तसर्थ सुब्बाले भोगेका जीवन, प्राप्त अनुभव र

देखेसुनेका घटनाहरू एवम् अनुभूत तथ्यहरू आदिको प्रत्यक्ष–परोक्ष उल्लेख उनका औपन्यासिक कृतिहरूमा पाइने हुँदा सुब्बाको जीवनी  र उपन्यास लेखनका बिच अन्योन्याश्रित सम्बन्ध रहेको छ।

उनले उपन्यास सिर्जनामार्फत समाजमा भएका विद्यमान कु–संस्कार, कुरीतिलाई चिरफार गरेका छन् । उनले उपन्यासमार्फत युवा र नारी जीवनका विभिन्न पक्षलाई समेटेर त्यसभित्र उब्जने समस्यालाई उजागर गरेर समाधानतर्फ मोडेको देखिन्छ । सुरुमा विसङ्गत अवस्थालाई उजागर गरेर अन्त्यमा प्रगति र मानवतावादतर्फ मोडेर नयाँ बाटो देखाएका छन् । समाजका शोषित पीडित नारीलाई जागरुक गराई आफ्नो अस्तित्व पहिचान र अधिकारको निम्ति अघि बढ्ने र स्वतन्त्रतापूर्वक बाच्ने चाहना राख्नु र युवा पुस्तामा देखिने विभिन्न पक्षलाई उजागर गरी समाज र देशको निम्ति केही गर्नुपर्छ भन्ने चाहना राख्नु जस्ता पक्ष उनका उपन्यासले राखेका हुनाले थाम्सुहाङ पुष्प सुब्बाका दुवै उपन्यास महत्त्वपूर्ण छन्।

शोधपत्रको तेस्रो परिच्छेदमा थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासहरूको विश्लेषण गर्नका लागि उपन्यासको सैद्धान्तिक परिचय दिइएको छ । यस परिच्छेदमा उपन्यासको परिचय र परिभाषा दिदै उपन्यासका आवश्यक तत्त्वहरूको सङ्क्षिप्त परिचय दिइएको छ।

त्यसैगरी शोधपत्रको चौथो परिच्छेदमा थाम्सुहाङ पुष्प सुब्बाका प्रकाशित दुईवटा उपन्यासहरू उपन्यास तत्त्वका आधारमा विश्लेषण गरिएको छ। उनको *अदृश्य व्यथा* उपन्यास युवा अवस्थामा देखिने समस्यालाई केन्द्रित गरि लेखिएको उपन्यास हो । यस उपन्यासमा जीवनप्रति विसङ्गत अवस्थाको चित्रण हुँदा–हुँदै पनि यसमा आशावादी पनि पाइन्छ। तत्कालीन नेपाली समाजमा देखिएका युवाहरूका विसङ्गत अवस्थालाई प्रस्तुत गरिएको छ । जीवनको अन्त्यमा एक आशावादी भएर देखा पर्नुले पहिला विसङ्गतिवादी र पछि गएर जीवनवादी अथवा प्रगतिवादीको रूपमा देखाएका छन्। दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* भने नारी समस्यालाई केन्द्रित गरि लेखिएको हो । यसमा पितृसत्तात्मक सोच भएको समाजमा एक नारीले शिक्षित र आर्थिक सम्पन्नता हुँदा–हुँदै पनि एक अस्तित्वविहीन जिन्दगी बिताउनु परेको यथार्थलाई चित्रण गरिएको छ । त्यसैगरी यस उपन्यासमा ङायुमामार्फत सम्पत्तिभन्दा शिक्षा ठूलो हो भन्ने पक्षलाई देखाउन खोजिएको छ । यस उपन्यासमा विशेषगरी लाहुरे जीवनमा आर्जन गरेको सम्पत्तिको कारणले निर्मित समस्यालाई देखाइएको छ। नेपाली समाजमा रहेको विद्यमान यस्ता समस्याहरू

जो अप्रत्यक्ष रूपमा रहेको पाइन्छ, जसले गर्दा सोझा लाहुरेहरूले आफ्नो ज्यानको बाजी राखेर कमाएको सम्पत्ति खुङहाङ जस्ता लुटाहा चरित्रभएको व्यक्तिले लुट्ने गरेको पाइन्छ। यसैगरी वैचारिक विमति पश्चात् वैवाहिक अवस्थापछि पनि दम्पत्तीबिच हुने वैमनस्यता र त्यसले पार्ने असरलाई यसमा यथार्थ रूपमा देखाइएको छ।

सुब्बाले पहिलो उपन्यासमा एक युवाले भोग्नु परेको विसङ्गत अवस्थालाई देखाउँदै अन्त्यमा प्रगतिशिल मोडमा पुगेको देखाएका छन् । त्यसैगरी दोस्रो उपन्यासमा पितृसत्तात्मक समाजमा रहेको नारीप्रतिको सोच र व्यवहारलाई एक कुरीति, विकृति र विसङ्गति रूपमा रहेको देखाउँदै उपन्यासकारले ङायुमाको विगतलाई संस्मरणका रूपमा व्याख्या गरेका छन् । यसरी थाम्सुहाङ पुष्प सुब्बाका प्रकाशित उपन्यासहरूलाई आधार मानेर हेर्दा यिनका उपन्यासले कुनै न कुनै रूपमा युवा र नारीप्रति हेरिने र गरिने व्यवहारमा सुधार हुन सके मात्र समाज अघि बढ्न सक्छ भन्ने लक्ष्य राखेका छन्।

थाम्सुहाङ पुष्प सुब्बाका उपन्यासहरूमा कथानक, पात्र–प्रयोग, परिवेश चित्रण, उद्देश्य आदिका कोणबाट हेर्दा दुईवटै उपन्यास महत्त्वपूर्ण र सफल देखिन्छन् । दुई उपन्यासमध्ये 'कुल्चिएको अस्तित्व' उपन्यास उत्कृष्ट उपन्यास अन्तर्गत पर्दछ। यसमा कथानक र परिवेश अनुकूल पात्रको प्रयोग गरी नारी समस्याको चित्रण गरिएको छ।

त्यसैगरी शोधपत्रको पाँचौ परिच्छेदमा थाम्सुहाङ पुष्प सुब्बाका प्रकाशित दुईवटा उपन्यासका आधारमा उनको औपन्यासिक प्रवृत्तिलाई मूल्याङ्कन गरिएको छ। उनमा सामाजिक यथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, नारीवाद, मानवतावाद, व्यङ्ग्यात्मक शैलीको प्रयोग, यौनविकृतिको चित्रण, प्रगतिवाद र जटिल तथा गुम्फित भाषाशैलीको प्रयोग जस्ता प्रवृत्तिहरू रहेको देखिन्छ। उनका यी प्रवृत्तिहरू औपन्यासिक प्रवृत्तिका रूपमा आएता पनि सामाजिक यथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद र नारीवाद भने उनका महत्त्वपूर्ण प्रवृत्तिहरू ठहर्छन्।

शोधपत्रको छैटौँ परिच्छेदमा शोधको निष्कर्ष दिइएको छ। शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्री सूची दिइएको छ।

## ६.२ निष्कर्ष

थाम्सुहाङ पुष्प सुब्बा नेपाली साहित्यका विविध विधामा कलम चलाउन सफल साहित्यकार हुन् । सर्वप्रथम वि.सं.२०१९ मा 'नेपाल स्वतन्त्र राज्य' शीर्षकको कविताबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । उनले नेपाली भाषा र लिम्बू भाषामा साहित्य सिर्जना गरेका छन् । सुब्बाले नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये कविता, कथा, उपन्यास, नियात्रा, जीवनी र समालोचना जस्ता विधाहरूमा आफ्नो सिर्जनशील क्षमता देखाइसकेका छन् । विभिन्न पत्रपत्रिकामा पनि सुब्बाका फुटकर लेख रचनाहरू प्रकाशित देखिन्छन् । सुब्बाले साहित्यिक आन्दोलनमा उत्तरवर्ती सोचको अगुवाइ गरेका आफ्नो लेखनमा स्थानीय रङ्ग र विश्वको परिवेश समेतलाई उत्तरआधुनिक दृष्टिकोणबाट प्रस्तुत गरेको पाइन्छ ।

पूर्वीय र खासगरी लिम्बू सांस्कृतिक मिथक र बिम्बहरूलाई प्रयोग गर्ने सुब्बाको लेखनशैली जटिल हुने गर्दछ । उनले जीवनमा घटेका घटनाहरूकै पृष्ठभूमि र प्रभावमा सिर्जना गरेको देखिन्छ । सुब्बा बहुआयामिक व्यक्तित्वका साथै साहित्यिक क्षेत्रमा बहुमुखी प्रतिभाको रूपमा देखा परे । उनी विभिन्न समयमा पत्र–पत्रिकाको सम्पादन गर्ने, भाषाको सेवा गर्ने जस्ता साहित्यिक कामदेखि लिएर प्रजातन्त्रका लागि सङ्घर्ष गरेका उनको अर्को पेसा राजनीति पनि थियो । नेपाली साहित्यकार बैरागी काइँला र खलिल जिब्रान उनका मन पर्ने साहित्यकारहरू हुन् । उनले बिम्बात्मक सम्प्रेषणका हकमा खलिल जिब्रानलाई अनुशरण गरेका छन् । दर्शनमा भौतिक जगत्का व्याख्याता सावा येहाङलाई रुचिका व्यक्तित्व मानेको देखिन्छ । उनले बिम्बात्मक सम्प्रेषण्युक्त साहित्यिक रचनाहरूलाई गहिरिएर अध्ययन गरे र सोही अनुरुप अर्न्तपाठकीय दृष्टिकोण प्रस्तुत गर्दै साहित्य सिर्जना गरेको देखिन्छ ।

उनका रचनाहरूमा राष्ट्रिय तथा सामाजिक विकृति, विसङ्गति आदिका अनेक पक्षहरूलाई उजागर गर्दै सुधारात्मक सन्देशहरू रहेको पाइन्छ । उनका लिम्बू भाषी रचनाहरूमा आफ्नो जीवनमा भोग्नु परेका कतिपय तीता–मीठा अनुभवहरू, अप्ठ्याराहरू र विसङ्गतिपूर्ण भोगाइहरूलाई नै समेट्ने कोशिस गरेको देखिन्छ । त्यसैगरी नेपाली भाषी रचनाहरूमा पनि धेरै जसो विसङ्गतिपूर्ण भोगाइलाई नै चित्रण गरेको देखिन्छ । काव्यहरूमा बिम्बात्मक र मिथकीय प्रयोगले उनका रचनाहरूमा गम्भीरता र क्लिष्टता रहेको देखिन्छ । उनको साहित्य सिर्जनाको प्रेरणा उत्तरवर्ती सोच र स्वजातीय पुर्नजागरणको चिन्तन रहेको देखिन्छ ।

सुब्बाले नेपाली साहित्यमा आमूल परिवर्तनका निम्ति उत्तरवर्तीसोचको अगुवाइ गरेका थिए । सुब्बा उत्तरवर्ती सोचका अभियानकर्ता, व्याख्याता, विश्लेषणकर्ता र समालोचक थिए । सुब्बाले सत्ता, शक्तिद्वारा दमित, आफ्नै ऐतिहासिक प्रस्तावनाबाट लखेटिएका, भाषिक र सांस्कृतिक सम्पदाबाट विस्थापित, शोषण, दमन र निरीहताले कुण्ठित आदिवासी, जनजाति र सीमान्तकृत जनजातिहरूको अस्तित्वबोधको आन्दोलन एवम् अधिकार प्राप्तिको मार्ग हो, उत्तरवर्ती सोच भनेका छन् । सुब्बा बाँचुन्जेल आफ्नो लेख रचनामार्फत साहित्यमा उत्तरवर्ती सोचको अगुवा बनेर अघि बढेको देखिन्छ।

उत्तरवर्ती सोचले तथाकथित भूमण्डलीकरणको अस्विकार, समग्रतावादी सार्वभौमिक सत्यको अस्विकार, स्व-स्वायत्तता र आत्मनिर्णयको अधिकारको दावी, बहुलवादी नेपाली साहित्यमा नयाँ अस्तित्वको दावी, नेपाली साहित्यमा समग्र राष्ट्रिय साहित्यको समान मान्यताको दावी र उत्तरआधुनिक साहित्य निर्माणमा पूर्वीय चिन्तनको सैद्धान्तिक खोजलाई आत्मासात् गरेको देखिन्छ । यस विचारलाई अनुशरण गरेर थुप्रै युवा कविहरूले आफ्ना सिर्जनामार्फत यस अभियानलाई अघि बढाइ राखेका छन् । उत्तरवर्ती सोचका लागि साहित्यिक चक्रव्यूह परिवार गठन गरी चक्रव्यूह साहित्यिक पत्रिकाका माध्यमबाट अघि बढिरहेका छन् । चक्रव्यूहको शीर्षस्थविन्दुमा भवानी तावा, केन्द्रविन्दुमा सगुन सुसारा, मध्यविन्दुमा थाम्सुहाङ यलम्बर र राज माङलाक, कलाबिन्दु समीर र मार्गविन्दुमा चाहिँ चन्द्रकला तावा (लाओती) रहेका छन्।

सुब्बाले जातीय उन्मुक्ति भएपछि मात्र राष्ट्रको विकास हुन्छ भन्ने धारणा राख्थे। पछिल्लो समयमा उनी सिर्जनाभन्दा अनुवादमा व्यस्त थिए । उनले लिम्बू साहित्यमा कवितादेखि खण्डकाव्य, महाकाव्य जस्ता धेरै विधाका पुस्तक लेखे । उनी आफ्नो भाषा, लिपि नहराओस् भनेर यसमा समय दिएको बताउँथे । उनको साहित्य सिर्जना र लिम्बू भाषासाहित्यको योगदान गरेवापत भारत र नेपालका विभिन्न सघं-संस्थाहरूबाट सम्मानका साथ अभिनन्दित भएका थिए।

नेपाली साहित्यका क्षेत्रमा सुब्बाले विभिन्न कृतिहरूको सिर्जना गरी प्रकाशित गरेका छन्। सुब्बाले जीवन भोगाइका क्रममा आफूले अनुभव गरेका तीता-मीठा क्षणहरूलाई सिर्जनात्मक रूपमा प्रस्तुत गरेका छन्। उनका हालसम्म प्रकाशित *अदृश्य व्यथा* र *कुल्चिएको अस्तित्व* गरी दुईवटा उपन्यास छन्। आफ्नो जीवनमा घटित घटना र समाजमा देखेका र सुनेका घटनाहरू साथै नारीमाथि हुने अन्याय-अत्याचार, शोषण-दमीत भएको पक्षलाई विषयवस्तु बनाइ आफ्नो

उपन्यास सिर्जना गरेका छन् । *अदृश्य व्यथा* उपन्यास युवा अवस्थामा हुने समस्याहरूलाई सूक्ष्म तरिकाले प्रस्तुत गरिएको उपन्यास हो । नेपाली समाजमा व्याप्त रुढिग्रस्त संस्कारको कारण युवाले भोग्नु परेको परिस्थितिलाई देखाउन खोजिएको छ। कलिलै उमेरमा बालविवाह गरिदिएर त्यसले निम्त्याएको परिस्थितिले युवा मानसिकतामा परेको असरलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। विवाह भनेको के हो भन्ने थाहै नपाइ विवाह बन्धनमा बाधेकोले त्यसको जिम्मेवार र कर्तव्य नबुझेको अवस्थालाई देखाउन खोजिएको छ। युवा अवस्थामा समाज र राष्ट्रको निम्ति केही गर्न खोज्दा जीवनले अर्कै मोड लिएको क्षणहरूलाई एक अदृश्य व्यथाको रूपमा रहेको कुरालाई उपन्यासमार्फत देखाउन खोजेका छन् ।

दोस्रो उपन्यास *कुल्चिएको अस्तित्व* मा भने नारीले भोगनु परेको विषम परिस्थितिलाई सुब्बाले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । नारी हरेक कुरामा सबल र सक्षम हुँदा हुँदै पनि आफ्नो अस्तित्वमाथि पितृसत्तात्मक सोच भएका पुरुष र समाजका कारण कसरी आफ्नो अस्तित्व नै कुल्चिएको छ भन्ने कुरालाई देखाउन खोजेका छन् । ङायुमा पात्रको माध्यमबाट नारीले भोग्नु परेको बाध्यात्मक परिस्थितिलाई देखाइ अन्त्यमा नारीले चाह्यो भने आफ्नो अस्तित्व र पहिचान आफै बनाउन सक्छ भन्ने पक्षलाई जोडदारका साथ प्रस्तुत गरिएको छ। त्यसकारण सुब्बाका दुई उपन्यासमा सुरुमा विसङ्गतिवादी प्रवृत्ति देखा पर्छन् भने अन्त्यमा प्रगतिवादीतर्फ मोडेर समाज सुधारको चाहना राखेकोले दुवै उपन्यास महत्त्वपूर्ण छन् ।

सुब्बाले भोगेका जीवन, प्राप्त अनुभव र देखेसुनेका घटना एवम् अनुभूत तथ्यहरू आदिको प्रत्यक्ष–परोक्ष उल्लेख उनका औपन्यासिक कृतिहरूमा पाइने हुँदा सुब्बाको जीवनी र उपन्यास लेखनका बिच अन्योन्याश्रित सम्बन्ध रहेको छ। उनका प्रकाशित दुई उपन्यासमाहरूमा अस्तित्ववादी, विसङ्गतिवादी, सामाजिक यथार्थवादी, मानवतावादी, अस्तित्ववादी, प्रगतिवादी प्रवृत्ति पाइनुका साथै व्यङ्ग्यात्मक शैलीको प्रयोग, यौन विकृतिको चित्रण, जटिलता र गुम्फित भाषा शैलीको प्रयोग जस्ता प्रवृत्तिहरू पनि पाइन्छन् ।

# सन्दर्भ सामग्रीसूची


अज्ञात, हाङयुङ (२०६६), 'उत्तरवर्ती सोच : केही सन्दर्भ केही अनुभूति', *सुम्हा?लुङ,* वर्ष–१२, अङ्क–६, पृ.४३, पान्थर : आई.एम.जे.एण्ड कम्पनी।

उप्रेती, सन्जीव (२०६६), 'उत्तरवर्ती सोच र भिन्नताको कुरा', *सुम्हा?लुङ,* वर्ष–१२, अङ्क–६, पृ.३७, पान्थर : आई.एम.जे.एण्ड कम्पनी।

काइँला, बैरागी (२०३०), *अदृश्य व्यथा,* उपन्यासको भूमिका, दार्जिलिङ : श्री राजप्रकाशन।

काइँला, बैरागी (२०६०), 'पुष्प सुब्बाको भाषासम्बन्धी दृष्टिकोण', *तान्छोपा,* ललितपुर : किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समिति।

तावा, भवानी (सम्पा.) र अन्य (२०६०–६३), *साहित्यिक चक्रव्यूह,* पान्थर : चन्द्रकला तावा ( लाओती)।

तिम्सिना, शरद (२०७१), 'पुष्प सुब्बा, बहुआयामिक व्यक्तित्व', *इलाम एक्सप्रेस,* वर्ष–४,अङ्क–१००, इलाम।

तुम्याङ, अमर, आङ्ला भैरव (२०६७), 'बहुआयामिक व्यक्तित्व पुष्प', *जनमत,* वर्ष–२७, अङ्क–७, पूर्णाङ्क–१५६, बनेपा–काभ्रे : जनमत प्रकाशन।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय,* चौथो संस्क., काठमाडौं : साझा प्रकाशन।

दुलाल, देवी क्षेत्री (२०६८), 'कथान्तर भित्रका कथामाथि 'म' पात्रको दृष्टिकोण', *सुम्हा?लुङ,* वर्ष–१३,अङ्क–७, पृ.१८, पान्थर : आई.एम.जे.एण्ड कम्पनी।

पौडेल, विष्णुप्रसाद (२०६८), *उपन्यास समालोचना, प्रवृत्ति र विश्लेषण,* काठमाडौं : भुँडीपुराण प्रकाशन।

बराल, ऋषिराज (२०६३), *उपन्यासको सौन्दर्यशास्त्र,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

बराल, कृष्णहरि, एटम नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

बस्नेत, बसन्त (२०७२), 'ती एक कार्बनपी', *कान्तिपुर दैनिक पत्रिका,* काठमाडौं : कान्तिपुर पब्लिकेसन्स।

बाँस्कोटा, गिरिराज (२०७२), 'उत्तरवर्ती सोचका साधक', *नागरिक दैनिक पत्रिका,* काठमाडौं : नेपाल रिपब्लिक मिडिया।

लावती, डिगध्वज (२०६८), 'थाम्सुहाङ इतनिम्हामा असफल सम्बन्धका कारणहरू : एक अभिव्यक्तिवादी अध्ययन', स्नातकोत्तर शोधपत्र, धरान–सुनसरी, महेन्द्ररत्न बहुमुखी क्याम्पस।

लिम्बू, पदमबहादुर (२०७१), 'थाम्सुहाङ पुष्प सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण', स्नातकोत्तर शोधपत्र, इलाम, महेन्द्ररत्न बहुमुखी क्याम्पस।

वल्लभ, ईश्वर (सन् २००७), 'किनारा लाउनु साहसी काम होइन', *विश्व परिक्रमा* वर्ष–१, अङ्क–२, वासिङ्टन डि.सि. यू.एस.ए.।

शर्मा, सुकुम (२०७६), *नेपाली भाषा–साहित्यमा आन्दोलन,* भोटाहिटी, काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि.।

सापकोटा, विजय (२०६७), 'अदृश्य व्यथा : एक परिचयात्मक टिप्पणी', *जनमत,* वर्ष–२७, अङ्क–७, पूर्णाङ्क–१५६, बनेपा–काभ्रे : जनमत प्रकाशन।

सुदामा, देव (२०६७), 'लिम्बू भाषा–साहित्य उज्वल नक्षत्र पुष्प 'सुभा' थाम्सुहाङ', *जनमत,* वर्ष–२७, अङ्क–७, पूर्णाङ्क–१५६, बनेपा–काभ्रे : जनमत प्रकाशन।

सुब्बा, थाम्सुहाङ पुष्प (२०३०), *अदृश्य व्यथा,* दार्जिलिङ : श्री राजप्रकाशन।

सुब्बा, थाम्सुहाङ पुष्प (सन् २००५), *कुल्चिएको अस्तित्व,* सिक्किम : निर्माण प्रकाशन।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

## अन्तर्वार्ता

जवेगु, राजेन्द्र (२०७६), फेदेन–१, पान्थर, प्रदेश नं.–१, नेपाल, भदौ–२०, २०७६।

तावा, भवानी (२०७५), फेदेन–१, प्रदेश नं.–१, नेपाल, असार–५, २०७५।

तावा, भवानी (२०७६), फेदेन–१, प्रदेश नं.–१, नेपाल, असोज–१५, २०७६।

मुरिङला, बि.बि. (२०७५), लिङ्चोम् गाउँ, पश्चिम सिक्किम, भारत। पौष–१५, २०७५।